nepalmag.com.np

ISSN 2631-2298

9 772631 229006

आइतबार • ५ असोज २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

सर्वोच्च अदालत मुद्दा फाँटको दराजमा राखिएका मिसिल र न्याय परिषद्द्वारा पदमुक्त न्यायाधीशत्रय विश्वमंगल आत्रेय, उमेशकुमार सिंह र ओमकार उपाध्याय

इमान हरायो श्रीमान्

- न्यायालयमा बेथिति र भ्रष्टाचार
- न्याय सम्पादनमा झन्झन् ढिलाइ
- मुद्दाको चाङ थपियो, फैसला घट्यो

‘पपुलिज्म’ : नयाँ सामाजिक महामारी | प्रचण्डको आलोकाँचो कूटनीति



Marvel®
FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems
सुरक्षा घरको
साथ जीवनभरको...
गुणस्तरिय
PLUMBING
का लागि अपनाउनुहोस्
Marvel का
Piping System
Marvel® FLOWGUARD PLUS CPVC PLUMBING SYSTEMS
For Hot & Cold Water Distribution
Marvel® Aquaflo
uPVC Pressure Pipe for Drainage & Water Supply
Marvel® DURADRAIN
Under Ground Drainage Pipe
Marvel® SafeDuct
Fire Resistant uPVC Conduit Pipes & Fittings
NEPAL STANDARD CERTIFICATION MARK
NSF pw
NSF certification for CPVC pipes*
UKAS MANAGEMENT SYSTEMS
ISO 9001:2015
Pb
Lead-free
Only those products marked NS/NSF are certified
Marvel Technoplast Pvt. Ltd.
www.marvel.com.np

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने ग्र १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500
gradesteels
UTM TESTED
TMT STEEL BARS



From mastering tricky conversations at a workplace to sharpening your resume for the right job, every Monday, The Post brings to you the right mix of guidelines, analysis and stories on leadership, management, and human resources.

kathmandupost.com/escalate

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

Smart Appliances P Limited

CORPORATE OFFICE:
CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119

COMPANY SHOWROOM:
KATHMANDU: CHARKHAL, DILLIBAZAR, TEL: 01-4436920
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD, TEL: 021-522758

FOR SERVICE:
Toll Free No.: 16600110090, For Dealership: 9801105114

हिमाल

आइतबार, ५ असोज २०७६ (वर्ष २०, अंक ८)
Nepal National Weekly, 22 Sept 2019 (Vol. 20, No. 8)



जनोत्तेजक प्रियतावादको महामारी

|१८

डेंगु आजको राजनीतिक मुद्दा

|२८

प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
पर्सोनाज २.० | ११
स्मरण | १५
निरपेक्ष राज्य | ३६
छियाछिया पहाड | ३८
निर्जन महादेशमा डुल्दा | ४५
महादेशका महाकवि | ४८
पुस्तक | ५०
तीन किताब | ५१
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

१२
हाम्रो नेपालमा
गिरहतले दिएको पुस्तैनी पीडा

१६
संवाद
'पार्टीमा यतिसम्म धोका सोचेकै थिइनँ'

२४
अपराध
अपरिपक्व अनुसन्धान

२६
कूटनीति
आलाकाँचा प्रचण्ड

३०
आवरण
त्राहिमाम् न्यायाधीश, खस्कँदो जनआस्था

३९
उद्यम
फोहोरबाट फलिफाप

४६
रङ
जोगी आत्मा

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २२ भदौ २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

हामी देख्छौं
अपार संभावना
किसान मात्र होइन
अब हाम्रो साथमा कृषि उद्यमी
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

प्रतिक्रिया

फितलो कानुन

नेपालमा एकपछि अर्को अपराधकर्ममा विदेशीको संलग्नता भेटिनुको प्रमुख कारण फितलो कानुन नै हो *(विदेशीको अपराध भूमि, २९ भदौ)* । कमजोर कानुनको छिद्र फेला पारेर विदेशीले नेपालमा अपराधलाई बढावा दिएको देखियो ।

सामाजिक सेवाका नाममा होस् वा पर्यटकीय भिसामा, नेपाल आएका विदेशी बढीजसो गैरकानुनी धन्धामा लागेका रहेछन् । अपराध गरेपछि कारबाहीबाट बच्न सकिने हुँदा विदेशीले नेपाललाई कर्मथलो बनाएको प्रस्टै देखिन्छ । नेपालमा विदेशीले बालयौन दुराचार, लागूऔषध, जाली भिसा र मुद्रा, मानव बेचबिखन, ओभर स्टेलगायत प्रकृतिका कसुर गरिरहे पनि उनीहरूमाथि सजाय हुन सकेको छैन ।

■ **केशवराम खत्री**
गोदावरी नगरपालिका, ललितपुर

अनुदानमा रजाइँ

किसानलाई उपलब्ध गराइने अनुदानमा पनि पहुँचवाला र टाठाबाठाको रजाइँ चल्दो रहेछ *(किसानका नाममा स्वाहा, २९ भदौ)* । साना तथा मझौला किसानलाई सरकारले उपलब्ध गराउने रकममा बदमासी गर्ने मात्र नभई कागजमा खेती गरेको देखाएर अनुदान लिने पनि यसमा दोषी छन् । किसानलाई प्रोत्साहन गर्न कृषि तथा पशुपक्षी मन्त्रालयबाट सञ्चालित दुई दर्जन कार्यक्रम, परियोजनाको उपलब्धि निराशाजनक हुनुमा रकम दिने र लिने दुवैको दोष देखियो । कामै नगरी अनुदान लिने फर्जी किसान र अनुगमनबिनै रकम दिने सरकारी पदाधिकारीमाथि कारबाही गर्न सकिए मात्र वास्तविक खेतीवालले राहत पाउने थिए ।

■ **द्वारिका रोका**
तुल्सीपुर उपमहानगर, दाङ

पूर्वएमाले सकिने त्रास

नेकपाका दोस्रा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' लाई नेतृत्व नदिन मन कुँडिएका पूर्वएमाले नेताहरू एक हुन थालेछन् *(दूरी घटाउने, समीकरण ब्युँताउने, २२ भदौ)* । नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी ओलीसँगको झाझाझझले यसमा भूमिका खेलेको देखियो । नेकपाभित्र पनि कुन समूहले पार्टी कब्जा गर्ने भन्ने रडाको हो, यो । पूर्वएमालेलाई मुलुकभर फैलाउन योगदान पुऱ्याएका नेता माधव नेपाललाई स्पेस नदिँदा झगडा सतहमा देखिएको हो ।

■ **ओमशंकर थारु**
तिलोत्तमा नगरपालिका, रूपन्देही



प्रतिक्रियाका लागि
nepalpatra@kmg.com.np
लेख रचनाका लागि
nepalmag@kmg.com.np

@NepalMagazine
@NepalMagazine
@nepalmagazine

ट्वीट

क्राइम ल्यान्ड
Binaya Jyoti@beenay_sapkota

हामी गरिब हुनुको फाइदा अरूले उठाउँदै छन् । प्रतिस्पर्धामा जानैपर्ने बाध्यताजस्तै आइलाग्ने भयो अब त । चुप लागेर बसे आफैं सकिन्छौं ।

आफैंसँग तर्सेका गणतन्त्रवादी
Gagan Thapa@thapagk

आफैंसंग तर्सेका गणतन्त्रवादीलाई विष्णु सापकोटाको यो लेख एक पटक जसरी पनि पढाउन आवश्यक देखियो ।

राम्ली लेकका गोठाला
narayan wagle@narayanwagle

वस्तुभाउसहित अन्नपात बोकेर उकाली-ओराली गर्दै वर्षमा चार-पाँच ठाउं बसाइँ सर्ने दैनिकी ।

हल्लैहल्लाको देश र 'स्मल कन्ट्री सिन्ड्रोम'
SumiBhardwaj@sumidel

जहाँसम्म भारतको प्रसंग छ, नेपाल सानो देश हुनुको हीनभावबाट माथि कहिले उठ्ला ? हामी भूपी शेरचनले लेखेझैं हल्लैहल्लाको देशका नागरिक कहिलेसम्म भइरहने होला ? भारतीय अनेक काण्डमध्येको यो उपन्यास काण्डले के एउटा गतिलो पाठ पढाउन सक्ला र नेपालीलाई !

Humanity,Neutrality@subhash521260

लेखेको कुरो कति सत्य वा असत्य हो । हामी आम पाठक र जनताले थाहा पाउने कुरो भएन । तर जुन हिसाबले हाम्रा नेता र उच्च व्यक्तित्वले विभिन्न दूतावास र राजदूतसंग प्रोटोकल नाघेर सामान्य छात्रवृत्तिका लागि हिमचिम बढाएको देखिन्छ । किताबमा लेखेको कुरालाई सीधै नकार्न सकिएलाजस्तो लाग्दैन ।

पोस्ट

किसानका नाममा स्वाहा
Shreekamal Dwivedi

धेरै रकम राजनीतिक कार्यकर्ता र आफन्तले भूटा योजना बनाएर खाए । सही कृषकले कमै पाए ।

अब निर्देशनतिर
Bhim Thapa Thapa

निर्देशन गर्ने आँट लिनु नै आफूभित्र रहेको क्षमताको प्रयोग गर्नु हो । यो अत्यन्तै संवेदनशील र फराकिलो मस्तिष्क कार्य हो । एउटा सानो गल्तीले सम्पूर्ण सिनेमा निरस हुन सक्छ, लगानी डुब्न सक्छ । त्यसैले फराकिलो साथै फरक सोचाइ प्रयोग गर्नुपर्ने हुन्छ । महिला कलाकारले निर्देशनको जिम्मेवारी लिनु नै खुसीको विषय हो । तर यसलाई सफल बनाउन धेरै नै मिहिनेत चाहिन्छ । एकोहोरो सोचाइ घातक हुन सक्छ ।

स्काउटमा गिद्धेनजर
Prajapati Sachin

सतही विश्लेषण भए पनि स्काउटभित्र राजनीतिक भर्ती केन्द्र र लुटतन्त्र हुन पुग्नुमा दुईमत छैन । पर्दापछाडिका महापात्र धेरै छन् । भोटर संख्या आफूअनुकूल बनाउन बीटीसी-पीटीसीको संख्यात्मक वृद्धि र गुटबन्दीसाथ पुरानाबाट ०६० तिर सुरु भएको अस्वस्थ प्रतिस्पर्धा नै हालको स्थितिको बीज हो । गल्ती हामीबाट भएकाले दोहन गर्नेलाई संस्था सुम्पेर हुटिट्याउँजस्तै कराउनुको के तुक ?

BAJAJ
BAJAJ 15 YEARS OF LEADERSHIP
BAJAJ भविष्यवाणी
॥ अब कति जितिन्छ पहिल्यै देखिन्छ ॥
किन्नु अगाडि जित्नुहोस्
१ लाख
५० हजार
३० हजार
१० हजार
किनेपछि जित्नुहोस्
१ लाख
५० हजार
३० हजार
१० हजार
यो दशैं तिहारमा बजाज बाइक किन्नु अघि नै जित्नुहोस् रू.१,००,०००/-* सम्म ADVANCE CASH र किनेपछि फेरि रू.१,००,०००/-* सम्मको CASH PRIZE
DOMINAR 400 Rs. 5,29,900/-
Pulsar 200NS Rs. 3,19,900/-
Pulsar NS160 Rs. 2,86,900/-
Pulsar 220F DTS-i Rs. 3,14,900/-
Pulsar 180 DTS-i Rs. 2,79,900/-
Pulsar 150 DTS-i DTS-I TD Rs. 2,64,900/- DTS-I Rs. 2,53,900/-
AVENGER CRUISE 220 Rs. 3,39,900/-
AVENGER STREET 220 Rs. 3,19,900/- 180 Rs. 2,99,900/-
Discover 125 ST Rs.202,900/- DISC Rs.1,92,900/- DRUM Rs.1,85,900/-
PLATINA ES Rs. 1,64,900/-
SOLE DISTRIBUTOR FOR NEPAL
HANSRAJ HULASCHAND & COMPANY PRIVATE LIMITED Teku Road, Kathmandu, Ph. No: 4230001/4268088, Fax: 4220491, url: bajajauto.com.np
www.facebook.com/hhbajaj
Bajaj 24 x 7 HELPLINE 166001 75555 98015 75555
STATE 1: Ilam 520906, Birtamod 540724, Damak 582109, Pathari 556082, Itahari 585442, Biratnagar 526242, Inaruwa 561657, Dharan 533996, Khandbari 560499, Urlabari 541876, Biratchowk 545383, Gaighat 420966, Katari 450207, Diktel 9852849404, Duhabi 9805324834, Phidim 9851230099 | STATE 2: Rajbiraj 523545, Lahan 560987, Mirchaiya 550744, Siraha 520255, Janakpur 9801667828, Jaleshwor 520518, Bardibas 550639, Lalbandi 501564, Gaur 521599, Nijgadh 540079, Jitpur (Bara) 412170, Birgunj 523837, Kalaiya 551525 | STATE 3: Hetauda 522498, Parsa 583176, Narayanghat 571089, Tandi 563303, Bharatpur 526510, Kumaripati 5530187, Gongabu 4359039, Nayabaneshwor 4781946, Kalanki 4286015, Dillibazar 4435916, Baudha 4474716, Thimi 6631386, Bhaktapur 6611777, Lainchaur 4425579, Gwarko 5007553, Sukedhara 4650914, Maharajgunj 4720809, Battisputali 4465542, Banepa 660295, Charikot 421925, Balaju 4353150, Balkhu 4286377, Sitapaila 4286452, Tinkune 4117534, Nuwakot 561817, Satungal 9813687774, Dhading 521326 | STATE 4: Aabukhaireni 540482, Gorkha 421571, Lamjung 520953, Damauli 560399, Pokhara 522315, Baglung 520882, Jomsom 440290, Dulegauda 414373, Kawasoti 540906, Syangja 9805887122, Walling 412106 | STATE 5: Butwal 437849, Bardaghat 580387, Parasi 520048, Bhairahawa 521855, Jeetpur (4No.) 550249, Chandrauta 540123, Arghakhachi 420964, Pyuthan 460755, Ghorahi 560743, Tulsipur 523402, Rampur 400480, Tamghas 520419, Nepalgunj 522751, Guleriya 420375, Kohalpur 540320 | STATE 6: Surkhet 521979, Jumla 520205, Jajarkot 9861227937, 9812546392 | STATE 7: Lamki 540365, Tikapur 560807, Dhangadi 520892, Mahendranagar 520896, Dadeldhura 420116, Darchula 420300, Aatariya 550762

प्रवेश

सोझै



साताका चर्चित

सत्यमोहन जोशी
वाङ्मय शताब्दी पुरूष

ललितपुर महानगरद्वारा चित्रांकित स्मारिका सिक्का सार्वजनिक ।

मीरा राई
अल्ट्रा धाविका

अमेरिकाको वेस्टक्लिफ युनिभर्सिटीद्वारा मानार्थ विद्यावारिधि ।

सावित्रा भण्डारी
फुटबलर

नेपालका लागि अन्तर्राष्ट्रिय फुटबलमा सर्वाधिक गोल गर्ने कीर्तिमान ।

प्रिन्स दाहाल
ब्याडमिन्टन खेलाडी

दुबई जुनियर इन्टरनेसनल ब्याडमिन्टन सिरिजमा पुरूष एकल र मिश्रित जोडी दुवैतर्फ जित ।

नरेश थापा
गृहमन्त्रीका भाइ

निर्माण व्यवसायी, ठेकेदार तथा उद्यमीलाई धम्क्याएर फिरौती असुलेको प्रमाणित भएपछि पक्राउ ।

मुलुकबाहिर

रूखसँग बिहे

भनिन्छ, एक बारको जुनीमा मान्छे भएर जन्मेपछि केही न केही योगदान गर्नुपर्छ रे । यो कुरालाई बेलायतकी केट कनिङ्घम, ३४, ले निकै गम्भीर रूपमा लिइन् ।

मिररडटकोडटयुकेका अनुसार दुई सन्तानकी आमा केट यसै साता रिमरोज भ्याली पार्कको रूखसँग विवाह बन्धनमा बाँधिएकी छन् ।



विवाहपछि महिलाले श्रीमान्को थर अपनाउने चलन छ । केटले पनि रूखको थर केट रोज एल्डर राखेको उक्त वेबसाइटले जनाएको छ ।

विवाहमा उनले जैतुनको हरित पहिरन लगाएकी थिइन् । उनको यस कार्यमा प्रेमीको साथ रहेको बताइएको छ । खासमा रूख मासेर नयाँ बनाउन लागेको सडकको विरोध गर्न उनले रूखसँग विवाह गरेकी थिइन् । प्रदूषण बढिरहेका बेला रूख काट्न नहुने केटको भनाइ छ । उनको यो कार्यमा स्थानीयले पनि सहयोग गरिरहेका छन् । ३ माइलको बाइपास सडक निर्माण रोक्न स्थानीयले न्याली निकालिरहेका छन् ।

अभियानका लागि रूखसँग विवाह गर्ने केटको आइडिया नौलो भने होइन । मेक्सिकोकी एक महिलाले गैरकानुनी बसोबास रोक्न रूखसँग विवाह गरेकी थिइन् । यस्तै, एक महिलाले ३ सय वर्ष पुरानो डाँकु भूतसँग विवाह गरेकी थिइन् । पछि उनले त्यो भूतसँग सम्बन्ध विच्छेद गरेको बताएकी थिइन् । ने

त्यस बखतको **नेपाल**

टेम्पो चढ्ने कन्सल्टेन्ट

'विदेशी परामर्शदाता' भन्नेबित्तिकै हाम्रो मस्तिष्कमा एउटा तस्बिर बन्छ । विशाल घर, बागबगैंचा, नीलो प्लेट भएको चम्कने गाडी, नोकरचाकर, गार्ड... इत्यादि । विदेशी सहायता रकमको ठूलो अंश आफ्नो निजी तलब, भत्ता र सुविधाहरूमा उपयोग गर्ने विदेशी कन्सल्टेन्टहरूको बाहुल्य रहेको नेपालमा केही सुखद अपवादहरू पनि छन् । अपवादमध्ये एक हुनुहुन्छ- डा मरबिन बेगन ।

त्रिवि शिक्षण अस्पतालमा 'न्युरो सर्जरी युनिट' स्थापना गराउन महत्त्वपूर्ण योगदान दिने स्वयंसेवक डा बेगन एक मध्यमवर्गीय नेपालीझैं एउटा फ्ल्याटमा डेरा गरेर बस्नुहुन्छ । उहाँको फ्ल्याटमा फ्रिज, टिभी, भिडियो, कार्पेट आदि केही छैनन् । बेतको खाट, दुई/चार बेतकै कुर्सी र साधारण राडी तथा भान्छामा केही भाँडाकुँडाबाट जीवन निर्वाह गर्ने डा बेगन हिँडेर अस्पताल जाने गर्नुहुन्छ । सहर आदि जाँदा 'टेम्पो' वा ट्याक्सी प्रयोग गर्नुहुन्छ ।

नेपाल, १५-३२ साउन २०५७

सुरेश किरण

दूधको मूल्य

सरकारले दूधको भाउमा थोरै वृद्धि गरेको छ । लिटरमा ६ रूपैयाँ । दूधले जति पोषण दिन्छ, त्यसको अगाडि बढेको मूल्य केही पनि होइन । तर मानिस यसको पनि विरोधमा लागेका छन् । सरकारले दूधको भाउ बढायो भनेर विरोध गरिरहेका छन् । सरकारले दूधमा मात्र होइन, रक्सीमा पनि भाउ बढाइरहेको छ । हरेक वर्ष बजेट आयो कि रक्सीको भाउ बढिहाल्छ । तर रक्सीमा जतिसुकै भाउ बढाए पनि आजसम्म कुनै जड्याँहाले सरकारको विरोध गरेको मैले देखेको छैन । रक्सीमा जति भाउ बढाए पनि जड्याँहाले केही भन्दैनन् । न टायर बाल्छन्, न त सडक जाम गर्छन् ।

तर यो दूध खानेहरूको ताल हेर्नुस् त, लिटरमा ६ रूपैयाँ के बढेको थियो, हल्ला मच्चाए । सरकारलाई सहयोग गर्ने भन्ने त भावनै छैन । बरू जड्याँहालाई हेर्नुस्, रक्सीमा जतिसुकै भाउ बढाए पनि कुनै विरोध नगरीकन सरकारलाई सहयोग गरिरहेका छन् । यसैबाट थाहा हुन्छ, सरकारलाई जड्याँबाट ठूलो सहयोग प्राप्त भइरहेको छ । एउटा जड्याँहाले जति पनि सभ्य मानिसले सरकारलाई बुझ्न नसक्नु बडो अफसोचको कुरा छ ।



आर्यघाटमा राष्ट्रगान

दुःखद कुरा । मित्र भजनलालका हजुरबाउ उमेर नपुग्दै बिते । राजनीतिमा साह्रै रूचि राख्ने । ठूलो पदमा पुगेका थिएनन् तर कार्यकर्ताचाहिं लामै समय बने ।

रीतिअनुसार पार्थिव शरीर पशुपति आर्यघाट पुऱ्याइयो, अन्त्येष्टि गर्न । अन्त्येष्टिमा मानिस आउँदै थिए । मृत शरीरलाई चितासम्म राख्ने काम पनि सम्पन्न भयो । हुन त त्यहाँ अरू पनि मृतकको अन्त्येष्टि हुँदै थियो । तर कसैलाई कसैको वास्ता थिएन । वास्ता राख्ने कुरा पनि भएन । आफ्नो मान्छे मरिरहेको छ, कहाँ अर्काको चिन्ता राख्नू । त्यसमाथि शोकाकुल भजनलालले अरूतिर हेर्ने त कुरै भएन । चितामा राखिएको मृत शरीरमाथि दागबत्ती दिने तयारी हुँदै थियो । अचानक भजनलालका मृत हजुरबाउ त चिताबाटै जुरूक्क उठेछन् । वातावरण एक्कासि कोलाहलमय हुन पुग्यो । दागबत्ती दिन ठिक्क पारेको लाश जुरूक्क उठ्यो भनेपछि कोलाहल नहुने कुरै भएन । कोही त भागाभाग पनि भए ।

यो के-कसो भएको हो, ठम्याउनै सकिरहेको थिइनँ । मृतक हजुरबाउ भने जुरूक्क उठेर ठिंग उभिएको उभियै छन् । किन यस्तो अवस्था आयो, कसैलाई थाहा भएन । दुई मिनेटपछि मृतक हजुरबाउ फेरि थचक्क बसे । अनि सुते । फेरि मरे । खास के रहेछ भने आर्यघाटमा आरती गर्ने बेला भएको रहेछ । आरती गर्नुअघि राष्ट्रगान बजाउने चलन छ । राष्ट्रगान बज्नेबित्तिकै भजनलालका हजुरबाउ जुरूक्क उठेका रहेछन् । राष्ट्रगान सकिनेबित्तिकै उनी पुनः चितामा सुतेका रहेछन् ।

अपराधमा विदेशी

आकारमा नेपाल अत्यन्तै सानो देश हो । तर देश सानो भए पनि यहाँ अपराध भने ठूलै हुने रहेछन् । *नेपाल* म्यागजिनको गत अंक पढ्दै थिएँ । त्यो पढेपछि थाहा भयो, नेपाल त विश्वभरिकै अपराधीको केन्द्र बनिसकेको रहेछ । बालयौन दुराचारी पनि यहीं, लागूपदार्थ तस्कर पनि यहीं, सुन तस्कर पनि यहीं, मानव तस्कर पनि यहीं । अब हुँदाहुँदा उच्च प्रविधिको एटीएम डकैती पनि यहीं । अपराधका जति पनि विधा छन्, त्यसमा यदि कुनै विदेशीले हात हालेका छन् भने त्यो नेपालमै बसेर हालेका हुन सक्छन् ।

हामी सुनिरहेका छौं वा देखिरहेका छौं, नेपालको राजनीतिमा विदेशी हस्तक्षेप छ । राजनीति मात्र होइन, नेपालको आर्थिक, सामाजिक, मनोरञ्जन, बौद्धिक जे विषयमा पनि विदेशी हस्तक्षेप छ । अब हुंदाहुँदा अपराधमा समेत विदेशी हस्तक्षेप बढ्न थालिसक्यो । मेरो चिन्ता यहींनेर हो । अपराधसमेत विदेशी हस्तक्षेपबाट मुक्त छैन भने पछि अरू क्षेत्र झन् कति मुक्त होला ? यसबाट के थाहा हुन्छ भने नेपालमा हुने कुल अपराधमा समेत नेपाली जनताको पकड गुम्दै गइरहेको छ । अर्थात्, अपराधसमेत विदेशीको पोल्टामा जान थालिसकेको छ । अब भन्नुस्, यो देशको अपराधसम्म त हामी नेपालीको हातमा छैन भने अरू केचाहिं होला ? एउटा नवराष्ट्रवादी भएको नाताले यो प्रश्नले मलाई निरन्तर झोसिरहेको छ । वास्तवमा हाम्रो राष्ट्रियता कति खतरामा छ, यहींबाट पनि बुझ्न सकिन्छ ।

स्वप्नदंश

[पर्सोनाज २.०]

कुमार नगरकोटी

अलार्म क्लकको जागरण घन्टी बज्यो ।

पलङकी स्वप्नवती शिवानीसिंह थारूको निद्रा खलबलियो । उसको एक जोर आल्मोन्ड आँखा सिलिङमा स्थिर भयो । सिलिङमा एउटा किङसाइज्ड छेपारो थियो । अचल एवं शान्त । लाग्थ्यो, ध्यान गरिरहेको तपस्वी हो । खस्यो । फ्यात्त । ब्लाङ्केटमा ।

उसले जीवनलाई हातले हल्का स्पर्श गरी । गिलो-गिलो, खस्रो-खस्रो । सरीसृप चलमलाएन । सम्भवतः मरिसकेको थियो । त्यसलाई दुई औंलाबीच झुन्ड्याउँदै ऊ ओछ्यानबाट उठी । र, डस्टबिनमा लगेर मिल्काइदिई ।

"गुड मर्निङ, ब्ल्याक ब्युटी !" पिँजडाको सुगाले अभिवादन गर्दै भन्यो, "आजको तिम्रो प्रोग्राम के छ ?" ब्ल्याक ब्युटीले भनी, "एउटा किताब समारोहमा जानु छ ।" हरित पन्छीले आग्रह गऱ्यो, "आज त शनिबार, मलाई पनि कतै जानु छ ।" पिँजडाको ढोका खोलिदिँदै शिवानीले भनी, "जा, सहर चहारेर साँझपख फर्की आ । ओके ?"

ओके भन्दै सुगा पिँजडाबाट बाहिरियो । पखेटा फडफडायो । बेडरूममै दुई फन्को भुर्रभुर्र गरेपछि झ्यालबाट उडियो ।

कसैले द्वारघन्टी बजायो ।

शिवानीलाई लाग्यो, अखबार-मानव आइपुग्यो । उसले ढोका खोलिदिई । किन्तु आशाविपरीत आफ्नो सामुन्ने डा बाबुराम भट्टराईलाई देखेर ऊ अलमलमा परी । ट्र्याकसुटमा सजधजिएका बाबुरामको हातमा *काठमाडौंमा एक दिन* थियो । अभिवादनको आदानप्रदानपछि बाबुरामले भने, "शिवानीजी, हिजो राती तपाईंको उपन्यास पढेर सुतेँ । सपनामा तपाईंलाई देखेँ । स्वयंलाई पनि देखेँ । म त मृत छेपारोमा कायाकल्प भएकै रहेछु । तपाईंले मलाई डस्टबिनमा मिल्काइदिनुभयो ।"

पूर्वप्रधानमन्त्रीको छेपारे कुरा सुनेर शिवानी झसंग भई । उसलाई आफ्नो दिमागमा छेपारो सल्बलाएजस्तो लाग्यो । "रातभरि निदाउन सकिनँ," बाबुरामले भने, "एनिवे, यो किताबमा दस्तखत गरिदिनुहुन्छ कि !" शिवानीले दस्तखत गरिदिई ।

यस्तैमा सेलफोनको आर्तनादले उसलाई बोलायो । एक्स्क्युज मी भन्दै ऊ बेडरूमतिर गई र फोन रिसिभ गरी । "मैले तिम्रो सपना देखिबक्सेको थिएँ," कसैले राजकीय लवजमा भन्यो, "सपनामा म सुगा भइबक्सेको थिएँ । राजतन्त्रको पिँजडाभित्र शाहवंशीय बन्दी भइबक्सेको थिएँ । तिमीले मलाई मुक्त गरिदियौ । शिवानी, तिमीलाई धन्यवाद ! श्री पशुपतिनाथले हाम्रो कल्याण गरून् ।"

हरित स्कुटीमा सवार शिवानी अखिल नेपाल प्रज्ञा-प्रतिष्ठानतिर गइरहेकी थिई । प्रतिष्ठानको डबलीमा आयोजित चैतन्य मिश्रको नयाँ किताब *लोकतन्त्र* र *आजको मार्क्सवाद*को विमोचन समारोहमा उसलाई पुग्नु थियो । पुतलीसडकको ट्राफिक जाममा फसी । छेवैको जगल्टे बाइकवालाले भन्यो, "शिवानीजी, तपाईंले मलाई किन डस्टबिनमा मिल्काइदिनुभएको ?"

शिवानीले निजलाई आश्चर्यचकित नजरले हेर्दै भनी, "तपाई को पर्नुभयो होला कुन्नि !" निजले संक्षिप्त उत्तर दियो, "छेपारो !"

बिहानैदेखि यो के भइरहेको हो ? ऊ अचम्म मानिरहेकी थिई । जो कसैले पनि उसलाई सपनामा देखेको कुरा गरिरहेका थिए । मल्टिपल अचम्म त झन् त्यसबेला भई, जब डबलीमा भेला भएका कवि, लेखक, कलाकारले पालैपालो ऊसित भने, "इट वाज् अ नाइस ड्रिम यु सी !"

किताब विमोचनलगत्तै आफ्नो बोल्ने पालो आएपछि समारोहमा उपस्थित दर्शक-श्रोतालाई माइकबाट सम्बोधन गर्दै मिश्रले भने, "आज हामी शिवानीसिंह थारूको सपनाभित्र यसरी भेला भएका छौं । तसर्थ यो एक स्वप्निल समारोह हो । सपनाको यो अद्वितीय जमघट सर्वाधिक सुखद हुन गएको छ ।"

अखिल नेपाल प्रज्ञा-प्रतिष्ठान परिसर तालीको गडगडाहटले गुञ्जायमान भइगयो । यस्तैमा हेर्दाहेर्दै डबलीको प्याराफिटमा बसेका दर्शक-श्रोता छेपारामा कायाकल्प हुँदै यत्रतत्र चलमलाउन थाले । सलबलाउँदै तितरवितर भए । अन्त्यमा दुई जना सग्ला मनुख्खे मात्र बाँकी रहे । गुरू चैतन्य र शिष्या शिवानी !

गुरू : म केही कन्फ्युज्ड भएँ शिवानी । खासमा तिम्रो सपना हो या मेरो ?

शिष्या : मलाई अहिले के महसुस हुँदै छ भने यो न मेरो सपना हो, न त तपाईंको नै ! वास्तवमा यो अरू नै कसैको सपना हो ।

गुरू : यो कसको सपना हो त्यसो भए ? हु इज ड्रिमिङ अस् ? हु इज द ड्रिमर ?

शिष्या : मेरो स्कुटीमा बस्नुस् सर ! हामी अब त्यो अज्ञात ड्रिमरको खोजमा निस्कौं ।

शिवानीले स्कुटी स्टार्ट गरी । एक प्रति *लोकतन्त्र* र *आजको मार्क्सवाद* च्यापी । मिश्र पछिल्लो सिटमा बसे । त्यसपछि गुरू-शिष्या सपनाको अर्को संघीय प्रदेशतिर लागे ।

क्लोज-अप

झ्यालबाट छिरेको सुगा मेरो राइटिङ टेबलमा आएर बस्यो । लगत्तै सोधिहाल्यो, "मिस्टर नगरकोटी, कथाको के-कस्तो प्रगति छ ? लेखेर सकियो ?" मैले भनेँ, "सकियो ।" कथाको ड्राफ्ट हेर्दै उसले पुनः सोध्यो, "शीर्षक चैं के हो नि ?" मैले भनेँ, "स्वप्नदंश !" ने

गिरहतले दिएको

कोविद सदाय मुसहर र
पत्नी मञ्चौ परिवारका साथ

पुस्तैनी पीडा

भरत जर्घामगर/सिरहा

घामपानी अनि निधारमा निस्किने चिटचिट पसिना नभनेरै परिश्रम गर्छन्, फुलेश्वर सदाय मुसहर, ५९ । बुद्धयौलीमा उनको त्यही थाप्लोमा १ लाख २८ हजार रुपैयाँ ऋणको भारी छ । त्यसैले शारीरिक श्रमलाई उनी 'ऋण' को पर्यायवाची मान्छन् ।

सिरहा लक्ष्मीपुर पतारी-४ धन्छबारका भूमिहीन सुकुम्बासी दलित परिवारका फुलेश्वरका चार भाइ छन् । उनका बुबा नथुनीले गिरहत (मालिक) विल्सा यादवको घरखेतमा हलो जोतेरै छोराछोरी हुर्काए । दाजुभाइमध्ये साइँला फुलेश्वर बुबा नथुनीका विश्वासपात्र थिए । सानोमा फुलेश्वर बुबाले माटो काट्दा, जोत्दा आफूभन्दा अग्लो हलोको लगना समाउन पुग्थे । तर नथुनीका त्यही छोरा फुलेश्वर गिरहतको ऋण तिर्न संघर्षरत छन् । भन्छन्, "गिरहतको ऋण तिर्न नसकी मरिएलाजस्तो छ ।"

फुलेश्वरका चार दाजुभाइमध्ये माइला गुल्टेन कल्याणपुरमा छोरीसँगै बस्छन् । चार भाइमध्ये जेठा सैनीको मृत्यु भइसकेको छ । उनको र कान्छा रवि बुबाको परिवार नथुनीको १० धुर गाउँ ब्लक जग्गामा बसेको छ । साढे तीन धुर जग्गामा दुई परिवारका सदस्य दुःखकष्ट गरेरै भए पनि फुसको घरमा बसिरहेका छन् । फुलेश्वर गिरहत भोगी यादवको घरमा सानैदेखि नोकरी गर्थे भने पछि पत्नी भालसेर र चार भाइ छोरा र एक छोरी धनेश्वरीसमेतले काम गरे । फुलेश्वरको जीवन नै भोगीको घरमै चल्यो । अहिले पनि गुजाराको माध्यम तिनै भोगी हुन् । फुलेश्वर भन्छन् "सानैदेखि भोगी मालिकको काम गरेँ । अहिले पनि मालिक भोगीकै निगाहमा चुल्हो बलेको छ ।"

फुलेश्वरका चार भाइ छोरा बेचु, गंगा, रामस्वरूप, बिन्हु हुर्किएपछि भोगीको घरमै काम पाए । उनी छोरा हुर्किएर काममा सघाए पनि खुसी धेरै दिन नटिकेको गुनासो गर्छन् । हुर्किएकी छोरी धनेश्वरीको तेनुवापट्टीबाट भएको मगनीअनुसार ओपिनसँग विवाह गरिदिए । विवाहका लागि उनले भोगीसँग १५ वर्षअघि ५ हजार ऋण लिएका थिए । विवाहमा तामझाम गरेर मुसहर समाजमा राम्रै इज्जत राखे । भालसेर सम्झन्छिन्, "त्यतिखेर गाउँले समाजले धनेश्वरी साँच्चै फुलेश्वर र भालसेरको घरमा धनकी देवी भएर जन्मिएकी रहिछन् भन्थे ।"

गिरहतको खेतीखोला हेर्नुपर्ने र छोरीको विवाहको ऋण तिर्नुपर्ने छँदै थियो, फुलेश्वर र भालसेर दम्पतीले । गिरहतको काम गरेरै उनीहरूले महिनामा दुई बोरा धान ऋण तिर्न थाले । "काम गरेर ऋण तिर्दै गएको छु । मजदुरीमा पाउने धान बुझाउँछु । बाँकी धान भात खाएर गुजारा चलाउँछु," फुलेश्वर भन्छन्, "ऋण सकिनुको साटो झन् बढेको बढ्यै छ ।"

ऋणमै फुलेश्वरले जेठा बेचु र गंगाको दुई छोराको बिहे गरिदिए । बेचु पटना ससुराली बस्छन्, साइँला रामस्वरूप मलेसिया रोजगारीमा छन् । कान्छो बिन्हु बाआमासँगै कृषि मजदुरीमा खट्छन् । गिरहतकहाँ काम गरी केही अनाजले ऋण र गुजारा चलाउँदै आएका फुलेश्वर उनै गिरहतले ऋण तिर्न दबाब दिएपछि भने छटपटीमा छन् ।

फुलेश्वरका छोरा गंगाले धनेश्वरीको विवाहमा लिएको ऋण काम गरेर सकियो होला भन्ठानेका थिए । भन्छन्, "बाबाले ऋण तिरिसके होलान् भनेर सोच्यौँ तर लाखौँ रुपैयाँ बाँकी रहेको सुनेर मरेतुल्य भएका छौँ । दैनिक ५ सय रुपैयाँ ज्यालामा काम गर्ने हामीजस्ता निमुखालाई गिरहतले त्यति धेरै ऋण छ भनेपछि कहाँबाट तिर्ने भन्ने पिरलो थपियो ।"

गिरहतले बारम्बार पैसा तिर्न ताकेता गरेपछि वैदेशिक रोजगारीमा रहेका भाइ रामस्वरूपले पठाएको ६४ हजार रुपैयाँ ५ साउनमा बुझाएको गंगा सुनाउँछन् । भाइलाई विदेश पठाउँदा गिरहतबाट ऋण नलिए पनि ठूलो रकम रहेको देखिँदा अनपढलाई जे भने पनि हुने रहेछ भन्ने लागेको उनको गुनासो छ ।

ऋण सघाउन भोगी यादवकहाँ काम गरिरहेका फुलेश्वर दम्पती गुनासो पोख्छन्, "ऋण सकिनुभन्दा पनि हामी दुवै त्यसको पिरलोले बित्छौँ जस्तो छ ।" गिरहतकैमा काम गर्दा पनि ऋण तिर्न दबाब दिने, हप्काउने र विदेशको छोरालाई पैसा पठाउन जोडबल गरिरहेको उनको दुखेसो छ ।

घरखर्च र छोरीको बिहेमा गरी नगद र अन्न जोड्दा अहिलेसम्म २ लाख नाघेको छ । तर गाउँले समाजको आग्रहमा छूट दिएर १ लाख २८ हजार रुपैयाँ बाँकी रहेको गिरहत भोगी यादव बताउँछन् ।

ऋणमाथि ऋण कसरी खप्टियो भन्ने प्रश्नमा गिरहत भोगी यादवले आफ्नैमा खेतबारीको काम गर्ने हुँदा सय कडा अढाई रुपैयाँका दरले मात्र ब्याज लिएको दाबी गरे । भन्छन्, "अझ कम भयो । अहिले पनि मेरैमा काम गर्छन् । आफ्नै परिवारका सदस्य मानेर फुलेश्वरलाई धेरै छूट दिएको हुँ ।"

फुलेश्वरजस्तै सिरहा धनगढीमाई-९ का कोविया सदाय मुसहरले गिरहत पवन घिसिङसँग १० हजार रुपैयाँ ऋण लिएर माहिली छोरी सुनिताको तीन वर्षअघि सप्तरी भेडियाका इन्दलसँग विवाह गरिदिए । सुनिताको ९ महिने काखे छोरी भइसक्दासम्म पनि कोविया र मञ्ची दम्पतीले त्यो ऋण तिर्न सकेका छैनन् । उनीहरूको थाप्लोमा अझै पनि ७ हजार रुपैयाँ ऋण छ । कोविया भन्छन्, "हामी दुवै गिरहत पवनकैमा काम गरेर गुजारा चलाउँछौँ । हलो जोत्ने, खेतको आली धुरदेखि धान, बियाँ उखेल्ने काम गर्छु, मञ्चीले गिरहतको धान रोप्नेदेखि घरखेतको काम गर्छे । त्यसैबाट रकम र अन्न ल्याएर अलिअलि ऋण र घर खर्च चलाइरहेका छौँ ।" उल्टै गिरहत पवनले कामबाट पनि हटाइदिएका र अन्यत्र काम गरेर ऋण तिर्न दबाब दिएको कोविया दम्पतीको गुनासो छ ।

०६८ सालको जनगणनाअनुसार २ लाख १७ हजार घरधुरी मुसहरको एक टुक्रा पनि जमिन छैन । मजदुरी गरी गुजारा चलाउँछन् । १० लाख ३० हजार घरधुरीको खेतीका लागि आफ्नो जग्गा छैन । तीमध्ये अधिकांश गुजाराका लागि गिरहतको मजदुरीमा खट्छन् । नेपालमा ४२ हजार ५३ हजार २ सय २० घरधुरीको बसोबास छ । भेडियाका इन्दल सदाय मुसहर ट्र्याक्टर चालक हुन् । वैदेशिक रोजगारीमा गएर टन्नै रकम कमाउन चाहन्छन् । तर सुकुम्बासी परिवारको भएकाले ऋण नपाएकै कारण विदेश जान पाएका छैनन् ।

फुलेश्वर सदाय मुसहर, पत्नी भालसेर र नातिनी दीपिका

इन्दलजस्तै धन्छवारका विन्हु सदाय मुसहर पनि कृषि मजदुरी त्यागेर विदेशमा कमाउन जान चाहन्छन् । सुकुम्बासी भएकाले पैसाको जोहो गर्न सकिरहेका छैनन् । भन्छन् "गाउँका साहू-महाजनकहाँ ऋण माग्न गए पत्याउँदैनन् । जग्गा-जमिन धितो राख भन्छन् । जग्गा-जमिन छैन, गिरहतकहाँ गए ब्याजमाथि ब्याज तिर्नुपर्छ । विदेश गएर कमाउनुको केही अर्थ हुँदैन ।"

दलित हरुवा-चरुवा समुदायको सशक्तीकरणमा काम गरिरहेको सामुदायिक विकास मञ्चका अध्यक्ष विनोद चौधरी दलित समुदायमध्ये पनि मुसहर परिवार अतिविपन्न सूचीमा रहेकाले अधिकांशको थातथलोको समेत ग्यारेन्टी नहुँदा ऋणको भारीमा पिल्सिएको बताउँछन् । आईएलओको सर्वेक्षणअनुसार सिरहामा १८ हजार १ सय ६० हरुवा-चरुवा परिवार रहेको उनको भनाइ छ । भन्छन्, "पुस्तौँदेखि गिरहतको माटोसँग खेलेर जीविका चलाउन बाध्य हरुवा-चरुवा परिवारको आफ्नै नामको थातथलो नहुँदा असुरक्षा त छँदै छ, कतिपय गिरहतको ऋण तिर्न बँधुवा मजदुरका रूपमा काम गर्न बाध्य छन् । राज्यले बेलैमा सोच्नुपर्छ ।" ने

देश–दर्शनको नक्कल

राजा महेन्द्रका दाहिने हात सुरेन्द्रबहादुर शाहले दुर्गम क्षेत्र विकास समिति अध्यक्षको हैसियतले परिकल्पना गरेको लामा देश दर्शन कार्यक्रम नेपालमा मात्र नभई भारत र चीनमा समेत प्रख्यात भयो । तिब्बती सामाजिक ढाँचामा अभ्यस्त हिमाली क्षेत्रका बासिन्दालाई देशको मूल धारमा ल्याउन यसले ठूलै काम गऱ्यो ।

ताम्ला उक्याब

दुर्गम क्षेत्रका कार्यक्रम कार्यान्वयनमा लैजान शाहले काठमाडौँबाट सबैभन्दा नजिकको हेलम्बु भ्रमण गरे । त्यसको केही दिनपछि राजा महेन्द्र उनको निवास डिल्लीबजार गएका रहेछन् । शाहले हिमाली क्षेत्रका पञ्चभन्दा गुम्बाका लामालाई विकास निर्माणको 'फोकल प्वाइन्ट' का रूपमा अगाडि ल्याउन सुझाएछन् ।

शाहको मतमा राजा सहमत भएपछि लामाहरूको एउटा समूहलाई हामीले ०२८ सालमा काठमाडौं ल्याउने र देश दर्शन गराउने चाँजोपाँजो मिलायौं । तर राजाले ०२७ सालमै यो काम फत्ते गर्न निर्देशन दिए । तीन दिनपछि नै राजा महेन्द्र एकाबिहानै हेलिकप्टर लिएर हेलम्बुको तार्केघ्याङ पुगे । स्थानीय र प्रमुख लामासँग भेटेर राजा काठमाडौं फर्किए । भोलिपल्टै राजाले त्यहाँ गुम्बाको छाना मर्मत गर्न हेलिकप्टरबाटै जस्ता पाता पठाए ।

त्यतिबेला दुर्गम जिल्लाका सदरमुकाममै पर्याप्त सञ्चार सुविधा थिएन । ६५ जना लामा खोज्न वायरलेस सेटमार्फत दुर्गम जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई सम्पर्क गऱ्यौं । *रेडियो नेपाल*बाट समेत लामा दर्शनबारे प्रचार गरियो । सीडीओलाई कार्यक्रममा सहभागी हुने लामा र गुम्बाको नामसहित सरकारी खर्च दिएर काठमाडौं पठाउन उर्दी जारी भयो ।

विकट भूगोलका कारण रसुवा, धादिङ, दोलखा, सिन्धुपाल्चोक, सोलुखुम्बु जिल्लाका ३५ जना लामा मात्र काठमाडौं आउन सके । लामाको समूहलाई पाटन, बालाजु, हेटौंडा र पोखराको औद्योगिक क्षेत्र तथा स्वयम्भू, लुम्बिनी, बौद्धलगायतका धार्मिक स्थल अध्ययन भ्रमण गरायौं । यसको उद्देश्यचाहिं उत्तरी क्षेत्रका बासिन्दालाई मूलधारे विकाससँग नजिक्याउनु थियो । लामाहरूलाई प्रधानमन्त्री र राजासँग भेट गराएपछि देश दर्शन कार्यक्रम समापन हुन्थ्यो ।

राजासँग भेट्न लामाहरूलाई नारायणहिटी राजदरबार लैजानुपर्थ्यो । त्यतिबेला राजदरबारमा दौरा-सुरुवाल, टोपी र नेपाली नागरिकता नभएकालाई प्रवेश निषेधजस्तै थियो । तर देश दर्शनमा आएका ३५ जना लामासँग नेपाली नागरिकता रहेनछ । संस्कृतीकरणको हावा चलिरहेको समय यस्तो अप्ठेरोको गाँठो फुकाउन मैले अध्यक्ष शाहसँग आग्रह गरें । उनी तत्कालै राजा महेन्द्र भेट्न दरबार गए । शाहले ३५ लामाको समूहसँग नागरिकता नभएको र नेपाली टोपीबिनै दरबार पस्न निषेध रहेको कानुनबारे जिज्ञासा राखेछन् ।

राजा महेन्द्र संवेदनशील थिए । दरबार पस्दा टोपी नचाहिने बनाउनू र सबैलाई नागरिकता बनाइदिनू भनेछन् । त्यतिबेला राजधानी काठमाडौं र जिल्लाबाट समेत नागरिकता बन्थे । राजपत्रांकित विशिष्ट श्रेणी सचिवको दस्तखतले काठमाडौँबाहिरका मान्छेको नागरिकता बन्थ्यो ।

विकासशील विचारधाराका सचिव तारादेव भट्टराईले देश दर्शन कार्यक्रमस्थल जावलाखेल महेन्द्र युवालयमा राखिएका ३५ जना लामाको सिफारिसपत्रमा दस्तखत गरेपछि काठमाडौं सीडीओ कार्यालयले नागरिकता बनाइदियो । यसरी टोपीबिनै हामीले पहिलोपल्ट दरबारभित्र पसेर लामाहरूलाई राजा महेन्द्रसँग भेटघाटको वातावरण मिलायौं ।

छिमेकी भारत र चीनमा समेत लामा देश दर्शन कार्यक्रमको नक्कल गरियो । किनभने नेपालमा जस्तै भारत र चीनका लामाहरू पनि देशको मूल प्रवाहमा अटाएका थिएनन् । चीनले त तिब्बतसहितका अन्य प्रान्त गरी करिब ३ हजार लामालाई वार्षिक देश दर्शन गराएको थियो, नेपालकै कार्यक्रम नक्कल गरेर ।

चीन र भारतले नक्कल गर्न थालेपछि लामा दर्शन कार्यक्रम युनेस्कोबाट समेत प्रशंसित भयो । फ्रान्समा आयोजित सभामा नेपालले स्थानीय नेतृत्वलाई अगाडि बढाउन लिएको नवप्रवर्तनको प्रशंसा गर्दै युनेस्कोका विज्ञ कर्नेल जेस्टले कार्यपत्रसमेत प्रस्तुत गरेका थिए । राजनीतिज्ञभन्दा बढी प्रभाव भएका स्थानीय लामालाई अगुवा मानेपछि नै हिमाली क्षेत्र भावनात्मक रूपमा नेपालसँग जोडिन सके ।

देश दर्शनको फलस्वरूप स्थानीयमा यसको प्रभाव पर्न गई त्यस क्षेत्रका गुम्बा-घरघरका भित्तामा स्वत:स्फूर्त रूपमा तत्कालीन राजारानीका फोटा राख्न थालिए । तर ०४६ साल र खासगरी माओवादी द्वन्द्व सुरु भएसँगै घर-गुम्बामा राखिएका राजारानीका फोटा फ्याँकिए । त्यसले हिमाली क्षेत्रका वासिन्दा आफ्ना घर-गुम्बामा दलाई लामा (विदेशी) को फोटा राख्ने परिस्थितिमा पुगे, जुन अद्यापि कायमै छ ।

■ **प्रस्तुति : गोकुल अर्याल**

'पार्टीमा यतिसम्म

पञ्चायती कालमा १० वर्ष भूमिगत राजनीति गरेकी **अष्टलक्ष्मी शाक्य** तत्कालीन एमालेको नवौं महाधिवेशनबाट उपाध्यक्ष निर्वाचित भइन् । राज्यका सबै अंगमा एक तिहाइ महिला प्रतिनिधित्व सुनिश्चित भइसक्दा पनि सत्तारूढ नेकपाले महिलाविहीन सचिवालय बनाएकामा उनको असन्तुष्टि छ । आफूलाई प्रदेश ३ को मुख्यमन्त्री हुन नदिन राष्ट्रपति विद्यादेवी भण्डारीदेखि पार्टी अध्यक्ष केपी ओलीसम्म संलग्न रहेको उनको आरोप छ । शाक्यलाई **जनक नेपाल**का प्रश्न :

तस्बिर : सरोज बैजु

सत्तारुढ नेकपाको मूल नेतृत्वमा महिला छैनन् । किन ?

पूर्वएमाले होस् वा पूर्वमाओवादी, महिलाको त्याग र बलिदान कम छैन । लोकतन्त्र, गणतन्त्र ल्याउन पुरुषजत्तिकै महिलाको भूमिका छ । नेकपाको ९ सदस्यीय सचिवालयमा महिला छैनन् । सिंगो कमिटीमा पुरुष मात्र बस्दा अप्ठेरो मान्नुपर्ने हो ।

महिलालाई नेतृत्वमा ल्याउन नचाहनुको कारण ?

हामीले सामन्तवादी व्यवस्था फाल्यौं । तर आफ्नै नेताहरूको दिमागबाट हटाउन सकेनौं । नेताहरू पनि सामन्तवादी र पितृसत्तात्मक सोचले ग्रसित छन् । हैन भने यति ठूलो पार्टीको सचिवालयमा महिला पनि हुनुपर्छ भनिरहनुपर्ने हो र ? ४५ सदस्यीय स्थायी कमिटीमा दुई जना मात्र अटायौं । केन्द्रीय कमिटीमा ३३ प्रतिशत महिला सहभागिता छैन । यो त हामीले आफैंले स्थापित गरेको समानताको मुद्दाविपरीत हो । हामीले लामो संघर्ष गरेर संविधानमै राष्ट्रपति-उपराष्ट्रपति, सभामुख-उपसभामुख, स्थानीय सरकार प्रमुख-उपप्रमुखमध्ये एक महिला हुनुपर्ने व्यवस्था गऱ्यौं । यो पुरुषले अंशभाग दिने कुरा होइन । शीर्ष नेतृत्वले फराकिलो ढंगले सोच्नुपर्थ्यो ।

पार्टीका तल्ला कमिटी एकीकरणमा नेतृत्वमा कत्तिको महिला आए ?

त्यहाँ पनि स्थिति उस्तै छ । इन्चार्ज, अध्यक्ष र सचिव हुन योग्य धेरै महिला पन्छाइए । महिलाले सक्दैनन्, नेतृत्व पुरुषले लिनुपर्छ भन्ने मानसिकता देखियो ।

पार्टीमा गुटबन्दी पनि छताछुल्लै छ...

त्यो त भनिसाध्यै छैन । कम्युनिस्ट पार्टी अहिले विकृत भइसकेको छ । इमानदार पछाडि पर्ने र अवसरवादी अगाडि बढ्ने अवस्था छ । पहुँच र नाताका आधारमा योगदान वा क्षमता केही नभए पनि माथि तान्ने प्रवृत्ति छ । मन नपरेको मान्छे जतिसुकै क्षमतावान होस्, उसलाई मतलब गरिँदैन । यो विकृति नहटाएसम्म पार्टीका आम कार्यकर्ताको मनोबल बढाउन सकिँदैन ।

धोका सोचेकै थिइनँ’

दुई वर्षभित्रै महाधिवेशन हुने सम्भावना छ ?

अहिलेकै स्थितिमा पार्टी महाधिवेशनमा जान सक्दैन, जानु पनि हुँदैन । अहिलेकै वैचारिक, राजनीतिक अस्तव्यस्तता र संगठनले महाधिवेशन छिट्टै होलाजस्तो लाग्दैन । एकताको काम लगभग सकिएको छ । भावनात्मक एकता हुनै बाँकी छ । कमीकमजोरी सच्याएर पार्टीलाई एउटा पद्धतिमा ल्याएर मात्र महाधिवेशन गर्नु उपयुक्त हुन्छ ।

पूर्वएमालेका एक उपाध्यक्ष वामदेव गौतमलाई नेकपाको उपाध्यक्ष बनाउने प्रस्ताव गरिएको छ, तपाईं भने अझै सचिवालयबाहिर...

दुई भिन्न आन्दोलन, विचार र पृष्ठभूमिका कम्युनिस्ट पार्टी मिलेर नेकपा बन्नुलाई हामीले गर्वको विषय मानेका छौँ । यो चानचुने एकता थिएन । त्यसैले निर्वाचित उपाध्यक्ष त्यागेर एकतालाई सघाएकै हो । वामदेव कमरेडलाई उपाध्यक्ष बनाउन लागिएकामा मेरो भन्नु केही छैन । ९ सदस्यीय सचिवालयमा दुई महिला थपेर ११ सदस्यीय बनाउँदा के बिग्रिन्थ्यो ?

तपाईंलाई मुख्यमन्त्री बन्नचाहिँ कसले रोक्यो ?

भन्न हुन्छ-हुँदैन, त्यसमा राष्ट्रपतिजी पनि लाग्नुभयो । अध्यक्षले समेत चाहनुभएन । गुटबन्दी नगरिएको भए सांसदलाई होटलमा राखेर भोट हाल्ने बेला मात्र किन ल्याइयो ? सातमध्ये एउटा महिला मुख्यमन्त्री हुँदा कसैले छिः भन्थेनन् होला । मलाई चुनावदेखि भाग्ने तपाईं भनियो । अष्टलाई ल्याउनुहुन्न भनेर योजनाबद्ध रूपमै लागिएको रहेछ । आफ्नै पार्टीभित्र यतिसम्म धोका दिइन्छ भन्ने मैले सोचेकै थिइनँ ।

चुनावअघि नै शीर्ष नेतृत्वबाट मुख्यमन्त्रीको आश्वासन दिइएको थियो ?

म पार्टी काम गर्ने, संसदीय फाँटबाट बिदा लिने मनस्थितिमा थिएँ । तीन पटक सांसद र दुई पटक मन्त्री भएँ । अरूले पनि अवसर पाउनुपर्छ भन्ने विचार थियो । केपी कमरेडले बारम्बार प्रस्ताव गर्दासमेत ०७२ सालमा मन्त्री हुन गइनँ । प्रदेश ३ को सचिवालय बैठकले मुख्यमन्त्री हुने गरी मलाई काठमाडौं- ८ (ख) बाट उम्मेदवार बनाउने निधो गरेको थियो । चुनाव जितेपछि डोरमणि पौडेलजीले पनि तपाईंको मन्त्रिपरिषद्मा मन्त्री भएर काम गर्ने इच्छा छ भन्नुभएको थियो । तर अकस्मात् उहाँ नै उम्मेदवार भएर आउनुभयो ।

राष्ट्रपति वा अध्यक्ष ओलीले तपाईंलाई किन चाहनुभएन ?

थाहा छैन । मैले स्थायी कमिटीमै संघीयतामा पहिलोपल्ट जान लागेकाले वरिष्ठ नेताहरूले नेतृत्व लिनुपर्ने कुरा उठाएकी थिएँ । शंकर पोखरेल, पृथ्वीसुब्बा गुरुङ त्यसरी नै प्रदेशमा गएका हुन् । मैले त केपी कमरेडलाई कहिल्यै पनि नकारात्मक ढंगले हेरेकी छैन । तर मलाई हराइयो । मैले बालकोटले हरायो भनिदिएँ । केपी कमरेड मसँग रिसाउनुभयो । अध्यक्षले चाहँदाचाहँदै त मैले पक्कै हारेकी होइन होला । विद्याजीलाई मैले भूमिगत कालमै चिनेकी हुँ । ०४६ सालको जनआन्दोलनअघि म अनेमसंघकी अध्यक्ष हुँदा उहाँ केन्द्रीय सदस्य हुनुहुन्थ्यो । मार्क्सवादीसँग एकतापछि सहाना (प्रधान) दिदी अध्यक्ष हुनुभयो, म महासचिव । पछि विद्याजी अनेमसंघ अध्यक्ष हुनुभयो, म महिला विभाग प्रमुख । खराब सम्बन्ध त होइन तर त्यस्तै भयो ।

तपाईंले पनि त उहाँलाई राष्ट्रपतिमा दोहोरिन रोक्न खोज्नुभयो...

एउटै व्यक्तिले दोहोऱ्याई-तेहेऱ्याई अवसर पाउनु हुन्न भन्ने मेरो कुरा थियो । राष्ट्रपतिमा झलनाथ खनाललाई लैजाऔँ भन्ने प्रस्ताव मैले राखेकी हुँ । विद्यालाई नदोहोऱ्याउन त्यति धेरै जोडबल गर्नुमा मुख्यमन्त्रीमा मैले पाएको धोकाको आक्रोश पनि थियो ।

राष्ट्रपतिसँग अहिले कस्तो छ सम्बन्ध ?

उहाँ राष्ट्रपति भएपछि म एक पटक शीतलनिवास गएकी छु । त्यत्ति हो । राष्ट्रपतिले नबोलाई अर्को भेट हुने कुरा पनि भएन ।

यो सरकार कस्तो लागिरहेको छ ?

केपी कमरेडमा केही गर्छु भन्ने आत्मविश्वास छ । उहाँ दृढ इच्छाशक्ति भएको नेता पनि हो । तर उहाँको शैलीमा समस्या देख्छु म । त्यसैले असल नियत र इमानदारीसाथ गर्न खोजेका कामले पनि परिणाम दिएका छैनन् ।

प्रदेश ३ सरकारबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

प्रदेश सरकारले जे क्षमता राख्नुपर्ने हो, जति प्रभावकारी हुनुपर्ने हो, हुन सकेको छैन । प्रदेश इन्चार्जका रूपमा म डोरमणिजीको नेतृत्व सफल गराउन चाहन्छु । तर गुटबन्दीको असर अझै छ । पौने दुई वर्षसम्म अस्थायी मनस्थितिमा रहनुपऱ्यो । त्यो छिटो टुंग्याउनुपऱ्यो ।

पार्टी नेतृत्व नि ?

नेकपाको एक नम्बर नेता केपी कमरेड नै हो । नवौँ महाधिवेशनपछि हामीले उहाँलाई भेटेर भनेका थियौँ, अब तपाईं हामी सबैको नेता हो । तर उहाँ सबैलाई परिचालन गर्न र सबैको साझा नेता बन्नै सक्नुभएन ।

अध्यक्षद्वयको कार्यविभाजनबारे के भन्नुहुन्छ ?

केपी कमरेडलाई धेरै धपेडी भयो । स्वास्थ्य पनि ख्याल गर्नुपऱ्यो । एउटाले सरकार र अर्कोले पार्टी हेर्ने नितान्त जिम्मेवारी बाँडफाँट हो । पार्टी निर्णय र बैठकमा त दुवै अध्यक्ष रहिरहनुहुन्छ नि । मुख्य कुरा शीर्ष नेतामा अविश्वास हुनु भएन । ने

विशेष

जनोत्तेजक प्रियतावादको विस्तार

सीके लाल

कुनै बेला चितवनलाई ७६ औँ जिल्ला भन्ने गरिन्थ्यो। नेपालमा ७७ जिल्ला कायम भइसकेकाले आन्तरिक आप्रवासीको हालीमुहाली रहेको यस क्षेत्रलाई अब ७८ औँ जिल्ला भन्नुपर्ने होला । चितवनको जनसांख्यिक संरचना विविधतापूर्ण हुनुमा भौगोलिक, ऐतिहासिक एवं राजनीतिक कारण छन्। नेपालको लगभग मध्य भित्री मधेसको अवस्थिति, गोर्खाली साम्राज्यको मुटु मानिने पहाडको गण्डक क्षेत्रसँगको सामीप्य एवं नारायणी नदीतीरले गर्दा चितवन रणनीतिक रूपले महत्त्वपूर्ण भौगोलिक इकाइ हो। त्यो कुरा बुझेर राजा महेन्द्रले अमेरिकी सहयोगमा योजनाबद्ध जनसंख्या स्थानान्तरणद्वारा यस इलाकाको जनांकिकीय बनोट (डीमग्रैफिक कम्पोजिसन) परिवर्तन गर्न लगाएका हुन्। सन् १९५० को मध्यसम्म चितवनमा मूलतः थारू, केही माझी एवं अलिअलि मुसहरको बाहुल्य थियो । त्यसपछि कहिले बाढीपीडितलाई पुनर्स्थापन गर्ने निहुँमा त कहिले तथाकथित सुकुम्बासीलाई पुनर्वास गराउने बहानामा सरपट कटानीद्वारा खाली गरिएको जग्गामा पहाडका आन्तरिक आप्रवासीलाई बसाइयो। कालान्तरमा थारु थातथलोमै अल्पसंख्यक भए। रैथानेहरूको तुलनामा नयाँ बासिन्दामा सफल हुन चाहने भावना बलियो हुन्छ। झन् अधिवासीहरू (सेट्लर्स) वर्चस्वशाली समुदायका छन् भने तिनमा आत्मविश्वासका साथै हकदारताको भावना उत्तिकै हुन्छ । तिनको प्रभुत्व भित्री मधेसका बस्तीजस्तै चितवनमा पनि देख्न सकिन्छ।

प्रियतावादको चर्चा चितवनबाट सुरु गर्नुपर्ने कारण अधिवासी चरित्रको मोटामोटी व्याख्या मात्र नभएर त्यहाँको हालसालै घटित पत्रकारको आत्महत्या काण्ड एवं त्यस दुखद प्रसंगसँग जोडिएको भीडको मनोविज्ञान पनि हो । पत्रकार शालिकराम पुडासैनीको आत्महत्या दुरुत्साहनसम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेकाले त्यसबारे विज्ञ न्यायकर्मीले मात्र टिप्पणी गर्ने आँट जुटाउन सक्छन्। मुद्दासँग सम्बद्ध टिभी प्रस्तोता रवि लामिछाने एवं उनका सहअभियुक्त आफ्ना फरियाद लिएर उच्च अदालतको शरणमा पुगेका छन्। तर त्यस घटनाले उत्पन्न गराएको परिस्थितिबारे भने जनवृत्तमा यथेष्ट छलफल हुनुपर्छ। के नेपालको राजनीतिमा जनोत्तेजक प्रियतावादको नयाँ लहरका प्राथमिक संकेत देखिन थालेका त होइनन् ? चितवन एक किसिमले जनोत्तेजक राजनीतिको दिशासूचक रहँदै आएको छ। धेरैले बिर्सिसकेको हुनुपर्छ तर एउटा हिन्दी फिल्मका हस्तीले भन्दै नभनेको कुरा प्रकाशित गरेर 'ऋतिक रोशन प्रकरण' सँग सम्बद्ध साम्प्रदायिक दंगाको सुरुआत चितवनकै पत्रकारबाट भएको थियो । तत्कालीन राजा ज्ञानेन्द्रको चरणबद्ध सत्ता हत्याउने उपक्रमका लागि वातावरण बनाउने अग्रसरतामा चितवनका अधिवासीको सक्रियता दृश्य नभए पनि उपेक्षा गर्न नसकिने किसिमको थियो । नवघोषित तत्कालीन युवराजका नाउँमा बसअड्डाको नामकरण गर्ने सहर चितवन थियो।

अदालतको आदेशमा तोकिएको धरौटी बुझाएर साधारण तारेखमा हिरासतमुक्त भएका फौजदारी अभियोगका अभियुक्तको समर्थनमा झन्डै पाँच-सात हजारको भीड जम्मा हुनु सतही टिप्पणीको विषय मात्र हुन सक्दैन। हुन त कुनै सार्वजनिक व्यक्तित्वका लागि लागि भीड ओर्लिनु दुर्लभ घटना होइन । त्यसमाथि टेलिभिजन प्रस्तोताको प्रभावकारिता तिनको कार्यक्रमको प्रकृतिमा पनि भर पर्छ। सामान्यतः लाइभ प्रसारण हुने 'सीधा कुरा जनतासँग' प्रस्तुति जनसुनुवाइ 'फर्म्याट' आधारित एवं उत्तेजक प्रकारको छ । भीडका अगाडि प्रस्तोता आफैँ प्रवक्ता, अधिवक्ता एवं दण्डाधिकारी एकै पटक देखिने त्यस्ता सबै कार्यक्रमको विशेषता हुने गर्छ । त्यसमाथि 'सीधा कुरा जनतासँग' कार्यक्रमका प्रस्तोता जटिल प्रश्नलाई सामान्यीकरण गर्ने कलामा पोख्त छन् । त्यति हुँदाहुँदै पनि नारायणी तटको आकस्मिक जनसमूहलाई त्यो घटना नेपाली राजनीतिमा फेरि फैलिँदै गएको जनोत्तेजक प्रियतावादको प्रारम्भिक लक्षण ठहरिन सक्छ।

अवधारणाको अन्योल

प्रियतावाद कस्तो हुन्छ भन्ने ठम्याउन असहज हुँदैन। तर समसामयिक विश्वमा डढेलो सरी फैलिँदै गएको प्रवृत्तिलाई परिभाषित गर्न भने अप्ठेरो छ । समाजमा जुनसुकै कारणले असन्तुष्टि बढ्दै गएपछि उकुसमुकुस हुन थाल्छ। सामान्यजनले त्यसपछि आफ्नो रिस पोख्ने माध्यम खोज्न थाल्छन्। आधुनिक समाजमा सामान्यजनको झोकले राजनीतिक दल, सञ्चार माध्यम वा नागरिक समाजजस्ता संस्थागत प्रयत्नबाट निकास पाउँछ। बेचैनी व्यक्त गर्ने परम्परागत माध्यम धार्मिक कर्मकाण्ड हुन्। धर्मविमुख भएर पनि सामाजिक आधुनिकता अंगीकार गर्न नसकेकाहरू चमत्कारमा विश्वास गर्छन् । तिनको प्रतिक्रिया

भावनात्मक, असर तात्कालिक हुन्छ । अनि प्रियतावादीको उदय हुने परिस्थिति उत्पन्न हुन्छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, टर्कीका राष्ट्रपति रजब तैयब एर्दोगान, बेलायतका प्रधानमन्त्री वोरिस जोन्सन, फिलिपिन्सका राष्ट्रपति रोड्रिगो दुर्तेते, ब्राजिलका राष्ट्रपति जायर बोल्सोनारो वा हंगेरीका प्रधानमन्त्री भिक्टर ओर्बानजस्ता पात्रहरू तिनका देशमा प्रियतावादका लागि वातावरण तयार भएपछि उदाएका हुन् । एकाएकजस्तो देखिए पनि पृष्ठभूमिबेगर प्रियतावादी भइदिएका भए तिनको नियति उल्काजस्तै चम्किएर बिलाउनुमा सीमित हुने थियो । अन्य राजनीतिकर्मीजस्तै प्रियतावादी पनि परिस्थितिका निर्माता हुनुका साथै तात्कालिक अवस्थाका उत्पाद पनि हुन्छन् ।

प्रियतावादका लागि उपयुक्त अवस्था उत्पन्न भएपछि त्यस्तो परिस्थितिलाई आफ्नो महत्त्वाकांक्षा परिपूर्तिको माध्यम बनाउने व्यक्तिमा पनि केही चारित्रिक विशेषता भने हुनुपर्छ । प्रियतावादको वैचारिकतामा सिद्धान्तभन्दा पनि व्यक्तिको प्रमुखता हुन्छ । भीडको नेतृत्व लिन तम्सिने पात्रमा प्रदर्शनप्रियता भएन भने तिनको उत्तेजक क्षमता घट्छ । स्वकेन्द्रता एवं आत्ममुग्धताबेगर आस्थाविहीन राजनीति गर्न सकिँदैन । त्यसपछि अधिवासीको हकदारता भावलाई तुष्टि दिन नश्लवाद, नारीद्वेष, अन्य घृणा, आत्मश्लाघा एवं देशाहंकार पनि तीव्र हुनुपर्छ । विगतप्रतिको आसक्ति, वर्तमान अवस्थाको भय एवं कहालीलाग्दो भविष्यको चित्रणले समाजमा ध्रुवीकरण गर्दै लगेर प्रियतावादीलाई आफ्ना समर्थक गोलबद्ध गर्न सजिलो हुन्छ । अमेरिकाको *टाइम* पत्रिकाले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका लागि आवरण पृष्ठमा प्रयोग गरेको 'प्रधान विभाजक' विशेषण लगभग सबै प्रियतावादी राजनीतिकर्मीमा लागू हुन्छ । प्रियतावादको आधारभूत मान्यता नै 'शुद्ध हामी' एवं 'अतिक्रमी अन्य' बीच कायम रहेको दूरीलाई बढाएर 'आफ्ना सामान्यजन' अवधारणा बलियो बनाउनु हो । रक्षक, उद्धारक एवं मुक्तिदाताको छवि स्थापित गर्न आफ्ना सामान्यजन भन्न सकिने अन्धसमर्थकको जमात जरुरी हुन्छ ।

"फासीवादी एक हदसम्म मित्रहीन एवं एकाकी हुन्छन् । प्रियतावादीलाई आफ्नाको ताली एवं 'अरू' ठहऱ्याइएकाहरूको गाली उत्तिकै मन पर्छ ।

प्रियतावादीका शैलीमा पनि पर्याप्त समानता भेट्टाउन सकिन्छ । स्वकेन्द्रीयताले गर्दा ती आफ्ना सहयोगीलाई समेत तिल बराबर गन्दैनन् । तिनको व्यवहार आक्रामक हुन्छ । पुरुषत्वलाई ती पौरखको पर्याय मान्छन् । तिनमा स्वार्थको दृढता एवं नीतिको लचकता एकसाथ रहेको हुन्छ । सार्वजनिक जीवनमा आक्रामक देखिनबाट ती हच्किँदैनन् । विनम्रताको नितान्त अभाव भए पनि यदाकदा कमजोरप्रति करुणामय अनुकम्पा देखाएर वाहवाही लुट्ने कलामा प्रियतावादी पोख्त हुन्छन् । प्रियतावादीको धेरै चरित्र फासीवादीसँग मिल्दोजुल्दो देखिन्छ । प्रचारतन्त्रमा एकाधिकारको अभाव एवं सैन्यवादको हालीमुहाली स्थापित नभएसम्म प्रियतावादको अभ्यास फासीवादजस्तो विध्वंशक भने बन्दैन । फासीवादी एक हदसम्म मित्रहीन एवं एकाकी हुन्छन् । प्रियतावादीलाई आफ्नाको ताली एवं 'अरू' ठहऱ्याइएकाहरूको गाली उत्तिकै मन पर्छ । अन्य ठहऱ्याइएकाहरूको आलोचना तिनको ऊर्जा-स्रोत हो । बरु उपेक्षा तिनले सहन सक्दैनन् ।

परिभाषाको खोजी

अंग्रेजी भाषाको 'पपुलिज्म' एउटा राजनीतिक प्रवृत्ति सँगसँगै पद्धति पनि हो, जसअन्तर्गत सामान्यजनलाई तिनको हित संस्थापनको बेवास्तामा परेको कुरा औँल्याएर उत्तेजित तुल्याउने गरिन्छ । जनोत्तेजक नारा उचालेर गम्भीर मुद्दालाई ओझेल पार्दै समर्थन हासिल गर्ने प्रवृत्ति राजनीतिकर्मीमा नयाँ होइन । समग्र राजनीतिक पद्धतिको रूपमा विश्लेषण गर्ने हो भने पपुलिज्मका पछाडि रहेको विचारधारासम्म पुग्नुपर्ने हुन्छ । केही शब्दकारले त्यसैको स्थानीयकरण गरेर 'लोकरिझ्याइँ' अभिव्यक्ति प्रचलनमा ल्याएका छन् । राजनीतिकर्मीहरूमा देखिने प्रवृत्तिलाई लोकरिझ्याइँले समेट्छ । तर लोकरिझ्याइँको अर्थ वास्तवमा बहुसंख्यकका पूर्वाग्रहको तुष्टीकरण (अपिजमेन्ट) सँग मिल्दोजुल्दो लाग्छ । समर्थनको खोजीमा रहेका व्यक्तिको केही कार्यक्रम वा बढीमा त्यस्तो नीतिलाई लोकरिझ्याइँ भन्न मिल्छ । नीतिहरूको संगृहीत सिद्धान्तमा 'वाद' जोडिएपछि त्यस्तो व्याख्याले विगतको वर्णन, वर्तमानको विश्लेषण एवं आगतको पूर्वानुमानसमेत समेट्न सक्नुपर्छ । त्यस्तो व्यापक अर्थका लागि प्रियतावाद बढी उपयुक्त अभिव्यक्ति हुन सक्छ ।

व्यापकताले गर्दा प्रियतावाद बढी चर्चित हुन पुगेको भए पनि तार्किकको साटो बहुसंख्यकले रुचाएको नीति अँगाल्ने शासकको प्रवृत्ति भने नयाँ होइन । मर्यादा पुरुषोत्तम भनिने रामको अबधका महारानीलाई सहरबाट निकाला गर्ने निर्णय लोकरिझ्याइँ थिएन । अबधका बहुसंख्यक बासिन्दाले आफ्ना राजाको छनोटलाई मन पराएनन् । तर त्यो कदम तत्कालीन समाजमा व्याप्त रहेको पुरुषत्व मान्यता एवं नारीद्वेषलाई अगाडि बढाएकाले त्यसलाई प्रियतावाद भन्न भने मिल्छ । स्वघोषित 'डाक्टर' कुँवर इन्द्रजीत सिंह अर्थात् केआई सिंह (१९०६-१९८२) आधुनिक नेपाली इतिहासका नमुना प्रियतावादी थिए । उनले सन् १९५१ को क्रान्तिलाई अपूरो भने । त्यो यथार्थ थियो तर त्यसलाई पूर्णता दिने क्षमता उनमा मात्र थियो भन्ने भ्रम सिर्जना गर्ने कर्म प्रियतावादले मात्र गर्न सक्छ । सन् १९५७ मा उनी चार महिने प्रधानमन्त्री भए । केही कालका लागि सिंहदरबार कब्जा गरेर विद्रोही छवि पनि कायम राखे । भारतको साटो चीन पलायन गरेर राष्ट्रवादी परिचय पनि सुदृढ गरे । तर अन्ततः उनको पहिचान *टाइम* पत्रिकाका अनुसार धनीलाई लुटेर गरिबमा बाँड्ने 'रबिन हुड अफ हिमालयज्' कहलिनमा सीमित भयो । लोकरिझ्याइँमा लाग्ने फगत व्यक्ति पनि हुन सक्छ । प्रियतावादीलाई भने संस्थागत सहयोग चाहिन्छ । प्रभावशाली बुद्धिजीवीले तिनका लागि वैचारिक आधार तयार गरी दिन्छन् । धनाढ्य पुँजीपतिले स्रोत उपलब्ध गराउँछन् ।

प्रतिभाशाली पत्रकारहरू प्रचारकको अवतारमा देखा पर्छन् । र, अन्ततः राजनीतिक संगठनले तिनलाई वैधानिकता प्रदान गर्छन् ।

खासमा प्रियतावादको आदिम रूप समानता एवं न्यायको सपना बेच्ने वामपन्थी प्रारूप नै हो । सम्भ्रान्तको शक्तिलाई चुनौती दिने साहसिक एवं उत्साही व्यक्तिका पछाडि सामान्यजन उभिनु स्वाभाविक हुन्थ्यो । विजित क्षेत्रको सम्पत्तिमा हिस्सा पाउने लोभ देखाएर तलबबेगर आफ्नो लडाकु समूहमा युवालाई सम्मिलित हुन लोभ्याएका गोर्खाली राजालाई जनरञ्जक प्रियतावादी भन्न सकिन्छ । आशको व्यापार गर्ने जनरञ्जक प्रियतावादीमा कठिन प्रश्नको सहज समाधान प्रस्तुत गर्न सक्ने विलक्षण क्षमता हुन्छ । तिनले आफ्नो उपलब्धिको अभिलेख एवं व्यक्तिगत विश्वसनीयता बेच्छन् । त्यसैले जनरञ्जक प्रियतावाद (र्‍याडिकल पपुलिज्म) त्यतिविघ्न हानिकारक हुँदैन । जोखिमपूर्ण भनेको दक्षिणपन्थी वा पुनरुत्थानवादी प्रकृतिको जनोत्तेजक प्रियतावाद (डेमगाजिक पपुलिज्म) हो । त्यसो किन हो भने जनोत्तेजक प्रियतावादले भयको खेती गर्छ । यस प्रकारको प्रवृत्तिलाई जर्मन भाषाको 'पपुलिज्मस' शब्दले समात्छ, जसको अर्थ हुन्छ-राजनीतिक स्थितिलाई नाटकीय बनाएर विरोधीलाई बदनाम गर्दै अन्ध समर्थन हसुर्ने रणनीति ।

शब्द खोज्न वा गढ्न उतिसाह्रो गाह्रो कुरा होइन । बोल्न सिक्ने बच्चाले पनि नयाँ-नयाँ शब्द आविष्कार गरिरहेका हुन्छन् । तिनलाई अर्थ्याउन भने सहज हुँदैन । सुकरातले त्यसै भनेका होइनन्, शब्दको परिभाषाबाट ज्ञानको सुरुआत हुन्छ । प्रत्येक राजनीतिक वादका कम्तीमा सांस्कृतिक, आर्थिक, सामाजिक एवं राजनीतिक आयाम हुन्छन् । जनोत्तेजक प्रियतावादले प्रतिगामी संस्कृतिलाई बढावा दिन्छ । प्रतिगामी भाष्यअनुसार धर्म पहिलेको पवित्र थियो । धर्मान्तर वा अन्य धर्म अँगालेका आगन्तुकले सांस्कृतिक प्रदूषण फैलाउँछन् । भाषा शुद्ध हुने गर्थ्यो । एउटा मात्र भाषाको वर्चस्वले यथास्थितिको स्थायित्वलाई सघाउने गर्थ्यो । विभिन्न जनबोलीको विविधताले 'शुद्ध बासिन्दा' पहिचानलाई अपवित्र तुल्याउँछ । उस्तै पोसाक, समान भोजन एवं एउटै नृत्य तथा संगीतले गर्दा 'राष्ट्रिय' जीवनशैलीमा एकरूपता थियो । अल्पसंख्यक, आगन्तुक एवं बाहिरियाले त्यस्तो सदृश्यतालाई बिथोलिदिन्छन् ।

चाकर पुँजीवादबेगर जनोत्तेजक प्रियतावादले स्वीकारता पाउन सक्दैन । फर्केर सामन्तवादमा जान सम्भव हुँदैन । खुला बजारले महत्त्वाकांक्षी एवं मिहिनेती आगन्तुकका लागि ढोका खोलिदिन्छ । समाजवादी नीतिले गर्दा नवसशक्त समूह आर्थिक गतिविधिमा समेत हस्तक्षेप गर्न सक्ने हैसियतमा पुग्छन् । चाकर पुँजीवादको विशेषता नै के हो भने त्यसले जनोत्तेजक प्रियतावादीलाई स्रोतको कमी कहिल्यै हुँदैन । भारतीय प्रधानमन्त्री मोदीले नोटबन्दी एवं सामान तथा सेवा कर (जीएसटी) जस्ता आत्मघाती निर्णय लिन सक्ने आत्मविश्वास सहनृजातीय गुजराती उद्यमी एवं व्यापारीको आडभरोसाबाट पाएका हुन् । स्मरणीय छ, भारतका दस सबभन्दा ठूला औद्योगिक घरानामध्ये पाँच प्रधानमन्त्री मोदीको गृहराज्य गुजरातका छन् । भारतमा चाकर पुँजीवादको जरा गहिरिँदै जाँदा त्यो संख्या अझ बढ्न सक्छ ।

जनोत्तेजक प्रियतावादको सामाजिक पक्ष पनि परम्परामा आधारित हुन्छ । कुनै व्यक्ति वा तिनको समुदाय शासन गर्नलाई नै जन्मिएका हुन्छन् भन्ने भावना जनोत्तेजक प्रियतावादीको मनमा जरा गाडेको हुन्छ । नश्लवाद त्योसँग सम्बद्ध अवधारणा हो । नारीद्वेषबेगर पुरुषवादी सोपानतन्त्र धराशयी हुन्छ । त्यस्ता दुवैखाले सामाजिक प्रवृत्तिका प्रतिनिधि पात्र राष्ट्रपति ट्रम्प हुन् । बहुसंख्यकको साम्प्रादायिकताका उत्कृष्ट उदाहरण प्रधानमन्त्री मोदी हुन् । उनले नेपालको लालबाबु पण्डित प्रवृत्तिका 'आदर्श अल्पसंख्यक' खोजेर मात्र आफ्नो मन्त्री बनाउँछन् । जनोत्तेजक प्रियतावादको राजनीतिले आफ्ना सांस्कृतिक, सामाजिक एवं आर्थिक मूल्य-मान्यताबाट शक्ति हासिल गर्छ एवं तिनलाई नै बलियो पनि बनाउँदै लग्छ । त्यसैले त्यस्तो प्रवृत्ति छिट्टै अन्त्य होला भनी हल्का तवरले लिन मिल्दैन । जनोत्तेजक प्रियतावादको राजनीति समसामयिक विश्वको कठोर यथार्थ भएकाले गहन विमर्शको अपेक्षा राख्दछ ।

तस्बिर : रविको फेसबुकबाट

हाम्रो रवि हाम्रो देश : सडकको ताजा नारा

उत्तेजनाको राजनीति

वैज्ञानिकका अनुसार मस्तिष्कको तौल सामान्य व्यक्तिको कुल शारीरिक वजनको जम्मा दुई प्रतिशत मात्र हुन्छ तर त्यस प्राणाधार इन्द्रियले औसतमा दैनिक ऊर्जा खपतको झन्डै २० प्रतिशत हिस्सा प्रयोग गर्छ । अन्य प्राणीजस्तै मानव पनि ऊर्जा किफायत गर्ने जन्तु हो । त्यसैले अधिकांश व्यक्तिले जटिल समस्याको सहज समाधान सुन्न रुचाउँछन् । आफ्ना लागि सोच्ने काम अरूले गरिदेओस् भन्ने चाहन्छन् । त्यस्तो अवस्थामा आफ्ना गतिविधिका असरको जिम्मेवारीबाट मुक्त पनि हुन पाइन्छ । प्रियतावादी राजनीतिको आधारभूत प्रस्तावना सामान्यजनमा देखिने सोचप्रतिको उदासीनता हो । अन्य जम्मै रणनीति त्यसै पूर्वधारणाबाट जन्मिएका हुन् ।

राष्ट्रियताको पवित्रता एवं 'अन्य' भयले विश्वव्यापीकरणबाट उत्पन्न व्यापक उथलपुथलमार्फत प्रमुखता पाएको छ । जलवायु परिवर्तन, प्राकृतिक स्रोतको दोहन एवं यान्त्रिकीकरणको समष्टिगत प्रभावले थातथलोमा रोजगारका अवसर सीमित हुँदै गएका छन् । हरेक ठाउँका सम्भ्रान्तमा आफ्नो हालीमुहाली समाप्त हुने डर पलाएको छ । इजरायली समाजशास्त्री सैमी

समुहाको आफ्नै देशको अनुभवका अनुसार प्रजातन्त्र सुस्तरी नृजातीय चरित्रको बन्दै गएको छ । नृजातीय प्रजातन्त्रमा संवैधानिक सर्वोच्चता कायम रहन्छ । आवधिक निर्वाचन हुन्छन् । तर संस्थाहरू बिस्तारै आफ्नो अक्षुण्णता गुमाउँदै जान्छन् । नृजातीय ऐक्यबद्धताले गर्दा अल्पसंख्यक तिरष्कृत हुन्छन् । नग्न बहुसंख्यकवाद हाबी हुन्छ । र, रूपमा प्रजातन्त्र कायम रहे पनि सारमा जनतन्त्रले मृत्युवरण गर्छ । प्रारम्भिक परिस्थितिको आकलन गरेर जनोत्तेजक प्रियतावादीले त्यस्तै 'अन्य भय' भजाएर सत्तामा पुग्छन् । हालैको भारतीय चुनावताका सत्ताधारी दलका उम्मेदवार मेनका गान्धीले ठाडै आफ्नो निर्वाचन क्षेत्रका मुसलमान मतदातालाई हप्काइन्, 'जित्न त म तिमीहरूको मतबेगर पनि जित्छु तर त्यसले तिमीहरूलाई राम्रो हुने छैन ।' उनले जितिन् ।

घुसखोरीको विरोध गरेर पनि केही प्रियतावादी वाहवाही कमाउँछन् । सामान्यजनले नीतिगत भ्रष्टाचार सजिलै ठम्याउन सक्दैनन् । कर हेरफेरले कसलाई कति फाइदा हुन्छ भन्ने वित्तीय विश्लेषणको विषय भए पनि कर माफी दिएको कुरा सबैले बुझ्छन् । घुसखोरीले दैनिक जीवन प्रभावित हुन्छ । भ्रष्टाचारको विरोध गर्नेहरू सामान्यतः संरचनात्मक सुधार वा असमानता घटाउनेजस्ता जटिल विषय उठाउन चाहँदैनन् । तिनीहरूसँग यथास्थिति बदल्ने वैकल्पिक खाका पनि हुँदैन । फगत भ्रष्टाचारविरोधी नाराको भरमा प्रियतावादी राजनीति गर्न सफल पात्रका रूपमा भारतका आम आदमी पार्टीका प्रणेता अरबिन्द केजरीवाललाई लिन सकिन्छ । उनले अभ्यास गरेको प्रशासनिक प्रियतावादका सीमितता भने केलाएर साध्य छैन । शासकीय सुधारबेगर प्रशासनिक भ्रष्टाचार उल्लेख्य रूपमा नियन्त्रण गर्न कठिन हुन्छ ।

"भ्रष्टाचारको विरोध गर्नेहरू सामान्यतः संरचनात्मक सुधार वा असमानता घटाउने जस्ता जटिल विषय उठाउन चाहँदैनन् । तिनीहरूसँग यथास्थिति बदल्ने वैकल्पिक खाका पनि हुँदैन ।

आर्थिकभन्दा पनि सामाजिक असमानता देखाएर गरिने सम्मानको प्रियतावादी आकर्षणलाई भारतको स्वतन्त्रताअघि मुहम्मद अलि जिन्नाले उत्कर्षमा पुऱ्याएर पाकिस्तान निर्माण गर्न सफल भएका थिए । स्वतन्त्र भारतमा सम्मानजनित प्रियतावादको आकर्षणलाई प्रधानमन्त्री मोदीले वर्चस्ववादी प्रियतावाद (चल्तीको भाषामा मण्डलवादलाई कमण्डलवादको हाँक) मार्फत तत्कालका लागि चुनौती दिन सफल भए पनि आर्थिक संकट गहिरिँदै जाँदा 'आत्मगौरव' अभिकथनको राजनीति पुनः सतहमा आउन सक्छ ।

अनिश्चितताको वातावरण एवं त्यस्तो परिस्थितिका लागि सहज शत्रुको उपलब्धताले जनोत्तेजक प्रियतावादको आकर्षण बढाइदिन्छ । राष्ट्रपति ट्रम्पका लागि मेक्सिको छ । प्रधानमन्त्री मोदी आफ्ना सबै असफलताको दोष पाकिस्तानलाई दिएर उम्किन सक्छन् । योगी आदित्यनाथ आफ्नै राज्यका मुसलमानलाई 'ठाउँमा' राख्न व्यस्त छन् । युरोपका सबैजसो जनोत्तेजक राजनीतिकर्मी आफ्ना समर्थकमाझ विद्यमान 'मुसलमान भय' भजाएर खाइरहेका छन् । सहज शत्रु उपलब्ध छैन भने 'भूतको भय' खडा गरेर भए पनि प्रियतावादीहरू उत्तेजना फैलाउन उद्यत हुन्छन् । नागरिकताका नाममा नेपालमा चलिरहेको राष्ट्रवादको खेतीलाई जनोत्तेजक आह्वानको उदाहरणका रूपमा लिन सकिन्छ ।

परस्पर विरोधी अवधारणाजस्तो देखिए पनि अभिजात्य प्रतिशोध (एलिट रिभेन्ज) पनि जनोत्तेजक प्रियतावादको कारक तत्त्वमध्ये प्रमुख हुने रहेछ । अर्ध-अश्वेत व्यक्तिपछि महिला राष्ट्रप्रमुखको अवधारणाबाट अत्तालिएका कतिपय मतदाता 'अमेरिकालाई फेरि महान बनाऊ' नाराका साथ मैदानमा उत्रिएका उम्मेदवारका पछाडि लागेका हुन सक्छन् । राष्ट्रपति एवं उपराष्ट्रपतिदेखि सिंहदरबारमा समेत मधेसीको गतिविधि बढ्न थालेपछि पहिलो संविधानसभा विघटन गराउने 'सेतो कमिज' दुरभिसन्धिले नृजातीय समर्थन प्राप्त गरेको हो । सामान्यजनको नाममा तिनलाई नै कमजोर तुल्याउने अभिजात्य प्रतिशोध जनोत्तेजक प्रियतावादको अनौठो विशेषता हो । प्रसंग भारतमा नोटबन्दी लागेको बेलाको हो । पटनाबाट बोधगया जाने बाटोमा एउटा खुद्रा व्यापारीले गुनासो गरे, 'बजारमा नगद अभावले व्यापार चौपट भयो ।' एकछिनपछि आफैँ थपे, 'ठूला मान्छेले केही सोचेरै गरेका होलान् ।' प्रश्नविहीन अन्धसमर्थनलाई प्रयोग गरेर चतुर प्रियतावादीले अन्य सामान्यजनसँग प्रतिशोध लिन्छन् ।

मुख्य मुद्दाबाट ध्यान अन्यत्र मोड्ने कलामा प्रियतावादी पोख्त हुन्छन् । खासगरी शब्दजाल बुन्नमा तिनलाई कसैले सक्दैनन् । प्रधानमन्त्री मोदी आद्यक्षर (इनिसल्ज) जोडेर नारा बनाउन सिपालु छन् । वाक्यको मूल अर्थ फेरेर तिनको गरिमा नष्ट गर्ने विधि राष्ट्रपति ट्रम्पले अँगालेका छन् । 'फेरि महान' बनाउने अमेरिकामा नश्लवाद, नारीद्वेष एवं असमानता उस्तै हुनेछ भन्ने कुरा उनले भन्दै नभनी आफ्ना समर्थकलाई आश्वस्त पारिरहेका हुन्छन् । नेपालमा सर्वेसर्वा खड्गप्रसाद शर्मा ओलीको 'राइनो' र गैंडा बहस हास्यास्पद लागे पनि त्यसभित्रको राजनीतिक अभीष्ट खतरनाक छ । परिभाषाको शक्ति हत्याउने प्रयत्नलाई हल्का रूपमा लिन उपयुक्त हुँदैन । हावा, पानी र माटोसुहाउँदो नामबाट त्यस्तै व्यवस्थाको औचित्यसम्म पुग्न धेरै समय लाग्दैन ।

हिन्दीमा बडबोलापन (बोस्टफल्नेस) भनिने प्रवृत्ति हावादारी मात्र होइन । गफ दिनेलाई सितिमिति कसैले पत्याउँदैन । बडबोलापन भनेको सम्भव तर असाध्य (अन्वर्कबल) कुराको फूर्ति लगाउनु हो । अमेरिकाले चाहेको खण्डमा आफ्नो सिमानामा पर्खाल त लगाउन सक्छ तर त्यसको खर्च मेक्सिकोलाई बेहोर्न लगाउन सक्दैन । सर्वेसर्वा शर्मा ओलीका पानीजहाज, पाइपको ग्यास एवं डाँडापारिका रेलजस्ता कुनै पनि कुरा असम्भव छैनन् । त्यसैले उनका समर्थक प्रत्येक नारामा उफ्रीउफ्री ताली बजाउँछन् । साध्य हुन भने इच्छाशक्तिका साथै साधनको जोहो पनि गर्नुपर्ने हुन्छ । त्यति प्रश्न गर्ने क्षमता

थोरै व्यक्तिमा हुन्छ भन्ने प्रमाणित मान्यतामा प्रियतावादको राजनीति चल्ने गर्छ ।

प्रतिरोधको सम्भावना

परस्पर विरोधीजस्तो लागे पनि जनोत्तेजक प्रियतावादको कारण फेरि पनि जनरञ्जक प्रियतावादमै गएर खोज्नुपर्ने हुन्छ। जनअसन्तोष व्यापक हुँदै गएपछि जनोत्तेजक प्रियतावाद जन्मिन्छ। जनरञ्जक प्रियतावादमा पनि सामान्यजनको सर्वोच्चता त हुन्छ तर भीडले उत्तेजनामा आफ्नो दीर्घकालीन हितसमेत स्वयं पहिल्याउन सक्छ भन्ने कुरा प्रगतिवादी राजनीतिमा मान्य हुन सक्दैन । अन्धजनवाद समाधान नभएर समस्या बन्न गएका उदाहरण इतिहासदेखि वर्तमानसम्म छ्यापछ्याप्ती पाइन्छन्। लोकतन्त्रको आदर्शमा जनआकांक्षासमेतलाई पनि तार्किक आलोचनाको परिधिभित्र ल्याउन उपयुक्त हुन्छ । त्यसो गर्न सकियो भने जनोत्तेजक प्रियतावाद जन्मिने दलदल सुकेर लोकतन्त्रका लागि ठोस धरातल निर्माण हुन्छ ।

सार्वजनिक वृत्त भनिने सम्भ्रान्तहरूको विमर्श मैदानले यथास्थितिबाट बाहिरिने वातावरण बन्न दिँदैन । त्यसविपरीत सामान्यजनको वृत्त तात्कालिक समाधानका पक्षमा जनमत बनाउनेतिर लाग्छ। दिगो उपाय भनेको संस्थाहरूको निर्माण, उपयुक्त ऐन एवं कानुनमा सुधार तथा निरन्तर जनपक्षीय दबाब सिर्जना गर्नु हो । सार्वजनिक वृत्तले 'भ्रष्टाचारीलाई किरा परोस्' गन्जी बेच्छ। जनवृत्तले तिनलाई ठाडै टुँडिखेलमा झुन्ड्याउनुपर्ने आवाज उठाउँछ। पहिलोले ब्राजिलका राष्ट्रपति जायर बोल्सोनारोजस्तो राजनीतिकर्मी जन्माउँछ भने दोस्रोले शंकाको भरमा अपराधीलाई गोली ठोक्ने फिलिपिन्सका राष्ट्रपति रोड्रिगो दुर्तेतेजस्ता अवसरवादी सत्तामा पुग्छन्। संरचनात्मक परिवर्तनका लागि चाहिने संयमको वकालत लोकवृत्तले मात्र गर्न सक्छ। केही त्यस्ता उपक्रमका उदाहरण नभएका होइनन्। काठमाडौँमा मार्टिन चौतारी एवं विराटनगरको नर्थ साउथ कलेक्टिभ्स तिरस्कृत विचारबारे खुला छलफल गर्ने मञ्च हुन्।

मानवाधिकारवादीसमेत स्वयंलाई राष्ट्रवादी कहलिन धक नमान्ने भेनेजुएला एवं उत्तर कोरियाजस्ता 'स्वाभिमानी' मुलुकको तालिकामा नेपाल पनि पर्न आउँछ । त्यस्तो हुनु जनोत्तेजक प्रियतावादीलाई खुला मैदान प्रदान गर्नु हो। जस्तोसुकै 'स्वर्गको टुकडा' पनि मानवताका आधारभूत मान्यताबाहिर रहनु हुँदैन । पर्णपत्र अध्यक्ष पुष्पकमल दाहाल अन्तर्राष्ट्रिय न्यायको क्षेत्राधिकारभित्र प्रवेश गरेर 'हिरो' हुन चाहन्छन् भने उनको त्यस्तो विशेषाधिकारको सम्मान हुनुपर्छ। अधिकांश अल्पविकसित देशमा मानव अधिकारको क्षेत्र केही सामाजिक उद्यमीहरूको

हिजोआज हराएको एउटा 'पपुलिस्ट' नारा

उपक्रम बन्न गएकाले तिनको राजनीतिक प्रभावकारिता कम हुन गएको हो । संकटकालमा मात्र नभएर निरन्तर निगरानी गर्ने नागरिक अग्रसरता कायम गर्न सकियो भने प्रियतावादीले जनअसन्तोषलाई जनआक्रोशमा रूपान्तरण गरेर सत्ताको सिँढी चढ्ने मौका पाउँदैनन् ।

असर जतिसुकै नकारात्मक भए पनि प्रविधिको विकासलाई बेवास्ता गर्न सकिँदैन । (अ)सामाजिक सञ्जाल आफैँमा निनैतिक (एमोरल) माध्यम हो । तर त्यसको व्यापक प्रयोगले तात्कालिकतालाई बढावा दिन्छ। फटाफट समाधानको प्रवृत्तिप्रति आकर्षित तुल्याउँछ। ट्वीटर नामक मञ्च राष्ट्रपति ट्रम्प एवं प्रधानमन्त्री मोदीजस्ता राजनीतिकर्मीको मन पर्ने सञ्चार औजार भएको अकारण होइन । हुन त मूलधारको मिडियाबाट पनि सम्पादकीय अनुशोधन हराउँदै गएको छ। तर जोसुकैले जोसँग पनि जस्तोसुकै कुस्ती खेल्न सक्ने (अ)सामाजिक सञ्जालजत्तिको छाडा मूलधारको मिडिया आफ्नै अस्तित्व जोगाउन पनि सक्दैन। मिडियाको विविधता एवं त्यसमा बहुलता जनोत्तेजक प्रियतावादलाई मन्द बनाउने प्रभावकारी ओखती हुन सक्छ।

अन्ततः प्रियतावादको अचूक समाधान राजनीतिक दलहरूलाई जीवन्त बनाउनु नै हो । प्रियतावाद स्वाभाविक रूपमा व्यक्ति केन्द्रित हुन्छ। रिपब्लिकन पार्टी कुहिएर अमेरिकामा जनरञ्जकको साटो जनोत्तेजक प्रियतावाद हावी भएको हो । भारतीय जनता पार्टी हतास भएपछि तिनका समर्थकले अतिवादी नायकलाई काँधमा बोकेर अहमदावादबाट नयाँ दिल्ली पुऱ्याएका हुन् । नेपालका राजनीतिक दल पनि भित्रभित्रै खोक्रो हुन थालेकाले चितवनको अप्रत्यासित भीड चुनौतीजस्तो देखिएको हो। प्रजातान्त्रिक अभ्यास सुदृढ गर्न राजनीतिक दलहरूप्रतिको आकर्षण पुनर्स्थापित गर्नुको विकल्प तारणहार नायकको खोजी हुन सक्दैन। ने

नेपाल
राष्ट्रिय साप्ताहिक
समसामयिक विषयवस्तुको वृतान्त नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट
www.nepalmag.com.np
GET IT ON Google Play
Available on the App Store

एटीएम प्रकरण : चिनियाँ नागरिक हिरासतमा

अपरिपक्व अनुसन्धान

अर्थव्यवस्थासँग जोडिएको बैंकिङ प्रणालीमाथिको साइबर हमलामा छरपस्ट तहकिकात

मनबहादुर बस्नेत

महानगरीय प्रहरी काठमाडौँ परिसरले काठमाडौँका विभिन्न वाणिज्य बैंकका एटीएम बुथबाट साढे तीन करोड रुपैयाँ चोर्ने चिनियाँ समूहलाई समात्यो, १४ भदौमा । त्यसको भोलिपल्ट परिसर कक्षमा बैंकर्स एसोसिएसनका पदाधिकारीलाई सँगै राखेर प्रहरीले पत्रकार सम्मेलन गऱ्यो। पत्रकार सम्मेलनमा संघका अध्यक्ष ज्ञानेन्द्र ढुंगानाले एटीएम ह्याकिङलाई बैंकिङ प्रणालीमाथिको 'ठूलो साइबर हमला' भनिदिए ।

यति ठूलो आक्रमण ठानिएको यो प्रकरणको अनुसन्धानमा भने सरकारी निकायबीच नै समन्वय अभाव देखिएको छ । घटनालगत्तै नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम (नेप्स) ले डिजिटल फरेन्सिक ल्याब (डीएफएल) परीक्षणका लागि सिंगापुरबाट विज्ञ टोली झिकायो । सिंगापुरको टोलीले रिपोर्ट तयार हुन तीन महिना लाग्ने भन्दै परीक्षणका लागि डाटा लिएर गएको छ । यो परीक्षण नेपाल प्रहरीले समेत गरिरहेको छ । प्रहरीले आफ्नै ल्याबमा परीक्षण गर्दै छ ।

ल्याब परीक्षणको रिपोर्ट मुद्दाको प्रमाणका रूपमा लाग्छ। त्यसैले यसलाई सुरक्षित राख्नुपर्ने हुन्छ। अर्को तथ्य के भने अनुसन्धानको मियो नै फरेन्सिक जाँचको नतिजा हो। यसकै आधारमा ह्याकरले बैंकको कुन तहसम्म पहुँच बनाए भन्ने निर्क्योल हुन सक्छ। आपराधिक घटनामा अनुसन्धानको अग्रभागमा हुने निकाय प्रहरी हो । तर यो प्रकरणमा प्रहरीको समानान्तर रूपमा नेप्स फरेन्सिक जाँचका लागि अग्रसर भएको देखिन्छ। "यसले अनुसन्धानमै द्विविधा आउन सक्ने जोखिम रहन्छ," नेपाल प्रहरीका पूर्वनायब महानिरीक्षक (डीआईजी) हेमन्त मल्ल भन्छन्, "कहिलेकाहीँ त अनुसन्धान गलत दिशातिर मोडिने खतरासमेत हुन्छ ।"

नेप्सले विदेशी विज्ञ झिकाउँदा प्रहरीसँग समन्वय गर्न आवश्यक ठानेन । सामान्यतः प्रहरीले यस्ता घटनामा प्राविधिक सहयोग मागेपछि राष्ट्र बैंकले सहजीकरण गरिदिन्छ। एटीएम ह्याकिङ मुलुकको अर्थव्यवस्थासँग जोडिएकाले प्रहरीले अनुसन्धानमा राष्ट्र बैंकको सहयोग लिनु स्वाभाविक मानिन्छ । यसअघिसमेत प्रहरीले बैंकिङ कसुरका मुद्दामा राष्ट्र बैंक र बैंकर्स एसोसिएसनसँगको समन्वयमा अनुसन्धान गर्दै आएको थियो । तर यहाँ त अनुसन्धानकारी निकायलाई बाइपास गर्दै राष्ट्र बैंकले नै नेप्सलाई फरेन्सिक जाँचका लागि विदेशबाट जनशक्ति ल्याएर अनुसन्धान गर्ने अनुमति दियो । "हाम्रै आग्रहमा नेप्सले सिंगापुरबाट प्राविधिक टोली ल्याएको हो," राष्ट्र बैंकका प्रवक्ता लक्ष्मीप्रपन्न निरौला भन्छन् ।

राष्ट्र बैंकद्वारा घटनालगत्तै भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक वमप्रसाद मिश्रको संयोजकत्वमा गठित छानबिन समितिको सिफारिसअनुसार नेप्समार्फत फरेन्सिक विज्ञ झिकाएको निरौलाले बताए । तर समितिको प्रतिवेदनमा त्यसरी विदेशी विज्ञ ल्याउने भनिएको छैन । प्रतिवेदनको निष्कर्ष खण्डमा भिसा कार्ड र नेप्स स्विच वा दुई प्रणालीबीच अनधिकृत प्रवेश गरेर कारोबार हुन गएको अनुमान गरिएको र यससम्बन्धी तथ्य पत्ता लगाउन फरेन्सिक परीक्षणको प्रतिवेदन प्राप्त हुनुपर्ने भनिएको छ ।

प्रहरीभित्रै अन्योल

२५ भदौमा महानगरीय प्रहरी परिसर काठमाडौँले केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र मुख्यालयभित्र रहेको आइटी महाशाखाबाट आफूहरूलाई बैंकिङ र प्राविधिक सूचना प्रणालीबारे जानकार प्रहरी जनशक्ति चाहिएको पत्र पठायो, प्रधान कार्यालयमा । परिसरलाई यस्तो आवश्यकता एटीएम ह्याकिङ घटनाको ११ दिनपछि मात्र परेको हो । यसले समेत अनुसन्धान लामो समयसम्म अलमलमा परेको प्रस्ट हुन्छ । "प्राविधिक विषय भएकाले हामी एकीकृत टिम बनाएर अनुसन्धान गर्दै छौँ," परिसरका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) होविन्द्र बोगटी भन्छन् ।

कोर बैंकिङका विषयमा अनुसन्धान गर्ने सीआईबीमा प्राविधिकसहितको टिम छ । पिलर २ ले यस्ता आर्थिक अपराधका मुद्दा अनुसन्धान गर्छ । तर यो घटनामा परिसरले जनशक्ति भएको सीआईबीलाई अनुसन्धान सुम्पिएन । "प्रहरीभित्र समेत समन्वयको खाँचो देखियो," पूर्वडीआईजी मल्ल भन्छन् ।

यसअघि एटीएममार्फत हुने चोरी, ह्याकिङका घटनामा सीआईबीले अनुसन्धान गर्थ्यो । विश्वस्त स्रोतका अनुसार सीआईबीलाई समेत एटीएममा देखिएको यो गडबडीबारे सूचना पुगेको थियो । तर तुरुन्त कदम नचालेको सूचना परिसर पुगेको थियो । बैंकिङ अपराधका मुद्दा अक्सर सीआईबीले अनुसन्धान गर्ने भएकाले बैंकमा देखिएको अस्वाभाविक कारोबारको सूचना उतै पुगेको थियो । सीआईबीका निर्देशक एवं डीआईजी निरज शाहीले भने सूचना प्रहरीको धेरै युनिटमा पुगेको र त्यस क्रममा सीआईबीमा पनि आएको बताए । "परिसरले चाँडो अपरेसन गर्‍यो," शाही भन्छन्, "यस्ता घटनामा पर्खेर बस्ने कुरा हुँदैन । क्षति रोक्न पनि घटनास्थलमा जसको पहुँच छिटो हुन्छ, उसले काम गर्नुपर्छ । समन्वयमै भएको हो ।" यसपछि मुद्दा परिसरमै दर्ता भएकाले उसैले अनुसन्धानको नेतृत्व गरेको शाही बताउँछन् ।

पूर्वडीआईजी मल्लको विचार भने फरक छ । उनका अनुसार जोसँग स्रोत-साधन र सामर्थ्य छ, उसले यस्ता घटनाको अनुसन्धान गर्ने हो । "विज्ञ टिम सीआईबीसँग छ भने उसैले लिड गर्नुपर्थ्यो," उनी भन्छन्, "बरु अनुसन्धान गरेर मुद्दा परिसरबाटै चलाउन सकिन्थ्यो । यो नहुँदा अनुसन्धानको भित्री कुरा छरपस्ट भएको छ । बैंकहरू आफैंले फरेन्सिक परीक्षण गराउन थाले भने समस्या हुन सक्छ ।"

राष्ट्र बैंकका प्रवक्ता निरौला प्रहरीको फरेन्सिक ल्याबको परीक्षणबाट नतिजा प्रभावकारी आउनेमा शंका लागेर नेप्सलाई विदेशी विज्ञ ल्याउने अनुमति दिएको बताउँछन् । तर यस्तो शंकाको आधार भने उनले खुलाउन सकेनन् । भन्छन्, "त्यो क्षमताको छैन क्यार ।"

परिसर प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) उत्तमराज सुवेदी नेप्सले आफ्नो प्रणालीको खराबीबारे थाहा पाउन फरेन्सिक जाँच गराएको हुन सक्ने बताउँछन् । भन्छन्, "हामीलाई यसबारे केही थाहा छैन । राष्ट्र बैंकमार्फत रिपोर्ट आयो भने फिड्ब्याकको रूपमा लिन सक्छौं । त्यो हाम्रा लागि प्रधान विषय हुने छैन ।"



अनावश्यक हल्ला

बैंकिङ प्रणाली मुलुकको अर्थव्यवस्थाको मुख्य अवयव हो । ढुकुटी प्रणालीसँग जोडिएको विषयमा प्रहरी र बैंकले दिएका अभिव्यक्ति भने उत्तेजक थिए । एटीएमबाट रकम चोरी भएको घटनालाई प्रहरी र बैंकरले बैंकको कोर प्रणालीमाथिको हमला भएको टिप्पणी गरिदिए । यद्यपि यो कोर बैंकिङ प्रणालीमाथिको हमला भएको पुष्टि हुन सकेको छैन । "ज्यादै खतरनाक प्रचार भयो," राष्ट्र बैंकका प्रवक्ता निरौला भन्छन्, "एटीएम टर्मिनलमा मालवेर (भाइरस) पठाएर ह्याकिङ गरेको मोटामोटी देखिन्छ । उनीहरूले व्यक्तिगत खातामा पहुँच पुर्‍याएका छैनन् ।"

०७४ कात्तिकमा एनआईसी एसिया बैंकको स्विफ्ट प्रणाली ह्याकिङ गरेको घटना मात्रै नेपालको कोर बैंकिङ प्रणालीमाथिको अहिलेसम्मकै साइबर हमला हो । त्यतिबेला एनआईसी एसिया बैंकको स्विफ्ट कोड ह्याक गरेर ३१ करोड रुपैयाँ अमेरिका, बेलायत, जापान, सिंगापुर, मलेसिया, जर्मनी पुर्‍याइएको थियो । यद्यपि एनआईसी बैंकले भने सीआईबीमा ४६ करोड रुपैयाँ ह्याक भएको उजुरी दिएको थियो । बैंकपिच्छे फरक हुने स्विफ्ट कोड ह्याक गरेर ह्याकिङ समूहले रकम भुक्तानीका लागि अनलाइन अर्डर दिएका थिए । तर यो घटनाको अहिलेसम्म खुलेको अन्तर्यमा भने एटीएमबाट पैसा चोरी भएको मात्र हो । "कोर सिस्टममा ह्याक गरेको होइन," राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका कार्यकारी निर्देशकसमेत रहेका निरौला भन्छन् । ने

आलाकाँचा प्रचण्ड

भारतीय विदेशमन्त्रीलाई प्रोटोकल देखाएर नभेटेका प्रचण्डले चिनियाँ विदेशमन्त्री भेटेर एकपछि अर्को विवाद निम्त्याए

योगेश ढकाल

भारतीय विदेशमन्त्री एस जयशंकरले बिहान ८ बजे प्रचण्डलाई निम्ता गरेका थिए, ५ भदौ ०७६ मा। प्रचण्ड पनि भेटका लागि अनिच्छुक थिएनन्। खुमलटार निवास आउनु साटो जब जयशंकर भेट्न राजदूत मञ्जीवसिंह पुरीले द्वारिकाज होटलमा आउन आग्रह गरे, प्रचण्डले प्रोटोकल नमिल्ने भन्दै त्यहाँ जान मानेनन्।

प्रचण्डले राजदूत पुरीलाई भने, 'खुमलटारमै आउनू, यतै चिया खाउँला।' तर पुरीको जवाफ पनि समयको चापसँग जोडियो। प्रचण्डले भनिदिए, 'अध्यक्ष र प्रधानमन्त्री केपी ओलीलाई भेट गरिसक्नुभयो, उहाँसँग भएको कुराकानी पनि जानकारी भइसक्यो। नभेट्दा पनि केही फरक पर्दैन।' दुईदिने नेपाल भ्रमणमा आएका जयशंकरले होटलमा भेट्न बोलाउँदा प्रचण्ड नगएको घटनालाई धेरै कूटनीतिज्ञले ठीकै ठह-याएका थिए।

ठ्याक्कै २० दिनपछि अर्को घटना भयो, २४ भदौ ०७६ मा। प्रचण्ड चीनका विदेशमन्त्री वाङ यीलाई भेट्न पुगे, मेरियट होटलमा। प्रचण्ड-वाङ भेट दुई कारणले चर्चामा रह्यो। पहिलो, प्रोटोकल ख्याल नगरी होटलमा भेट्न गएको। दोस्रो, वाङलाई आश्वस्त पार्न भनिदिए- तथाकथित इन्डो-प्यासिफिक रणनीति नेपाल अस्वीकृत गर्छ। संकेत र मौन कूटनीतिमा परिचित चीनले प्रचण्डको अभिव्यक्तिलाई महत्त्व दिएर विदेश मन्त्रालयको वेबसाइटमा राख्यो, त्यो पनि चिनियाँ भाषामै। जबकि अन्य भेटवार्ताको जानकारी अंग्रेजी भाषामा थिए। नेपालमा विवाद बढेपछि अंग्रेजीमा राख्यो।

एकातिर भारतीय विदेशमन्त्रीलाई भेट्न नजानुले संविधान जारी गर्ने बेला असोज ०७२ मा विशेष दूत बनेर आउँदाको प्रचण्ड-जयशंकर तिक्तता जीवित रहेको संकेत गर्छ। अर्कातिर, उस्तै पदका अर्का छिमेकी विदेशमन्त्रीलाई भेट्न होटलमै पुग्दा नेपाल-भारत सम्बन्धमा नकरात्मक प्रभाव पार्न सक्छ। त्यसबारे पनि प्रचण्डले विचारेको देखिन्न।

कूटनीतिमा समय र संकेत काफी हुन्छ, सम्बन्ध बुझाउन। तर प्रचण्डको हकमा कूटनीतिक शैली र भाषाबाट चिप्लिएर अमेरिकाविरुद्ध अभिव्यक्ति दिएको पछिल्लो सन्दर्भ मात्रै हो। ११ माघ ०७५ मा प्रचण्डले अमेरिकी साम्राज्यवादको हस्तक्षेप अस्वीकार्य भनेर भेनजुएलाको पक्षमा वक्तव्य निकाले। त्यसले अमेरिका रुष्ट त भयो नै, पार्टी पनि दुई धारमा देखियो।

राजदूत र्‍यान्डी बेरीले २३ माघ ०७५ मा प्रधानमन्त्री केपी ओलीसँग भेटेर नै सरकारको आधिकारिक धारणा सोधे। ओलीको जवाफ प्रचण्ड चिप्लिएको भन्ने थियो। प्रधानमन्त्री ओली विश्व आर्थिक मञ्चमा भाग लिन डाबोस

चिनियाँ विदेशमन्त्री वाङ यीसँग पूर्वप्रधानमन्त्री प्रचण्ड, २४ भदौ ०७६



तस्बिर : किरण पाण्डे

पुगेर फर्किंदै थिए, प्रधानमन्त्रीलाई नसोधेरै प्रचण्डले वक्तव्य निकाले । पार्टी एकतापछि त्यो पहिलो एकल वक्तव्य थियो, जो विवादास्पद बन्न पुग्यो । यो विवाद कसरी सल्टियो, प्रस्ट नहुँदै ०७५ चैत पहिलो साता श्रीमती सीता दाहालको उपचारमा लैजाने वातावरण मिलाउन बेरी नै खुमलटार पुगे । १० दिने उपचारबाट फर्केपछि फेरि क्युबासम्बन्धी एक कार्यक्रममा प्रचण्ड बोले- अमेरिकी साम्राज्यवादविरुद्ध लड्ने क्युबाप्रति समर्थन छ । क्युबाको समर्थनमा साउन दोस्रो साता काठमाडौंमा नवौं एसिया प्रशान्त क्षेत्रीय सम्मलेन आयोजित थियो ।

प्रचण्डका यी अभिव्यक्ति शैलीले दुइटा सन्दर्भ उप्काइदिन्छ । पहिलो- नेपालको कूटनीतिक अक्षमता । दोस्रो- अपरिपक्व कूटनीतिक व्यवहारको मार, जो अहिले अमेरिकी, चीन, भारतको सम्बन्धबाट नेपालले भोगिरहेको छ । कूटनीतिज्ञहरू सहमत छन्, प्रचण्ड कूटनीतिक भाषा शैलीमा कमजोर छन्, जसको परिणति देशले बेलामौकामा चुकाउनु परिरहेको छ । अहिले नै पनि प्रचण्डले अमेरिकी रणनीतिविरुद्ध खुलेर बोलेकै कारण नेपालको आन्तरिक राजनीति मात्र होइन, बाह्य सक्रियता बढाइदिएको छ ।

गत वर्ष चीन भ्रमणमा निस्कँदा उसले प्रचण्डको भ्रमणलाई राजकीयभन्दा पारिवारिक बनाइदिएको थियो । त्यसको अर्थ प्रचण्डप्रति चीन असन्तुष्ट छ भन्ने हो । त्यसपछि प्रचण्ड चीनलाई रिझाउन प्रयत्नरत छन् । सरकार अहिलेसम्म इन्डो-प्यासिफिक रणनीतिप्रति स्पष्ट छैन । त्यसले पनि सरकार र पार्टीलाई दुई धारेजस्तो बनाइदिएको छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणको वातावरण बनाउन वाङको भ्रमण भएको थियो । वाङ प्रधानमन्त्री ओलीसँगको भेटमा जसरी प्रस्तुत भए, त्यसले राष्ट्रपति सीको भ्रमण अपेक्षित थियो । त्यही कारण २५ भदौ ०७६ मा नेकपा सचिवालय बैठकमा प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङको भ्रमण हुने ब्रिफिङ गरेका थिए । आउँदो असोज अन्तिम साताका लागि प्रस्तावित सीको नेपाल भ्रमणको यो तेस्रो प्रयास हो । वाङको भ्रमणले वातावरण कति बनायो, प्रस्ट छैन । स्रोतका अनुसार अर्को साता चिनियाँ सुरक्षा टोली 'रेकी' का लागि आउनेछ । त्यसपछि मात्रै सीको भ्रमण प्रस्ट हुनेछ ।

भिन्नामसिना सम्झौता गरेर

^ प्रोटोकल देखाउँदै प्रचण्डले नभेटेका भारतीय विदेशमन्त्री जयशंकर, ५ भदौ ०७६

विदेशमन्त्रीस्तरीय भ्रमण लाजमर्दो बनाएको नेपालले सी भ्रमणका एजेन्डामाथि पनि छलफल गरेको छैन । राष्ट्रपति सीले कोसेलीका रूपमा वान बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) अन्तर्गत ठूला परियोजनामा सम्झौता गर्न चाहेका छन् । तर नेपालले अहिलेसम्म छनोट नै गर्न सकेको छैन । स्रोतका अनुसार चीनले पश्चिम सेती र बूढीगण्डकी जलविद्युत् आयोजनालाई महत्त्वमा राखेको छ । यी दुईमध्ये एक परियोजनालाई राष्ट्रपति सीले कोसेलीको रूपमा घोषणा गर्न सक्छन् । तर त्यसका लागि नेपालले पहलै गरेको छैन । विदेशमन्त्री वाङको जस्तै भइदिने हो भने राष्ट्रपति सीको भ्रमण शंकाको घेरामा पर्नेछ । अर्थात्, नेपालको तयारी र पहलकदमीमा राष्ट्रपति सीको भ्रमण भर पर्नेछ । विदेशमन्त्री वाङको भ्रमण नेपालको भन्दा चीनकै पहलमा भएको हो । वाङ प्रधानमन्त्री ओली दोस्रोपल्ट सिंगापुर जानुभन्दा पहिला आउन चाहन्थे र त्यही सन्देश यता पठाएका थिए । तर समय नमिलेपछि प्रधानमन्त्री ओलीले दिएको समयमै आएका हुन्, वाङ ।

प्रचण्डको अभिव्यक्तिसँगै आक्रोशित अमेरिका र उसका गतिविधिले सीको भ्रमण प्रभावित नपार्ला भन्न सकिन्न । चीनसँग जोडिएको अहिलेको प्रसंगको दोष प्रचण्ड एक्लैलाई भने जाँदैन । चीनले पनि चलाखी गरेर प्रचण्डको अभिव्यक्तिलाई अमेरिका तर्साउने अस्त्रका रूपमा उपयोग गर्न खोजेको प्रस्टै देखिन्छ । एक कूटनीतिज्ञको भनाइमा प्रचण्डका अभिव्यक्तिलाई महत्त्व दिएर चीनले जसरी प्रचार गऱ्यो, त्यसबाट अमेरिका आक्रोशित हुनु स्वाभाविकै थियो । चीनका लागि पूर्वराजदूत टंक कार्की यस्तो मान्न तयार छैनन् । भन्छन्, "नेपालले आफ्नो सुविधाअनुसार कूटनीतिक सम्बन्ध र नीति लिन्छ, त्यसमा अरूले आपत्ति जनाउनुपर्दैन ।"

अमेरिकी राजदूत बेरीले २६ भदौ ०७६ मा परराष्ट्र सचिव शंकरदास बैरागीलाई भेटे, प्रचण्ड प्रकरणलाई लिएर । त्यसको काउन्टरमा नेकपा नेतृ पम्फा भुसालले सदनमा अमेरिकी सैन्य तालिम रोक्नुपर्ने अभिव्यक्ति दिइन् । नेपालमाथि अमेरिकी राजदूतको निरन्तर अनावश्यक सक्रियता, चासो र दबाब हुन्छ । त्यसले सम्बन्धमा संशय र तिक्तता ल्याउँछ । त्यसको अर्थ नेपालको राजनीतिक नेतृत्व पनि परिपक्व र सचेत हुन भने अनिवार्य छ । प्रचण्ड प्रकरणले नेताहरूले सामूहिक र संस्थागत अभिव्यक्तिमा जोड दिनुपर्ने सन्देश दिन्छ । त्यसबाहेक प्रोटोकल मात्र होइन, भेटघाट स्थललाई पनि ध्यान दिन जरुरी हुन्छ ।

नेपाल-चीन पारवहन सम्झौता हुन दुई दशक लाग्यो । संयोगचाहिँ सम्झौताको पहिलो मस्यौदादेखि सम्झौतासम्म आइपुग्दा वाङ यी नै जोडिए । अर्थात्, सन् २००० मा औपचारिक रूपमा पारवहन सम्झौताको मस्यौदा गर्दा वाङ यी सहायक विदेशमन्त्री थिए, सन् २०१९ मा सम्झौता हुदाँ विदेशमन्त्री । तत्कालीन राजदूत राजेश्वर आचार्यले वाङसँग पारवहन सम्झौताको प्रसंग झिके । राजदूत आचार्यको प्रस्तावप्रति वाङ सकारात्मक थिए, साथै द्विविधामा पनि । र, आचार्यलाई सोधे, 'क्यान यु स्ट्यान्ड ?'

नेपाल-चीनबीच सन् २००० को सुरुमै पहिलो मस्यौदा आदानप्रदान भयो, 'ट्रान्जिट ट्रिटी' । त्यतिबेला वाङको सुझाव थियो, ट्रान्जिट ट्रिटी नभनेर ट्रान्स्पोर्टेसन ट्रिटी भनौं । वाङले पारवहनसम्बन्धी प्रस्तावित बुँदा सम्पादन गरेनन् । तर नेपालको संवेदनशीलता बुझेरै ट्रान्जिट ट्रिटी नभनेर ट्रान्स्पोर्टेसन ट्रिटी भनौं भनेका थिए । आखिरमा वाङले बुझेजस्तै भारतीय दबाबमा मस्यौदा नै बेपत्ता भयो, दुई दशकसम्म । *नेपाल*सँगको कुराकानीमा पूर्वराजदूत आचार्यले स्मरण गरेका थिए- त्यसपछि राजा वीरेन्द्रको सन् २००१ को भ्रमणमा त्यसलाई प्राथमिकतामा राख्न भनियो तर नेपालबाटै सम्भव भएन । ४५ घन्टा नेपालमा बिताएका वाङ यी यहाँको संवदेनशीलता बुझेका मात्र होइन, सकारात्मक धारणा राख्नेमा पनि पर्छन् । ने

डेंगु आजको राजनीतिक मुद्दा

बसन्त बस्नेत

डेंगु अब पत्रिकाहरूको स्वास्थ्य पृष्ठमा मात्रै अटाउनुपर्ने खबर रहेन। पाँच महिनायता यसले नेपालीको दिनचर्या बिथोलिरहेको छ। पूर्वका धरान र विराटनगरतिर यो देखिँदासम्म काठमाडौँ आत्तिएको थिएन। राजधानी सहरका घना बस्ती र भक्तपुरमा सर्न थालेपछि अस्पताल रातारात बिरामीले भरिन पुगे। अहिलेसम्म सात बिरामीको ज्यान गइसकेको छ। आठ हजार जनता उपचाररत छन्। रोगको चपेटामा पर्ने झन्डै एक लाखजति छन्।

बिरामी प्रधानमन्त्री भेट्न सिंगापुर गएका नेकपा नेता वामदेव गौतम आफैँ डेंगु संक्रमित भएर फर्के। कृषिमन्त्री चक्रपाणि खनालदेखि डा सन्दुक रुइतलगायत चिनिएका थुप्रै मानिस यसका शिकार छन्। उच्च सरकारी अधिकारीहरू सुरक्षाकर्मी परिचालन गरेर यो संकट समाधान गर्ने सिफारिस गरिरहेका छन्। अनि जानिफकारहरू स्वास्थ्य संकटकाल घोषणा गर्नुपर्ने सुझाव फर्माउँदै छन्।

यी दृश्य भनिरहेका छन्, अब डेंगुलाई सामान्य

सरोज बैजू

लामखुट्टे मार्ने फगर मेसिनसहित स्वयंसेवक, लगनटोल, काठमाडौँ

प्रकोप मात्रै मानेर चित्त बुझाउन सकिने अवस्था छैन । विभागीय स्वास्थ्य मन्त्रालय सम्हालेका उपप्रधानमन्त्री उपेन्द्र यादवको खोजी यतिबेला संसद्मा भइरहेको छ। उनी भने मन्त्रिपरिषद्को नियमित बैठकसमेत छलेर आफू केन्द्रीय अध्यक्ष रहेको पार्टीको प्रशिक्षण भ्याउन प्रदेशहरूमा पुगिरहेका छन् । स्वास्थ्य मन्त्रालयसँग यो राष्ट्रिय संकट टार्ने कुनै योजना र पहलकदमी छैन। मधेसको राजनीतिलाई पहाड–हिमालसम्म फैलाउने महत्त्वाकांक्षा बुनेका यादव आफ्नो अघिल्तिरको प्राथमिकता भने नदेखेझैँ गरी उम्काइरहेका छन् ।

डेंगु– हाम्रो अघिल्तिर आइपुगेको यो उडन्ते कीरो समस्याको कारण होइन, बरु नतिजा हो। कारण त जलवायु परिवर्तन हो, जसको असर यो दक्षिण एसियाली देशमा भर्खरै सुरु भएको छ।

सहरका सेमिनारहरुमा 'क्लाइमेट चेन्ज' उच्चारण गर्दा अलिकति कुलीन सुनियो भनेर आलोचना गर्नेहरूका लागि 'विश्वतापीय उष्णता' शब्दले काम चलाउनु बुद्धिमानी ठहर्ला। जर्मनीजस्तो पहिलो विश्वमा समेत अल्टरनेटिभ फर डचल्यान्ड 'एएफडी' जस्तो पार्टी उदाउँदैछ, जसले जलवायु परिवर्तनको मुद्दालाई आगामी चुनावमा जोडतोडले उठाउने तयारी गरेको छ। जर्मनी साझा युरोपेली युनियन (ईयु) को मुखर प्रवक्ता हो, अनि ईयु पर्यावरण बचाउने उद्देश्यका साथ आफ्नो महादेशलाई सन् २०२३ सम्म कार्बन उत्सर्जनमा शून्य बनाइछाड्ने अभियानमा छ। त्यही जर्मनीमा स्थापित हुँदै गरेको यो नयाँ पार्टी, जसलाई त्यहाँको ठूलो हिस्साले 'एलिटिहरूको जलवायु एजेन्डा उठाएर लोकप्रिय हुन खोजेको' आरोप लगाइरहेको छ।

भारत, नेपालजस्ता देशमा जागेको विकास–समृद्धिको तीव्र भोकका अघिल्तिर प्रकृति, पर्यावरण र रैथाने संस्कृति केही होइनझैँ गरी जुन अभियान छेडिएको छ, हामीले त्यसको असर भोग्न थालिसकेका छौँ। अस्तिसम्म त हिमाल पग्लेर हामीलाई के भयो, या केही हजार रुख काटिँदैमा हामीलाई के फरक पर्ला भन्ठाने पनि पुग्ने गर्थ्यो। आज डेंगुका रूपमा समस्या निम्तिएको छ, भोलि अर्को के खति होला ! हाम्रा कल्पना र योजनाहरू भविष्यमुखी नहुँदा दुःख पाउने हामीले र आउने पुस्ताले नै हो।

जब हिमालपारि लोमान्थाङमा समेत लामखुट्टेहरू टिँऽऽऽ गर्दै झुलबाहिर भुनभुनाइरहेका भेटिन्छन्, अब जलवायु परिवर्तनको असर बौद्धिक विलासको मात्रै विषय हुन सक्दैन। नेपालको कुल राष्ट्रिय उत्पादनमा तेस्रो स्थान ओगट्ने मकैबालीलाई 'फल आर्मी वर्म' नामक फौजी कीराले सखाप पार्दासम्म किसानलाई जलवायु असरको हेक्का भएन। जब उनीहरूले थाहा पाए, विचार निर्माण गर्ने तप्कालाई घच्घच्याउने तिनको पहुँच भएन । आज अखबारका प्रथम पृष्ठ मकैबाली मात्रै होइन, अन्य बालीनालीमा समेत यो कीराले आक्रमण गर्न थालेको, कहीँ–कहीँ त मानिस समेतलाई टोक्न थालेको खबरसहित छापिँदै छन्। बेवास्ता गर्नै नमिल्ने गरी यो भयावह संकट देखापरेको छ । के यस्तो अवस्थामा अझै हाम्रा लागि जलवायुसिर्जित समस्या राष्ट्रिय राजनीतिक मुद्दा बन्न सक्दैनन् ?

यो म्यागजिन प्रेस पठाउने बेलासम्म मध्यमधेसको पर्सामा ४५ बिरामी फेला पर्दा कास्कीमा मात्रै तीन हजारभन्दा बढीमा डेंगु संक्रमण फैलिएको छ। पश्चिम नेपालगन्ज र कोहलपुरका अस्पतालमा दाङ, सुर्खेत, रुकुम, बर्दिया, कैलाली आदि जिल्लाका बिरामी भरिएका छन्। बिरामीले प्रत्येक अस्पतालका वार्ड भरिइरहेका छन्– राजधानी काठमाडौँ होस् या कुनै दुर्गम जिल्ला। अब पनि हामी जाबो हिमाल त हो नि पग्लेको, मानिसलाई त्यसले के भएको छ र भनी नजरअन्दाज गर्ने ठाउँमा बस्यौँ भने आउने दिनहरू कस्ता हुँदै जालान् ! नागरिकको वर्तमान सुरक्षित छैन, भविष्य त झन् के होला ?

सर्वसाधारणको कुरा त त्यस्तै हो । नेपालमा डेंगु छिरेको ५ महिनापछि स्वयं मन्त्री र नेताहरू नै थला पर्न थालेपछि 'सार्वभौम संसद्' पनि भदौ २६ गते जुरुक्कै उठ्यो । सत्ता–प्रतिपक्ष दुवैतिरका माननीयले डेंगुको मुद्दा जोडतोडले उठाएपछि सभामुख कृष्णबहादुर महराले सरकारका नाममा रुलिङ गरेका छन्। डेंगुले जनता आतंकित बनिसक्दा पनि सरकारले आवश्यक संवेदनशीलता नदेखाएको भन्दै सत्तारुढ नेकपाकै नेताहरूले संसद्मा आपत्ति जनाएका छन्। स्वास्थ्य मन्त्रालय र इपिडिमियोलोजी महाशाखाले काम नगरेको भन्दै स्वास्थ्यमन्त्री उपेन्द्र यादवको राजीनामासमेत माग हुन थालेको छ। यस्तो संकटको घडीमा मन्त्रालयको आन्तरिक अपरेसन हेर्ने स्वास्थ्य सेवा विभाग भने नेतृत्वविहीन छ।

अमेरिकाले नेपालमा डेंगु संक्रमण फैलिएको भन्दै यता नआउन, आइसकेकालाई सचेत रहन भन्दै आफ्ना नागरिकका नाममा ट्राभल नोटिस जारी गरेको छ। विश्व स्वास्थ्य संगठनले झन्डै ३ अर्ब मानिस डेंगु संक्रमित रहेको रिपोर्ट प्रकाशित गरेको छ। यस अर्थमा आज यो समस्याको निदान बृहत्तर अर्थमा खोजिनुपरेको छ– देशभित्र र देशबाहिर पनि। तर सरकारले अहिलेसम्म ठोस योजना अघि सार्न नसक्नु हाम्रो प्रणालीको कमजोरी मात्रै होइन, जनस्वास्थ्यप्रतिको भयानक उपेक्षा पनि हो।

नागरिकको जीवनप्रति नीति निर्णयमा बस्नेहरूमा पर्याप्त संवेदनशीलता छैन भन्नलाई यो दृष्टान्त एउटा 'टेक्स्टबुक केस' हो। उनीहरूले सोच्नुपर्छ, जलवायु परिवर्तनले थोपरेका संकट टार्ने मुद्दा भोलि यो देशको राजनीतिक घोषणापत्रको एउटा मूल विषय बन्न सक्छ। त्यसबेला यस्ता एजेन्डालाई 'सम्भ्रान्तहरूको दिन काट्ने मेलो' मात्रै भनेर बेवास्ता गर्नलाई अहिलेको राजनीतिक वर्गसँग समय बचेको हुने छैन। ने

त्राहिमाम् न्यायाधीश, खस्कँदो जनआस्था

जनक नेपाल

३३ किलो सुन तस्करी तथा सनम शाक्य हत्या प्रकरणका अभियुक्तलाई धरौटीमा थुनामुक्त गर्ने उच्च अदालत विराटनगरको आदेश सर्वोच्च अदालतले १७ साउनमा सदर गऱ्यो। तर आदेश दिने न्यायाधीश भने न्याय परिषद्को निर्णयबाट एक महिना पहिल्यै बदर भइसकेका थिए।

उच्च अदालतका न्यायाधीशलाई मुख्यतः दुई आरोप लगाइएको थियो। पहिलो- एउटै मुद्दा वा एकै विषयको मुद्दालाई एकैसाथ राखेर हेर्नुपर्नेमा भिन्दाभिन्दै हेरियो। दोस्रो- अनुचित प्रभावमा परेर पूर्व तथा बहालवाला उच्च प्रहरी अधिकृतलाई साधारण तारेखमा छाडियो। सर्वोच्चका न्यायाधीशद्वय अनिलकुमार सिन्हा र सुष्मलता माथेमाको संयुक्त इजलासले तल्लो अदालतको आदेश सदर मात्र गरेन, उच्च अदालतले थुनामा पठाएका अभियुक्त महावीर गोल्यानलाई १० लाख धरौटीमा छाडिदियो।

न्याय परिषद्ले माघ ०७५ मा विराटनगर उच्च अदालतका आठ न्यायाधीशलाई अनुसन्धानका लागि भन्दै काठमाडौं झिकाएको थियो। उनीहरूमाथि सुरुमा सर्वोच्चका न्यायाधीश ईश्वर खतिवडाले प्रारम्भिक छानबिन गरे। त्यसपछि अनुचित प्रभाव र आचारसंहिताको प्रश्न उठेको भन्दै केदार चालिसेको नेतृत्वमा मीरा खड्का र विश्वम्भरप्रसाद श्रेष्ठ सदस्य रहेको टोलीले विस्तृत छानबिन गऱ्यो। १६ असारमा बसेको परिषद् बैठकले सोही समितिको छानबिन प्रतिवेदनका आधारमा अनुचित प्रभावमा परेको र आचारसंहिता उल्लंघन गरेको भन्दै न्यायाधीश

न्याय परिषद्ले जिल्ला र उच्च अदालतका न्यायाधीशमाथि कारबाही गरे पनि भ्रष्टाचार बढेको बढ्यै, जनआस्था घटेको घट्यै

उमेशकुमार सिंहलाई पदमुक्त गर्ने निर्णय गऱ्यो। थीरबहादुर कार्की र साधुराम सापकोटालाई दुई वर्ष माथिल्लो अदालतमा नियुक्ति रोक्ने गरी सचेत गराइयो । परिषद्ले छानबिनका लागि तानेका न्यायाधीशद्वय उमेशकुमार पौडेल र नागेन्द्रलाल कर्ण सेवानिवृत्त भइसकेकाले उनीहरूमाथिको उजुरी तामेलीमा राखियो । मुख्य न्यायाधीश कुलरत्न पोखरेल, सारंगा सुवेदी र जनक पाण्डेलाई ध्यानाकर्षण गर्दै सफाइ दिइयो ।

सुन तस्करी मुद्दामा मुछिएका आठमध्ये पाँच न्यायाधीश इजलासमा फर्किइसकेका छन् । न्याय परिषद्ले छताछुल्ल पारेको अनुसन्धानबाट सफाइ त पाए तर अब उनीहरूले हेर्ने मुद्दाका पक्षले भरोसा गर्ने स्थिति भने रहेन । "न्यायाधीशको मर्यादा भनेको लज्जावती झारजस्तै हो। कसैले औंला ठड्यायो कि सिद्धियो," उच्च अदालतका एक न्यायाधीश भन्छन्, "प्रमाणबिना लगाइएका आरोप र सामान्य उजुरीकै भरमा न्याय परिषद्ले न्यायाधीशलाई तान्ने, बदनाम गर्ने र तेजोबध गरेर काममा फर्काउने गरेको छ ।" उनका अनुसार न्याय परिषद्का पछिल्ला गतिविधिले जिल्ला र उच्च अदालतका न्यायाधीश त्राहिमाम् छन् ।

बर्खास्तीमा न्यायाधीश

जेठ, असार र साउनमा मात्र न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणाले तीन न्यायाधीशलाई बर्खास्त गरिसकेका छन् । प्रादेशिक क्षेत्राधिकार मिचेर गोर्खा ब्रुअरीको कर छली मुद्दामा अन्तरिम आदेश दिएका पोखरा उच्च अदालतका न्यायाधीशद्वय जीवनहरि अधिकारी र रामचन्द्र यादवले राजीनामा दिएका छन् । झन्डै दुई दर्जन न्यायाधीशबारे अनुसन्धान भइरहेको न्याय परिषद् स्रोत बताउँछ । यति गर्दा पनि अदालतमा हुने भ्रष्टाचारमा कमी भएको कुनै महसुस छैन, न त अदालतप्रतिको जनआस्थामा बढोत्तरी भएको छ ।

न्यायिक विचलनको एउटा कारण न्यायाधीशमा हुने राजनीतिक भागबन्डालाई मानिएको छ। सर्वोच्च र उच्च न्यायालयका अधिकांश न्यायाधीश कांग्रेस-कम्युनिस्ट खेमामा छुट्टिएका छन् । सार्वजनिक सरोकार वा राजनीतिक मुद्दामा तोकिएको इजलास हेरेरै आदेश फैसलाको पूर्वानुमान गर्न सकिने स्थिति बनेको छ। त्यसको ठीक उल्टो आम नागरिकका मुद्दामा भने जतिसुकै बलियो तथ्य र प्रमाण भए पनि अदालतका आदेश तथा फैसला अनुमानयोग्य छैनन् । त्यसैले न्यायालयलाई पनि अरू राज्यका अंगजस्तै खबरदारी गर्नुपर्छ भन्ने मानसिकता विकास भएको छ। अदालतप्रतिको जनआस्था मापन गर्न सकिने पछिल्लो घटना बन्यो, सञ्चारकर्मी रवि लामिछानेविरुद्धको आत्महत्या दुरुत्साहन मुद्दा । प्रहरी अनुसन्धान भई मुद्दा अदालत पुगिसक्दासमेत उनका प्रशंसकले खबरदारी प्रदर्शन जारी राखे। सहभागी धेरैले अदालतप्रति आफ्नो भरोसा नभएको अभिव्यक्ति दिए ।

प्रधानन्यायाधीश नियुक्तिपछि राणाले

तस्बिरहरू : जनक नेपाल

यत्रतत्र मुद्दा : सर्वोच्च अदालतको ग्यालरीमा राखिएका मुद्दाका दराज

न्यायालय शुद्धीकरणको अभियान घोषणा गरेका थिए । सोही अभियानअनुरूप न्याय परिषद् सक्रिय बनाएको देखिन्छ । धमाधम न्यायाधीश छानबिनमा तानिन थालेपछि न्याय परिषद्मा उजुरीको ओइरो लागेको छ । केही वर्षअघिसम्म आक्कलझुक्कल उजुरी आउने परिषद्मा साउनयता दर्ता भएका २२ सहित १ सय ९ उजुरीमा प्रारम्भिक छानबिन चलिरहेको छ । मुद्दा हार्ने पक्षले प्रतिशोधकै लागि पनि आधारहीन आरोप लगाएर उजुरी दिने प्रवृत्ति बढेको परिषद् स्रोत बताउँछ । "न्यायाधीशमाथि जे उजुरी आए पनि दर्ता गरेर छानबिन हुने होइन । त्यस्तो गर्न थालिए त कोही पनि बाँकी रहन्न," परिषद्का प्रवक्ता सहसचिव मानबहादुर कार्की भन्छन्, "आरोप पुष्टि गर्ने आधार-प्रमाण हेरेर मात्र उजुरी लिन्छौं ।"

उनका अनुसार न्याय परिषद्ले मुख्य त तीनखाले उजुरी मात्र लिन्छ । पहिलो- न्यायाधीशको कार्यक्षमताको अभाव देखिने । दोस्रो- खराब आचरण तथा बदनियतपूर्वक फैसला । तेस्रो- आचारसंहिता उल्लंघनका उजुरीमा मात्र न्यायाधीशमाथि अनुसन्धान गर्ने गरिएको छ । जस्तो, तनहुँ जिल्ला न्यायाधीश ओमकार उपाध्यायमाथि स्नातक तहको नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा सरकारी ओहोदा ग्रहण गरेको ठहर गर्दै १४ जेठको न्याय परिषद् बैठकले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दर्ता गर्ने निर्णय गर्‍यो । सोही बैठकले ललितपुर जिल्ला न्यायाधीश विश्वमंगल आत्रेयलाई कार्यक्षमताको अभावमा पदमुक्त गर्‍यो । सिराहा जिल्ला अदालतमा रहँदा ०६९ सालमा लेनदेन मुद्दामा उनले दिएको आदेश कानुनसम्मत नभएको परिषद्को ठम्याइ छ ।

काठमाडौं जिल्ला अदालत न्यायाधीश अर्जुनप्रसाद कोइरालाको आदेशमा वन क्षेत्रको ९२ रोपनी जग्गा हाउजिङ कम्पनीको नाममा दर्ता भएको प्रकरणमा न्याय परिषद्ले विस्तृत छानबिन थालेको छ । सर्वोच्चका न्यायाधीश तेजबहादुर केसीले गरेको प्रारम्भिक छानबिनपछि न्याय परिषद् सदस्य पदमप्रसाद वैदिकको नेतृत्वमा उच्च अदालत पाटनका मुख्य न्यायाधीश नहकुल सुवेदी र न्यायाधीश ठाकुरप्रसाद शर्मा सदस्य रहेको समिति बनिसकेको छ । एकल इजलासको आदेशमा नक्कली मिलापत्र गरेर वन हड्पिएको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यसमा संलग्न सात जनाविरुद्ध मुद्दा दर्ता गरिसकेको थियो । अख्तियारकै पत्रका आधारमा न्याय परिषद् उनको आदेशमाथि विस्तृत छानबिन गर्न लागेको हो ।

क्षेत्राधिकार मिचेर फैसला गरेको अभियोग लागेका न्यायाधीशत्रय जीवनहरि अधिकारी, रामचन्द्र यादव र नरबहादुर शाहीमाथि प्रधानन्यायाधीश राणाको एकल इजलासले छानबिन र कारबाही आदेश दिएको थियो । सेवा अवधि सात महिना मात्र रहेका अधिकारीले राजीनामा दिई पेन्सनपट्टा बनाइसकेका छन् भने यादवले काठमाडौंमै ल फर्म खोलिसकेका छन् । शाही परिषद्को निर्णय पर्खेर बसेका छन् । त्यसबारे न्यायाधीश सपना मल्ल प्रधानको समितिले छानबिन गरी प्रतिवेदन बुझाइसकेको छ ।

प्रदेश ३ को क्षेत्राधिकारको मुद्दा गण्डकी उच्च अदालत पोखराले हेरेको थियो । संविधानले उच्च अदालतको क्षेत्राधिकारबारे प्रस्ट नबोलेकाले उक्त विवादमा कानुन व्यवसायीका मत बाझिएका छन् । न्याय परिषद्ले तानेका न्यायाधीश भने मुद्दा दर्ता भई इजलासमा आइसकेपछि फैसला गर्नु आफ्नो दायित्व भएको दाबी गर्दै गोर्खा ब्रुअरीको अघिल्लो वर्षको कर छली मुद्दामा सर्वोच्चको आदेशलाई नै टेकेर अन्तरिम आदेश दिइएको जिकिर गर्छन् । आदेश दिने न्यायाधीशमाथि कारबाही अघि बढाइए पनि क्षेत्राधिकारबाहिरको मुद्दा दर्ता गर्ने रजिस्ट्रार र मुख्य न्यायाधीश यज्ञप्रसाद बस्याललाई भने उन्मुक्ति दिइएको छ ।

५ लाख घुससहित अख्तियारद्वारा पक्राउ परेका काठमाडौं जिल्ला अदालतका नायब सुब्बा भोलानाथ सुवेदीको बयानका आधारमा न्यायाधीश बाबुकाजी बानियाँ न्याय परिषद् तानिए । सुवेदीले न्यायाधीश बानियाँको सल्लाह र सहमतिमा घुस लिएको बयान अख्तियारमा दिएका थिए । त्यसैको आधारमा अख्तियारले परिषद्लाई छानबिन गर्न पत्र लेख्यो । छानबिनपछि दुई वर्ष बढुवा नहुने गरी न्यायाधीश बानियाँलाई सचेत गराइयो ।

न्याय परिषद्ले छानबिन थालेपछि राजीनामा दिएका उच्च अदालत पोखराका न्यायाधीशद्वय जीवनहरि अधिकारी र रामचन्द्र यादव (दायाँ)

फैसलामाथि तरबार

न्याय परिषद्मा परेका उजुरीले न्यायमूर्तिको इमानमाथि प्रश्न उठाएको छ। उजुरी बढ्नुको अर्को कारण भने कुनै हदम्याद नतोक्नुलाई लिइएको छ । उजुरी दर्ता गर्न कुनै शुल्क लाग्दैन । कुनै न्यायाधीश अनुचित प्रभावमा परेको, आचारसंहिता उल्लंघन र आदेश फैसलामा बदनियत देखिएको उजुरी आए न्याय परिषद्ले आधार-प्रमाण हेरी छानबिन अघि बढाउँछ। परिषद्ले छानबिन गर्ने निर्णय गरेपछि सबैभन्दा पहिले न्याय परिषद् सदस्य वा सर्वोच्चका न्यायाधीशको एकल छानबिन समिति गठन गरी प्रारम्भिक अध्ययन गर्ने व्यवस्था छ। प्रारम्भिक छानबिनमा कमजोरी देखिए विस्तृत छानबिन गरेर कारबाही अघि बढाइन्छ। त्यसका लागि सर्वोच्चका न्यायाधीश वा न्याय परिषद् सदस्यको नेतृत्वमा तीन सदस्यीय टोली गठन गर्ने व्यवस्था छ।

यद्यपि, प्रधानन्यायाधीश राणा स्वयंको न्यायिक यात्रा पनि विवादमुक्त छैन। उनका कतिपय आदेश र फैसलामाथि प्रश्न पनि नउठेका होइनन् । न्याय परिषद्का अहिलेका कारबाहीका प्रकृतिले जिल्ला र उच्च न्यायाधीशले हरेक फैसलामाथि तरबार ठडिएको महसुस गर्न थालेको अर्का एक न्यायाधीश बताउँछन् । भन्छन्, "कुनै त्रुटि भए माथिल्ला अदालतबाट सच्याउने ठाउँ हुँदाहुँदै पत्रपत्रिकामा समाचार आएकै आधारमा पनि न्यायाधीशमाथि कारबाही थालिएका छन्। यसले न्यायाधीशमाथि दबाब सिर्जना भई न्यायिक स्वतन्त्रता प्रभावित भएको छ।"

न्यायिक शुद्धीकरणअन्तर्गत विवादित न्यायाधीशमाथि कारबाही अघि बढाइएको छ । कर्मचारीमाथि निगरानी हुन थालेको छ । प्रधानन्यायाधीशका दुई दायित्व हुन्छन्, न्याय र न्याय प्रशासन । राणाले आफू नभई नहुने संवैधानिक इजलास र अरू सीमित मुद्दाबाहेकका कमै मुद्दा हेर्न थालेका छन् । सर्वोच्चको साझा दृष्टिकोण बनाउन नियमित पूर्ण बैठक हुने गरेको छ । बिचौलियाको चलखेलको आरोप त छँदै छ । तर मुद्दाका पक्षलाई प्रधानन्यायाधीशले सीधा पहुँच दिएका छैनन्। यति गरिसक्दा पनि न्यायालयभित्रको विकृतिको मूल प्रवृत्तिमा तात्विक भिन्नता भने महसुस गर्न नसकिएको नेपाल बार एसोसिएसनका पूर्वउपाध्यक्ष टीकाराम भट्टराई बताउँछन्। भन्छन्, "न्यायिक अनुशासन कायम गर्न थालिएका प्रयास सकारात्मक छन् । धेरै प्रचारमुखी हुनु भने राम्रो होइन ।"

अदालत अनावश्यक प्रचारबाजी र विवादबाट टाढै रहनुपर्ने भन्दै भट्टराई न्यायाधीशमाथि गरिएका आन्तरिक छानबिन टुंगोमा नपुग्दै प्रचारमा ल्याइँदा तिनको मनोबल खस्किएको दाबी गर्छन् । कारबाही गोप्य नराखिएकामा न्यायाधीशहरूको सधैं असन्तुष्टि रहँदै आएको छ । न्यायाधीशको तेस्रो राष्ट्रिय सम्मेलन (२०-२२ चैत) ०७५ ले न्यायपालिकाभित्र हुने अनियमितताप्रति शून्य सहनशीलता अपनाउनु आवश्यक भए पनि एउटा व्यक्तिको कारणबाट वा कुनै घटना विशेषका आधारमा समग्र न्यायपालिकाको छवि नकारात्मक रूपमा प्रस्तुत गर्न नहुने निष्कर्ष निकालेको थियो। न्यायाधीशलाई लाग्ने गम्भीर प्रकृतिका आक्षेपलाई न्यायपालिका स्वयंले विवेकपूर्ण, विधिसम्मत र पद्धतिगत रूपमा सम्बोधन गर्नुपर्ने र न्यायाधीशउपर निगरानीमूलक कार्य गर्दा न्यायिक स्वतन्त्रतामा प्रतिकूल प्रभाव नपर्नेतर्फ सावधानी अपनाउनुपर्ने भनिएको थियो। सम्मेलनले न्यायिक नियुक्ति र न्यायाधीशमाथि हुने अनुशासनात्मक कारबाहीमा स्वतन्त्रता, वस्तुनिष्ठता तथा व्यावसायिकता कायम गर्न न्याय परिषद्को हालको संरचनामाथि पुनर्विचार गर्नुपर्ने प्रस्ताव गरेको थियो। सर्वोच्च अदालतका न्यायाधीशको बाहुल्य हुने संरचना वा प्रधानन्यायाधीशको नेतृत्वमा वरिष्ठतम न्यायाधीश सम्मिलित संयन्त्र माग गरिएको थियो।

अदालतबाट सामाजिक सन्जालमा नलेख्न कर्मचारीलाई सूचना प्रकाशित गरेरै कारबाहीको

आफ्नै फैसलाको पैरवी

भनिन्छ, न्यायाधीश बोल्नुपर्दैन, फैसला आफैं बोल्छ। जब फैसलाले बोल्न सक्दैन, न्यायाधीश बोल्नुपर्छ। सर्वोच्चका न्यायाधीश तेजबहादुर केसीलाई एनसेल कर छली मुद्दामा त्यस्तै परेको छ। केसीसहित पुरुषोत्तम भण्डारी, डम्बरबहादुर शाही, सुष्मालता माथेमा र मनोजकुमार शर्मा सम्मिलित पूर्ण इजलासले ठूला करदाता कार्यालयले निर्धारण गरेको एनसेलको पुँजीगत लाभकर ९ साउनमा खारेज गरिदिएको थियो। ठूला करदाता कार्यालयले ३ वैशाखमा ३९ अर्ब ६ करोड लाभकर निर्धारण गरेपछि एनसेल अदालत गएको थियो। उक्त आदेशबाट अर्बौं रुपैयाँ कर डुबेको र राष्ट्रलाई हानि पुगेको भन्दै सडक र सदनबाट विरोध भइरहेका बेला न्यायाधीश केसीले *अन्नपूर्ण पोस्ट*मा लेख लेख्दै फैसलाको बचाउ गरेका छन्।

न्यायाधीश तेजबहादुर केसी

आफैँले गरेको फैसलाको सार्वजनिक बचाउ गर्नु न्यायाधीशको आचारसंहिताविपरीत मानिन्छ। "न्यायाधीशको काम आफ्नो फैसलाको बचाउ गर्दै हिँड्ने होइन। फैसलाको प्राज्ञिक छलफल हुन सक्छ, पूर्ण पाठ लेख्न छाडेर आर्टिकल लेख्दै हिँड्नु हुँदैन," पूर्वन्यायाधीश गौरीबहादुर कार्की भन्छन्। यसअघि प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहितको पूर्ण इजलासले एनसेलबाटै पुँजीगत लाभकर असुल्न र लाभकरको दायित्व निर्वाह नगरेसम्म लाभांश वितरण तथा सेयर बिक्री रोक्ने फैसला गरेको थियो। पछिल्लो आदेशको विरोध गर्दै सांसदले संलग्न न्यायाधीशमाथि महाभियोग लगाउन पार्टीहरूलाई दबाब दिइरहेका छन्।

सर्वोच्चको उक्त फैसलाको नेपाल बार एसोसिएसनले पनि अध्ययन गर्दै छ। वरिष्ठ अधिवक्ता श्रीहरि अर्याल संयोजकत्वको २४ भदौमा ५ सदस्यीय समिति गठन गरिएको छ। समितिमा वरिष्ठ अधिवक्ता रविनारायण खनाल, चन्द्रकान्त ज्ञवाली, गोपालकृष्ण घिमिरे र बार कोषाध्यक्ष रुद्र पोखरेल छन्। "सडक, सदन र न्यायालय जहाँतहीँ चर्चा भएपछि बारले पनि अध्ययन थालेको हो," संयोजक अर्याल भन्छन्, "यससम्बन्धी फैसलाको तुलनात्मक अध्ययन गर्नेछौं। त्यसका लागि पूर्ण पाठको प्रतीक्षामा छौं।"

अदालतको फैसलामाथि बारले अध्ययन गर्न लागेको यो पहिलोपल्ट भने होइन। सर्वोच्चले आर्थिक वर्ष ०५४/५५ मा १७ जनाको पूर्ण इजलासबाट एकैसाथ हजारौं मुद्दा फर्स्योट गरेको थियो। सिन्धुनाथ प्याकुरेल नेतृत्वको बारले त्यतिबेला पनि फैसला अध्ययन गरेको थियो। विश्वनाथ उपाध्याय प्रधानन्यायाधीश हुँदा धर्मपुत्रको अधिकारसम्बन्धी फैसलामा पनि बारले प्राज्ञिक छलफल गरेको थियो।

०७५/७६ मा सर्वोच्च, उच्च र जिल्ला अदालतको प्रगति विवरण



चेतावनी दिइएको छ । सामाजिक सञ्जालमा सांकेतिक रूपमा अनियमितताबारे टिप्पणी गर्ने मोरङ जिल्ला अदालतका न्यायाधीश नरीश्वर भण्डारी एकाएक काजमा डोल्पा सरुवा गरिए । अर्कोतर्फ न्याय परिषद्मा परेका कतिपय गम्भीर उजुरीमा पनि नेतृत्वबाट उपेक्षा हुने गरेको देखिन्छ ।

०७२ को भारतीय नाकाबन्दीका बेला पेट्रोलियम कालोबजारीमा संलग्नताको आरोपमा काभ्रेका व्यवसायी उमेश बानियाँ पक्राउ परे । असारमा हुनुपर्ने फैसला भदौसम्म लम्बिएपछि छिटो सल्ट्याउन तत्कालीन जिल्ला न्यायाधीशलाई १८ लाख घुस दिएको उनको दाबी छ । "श्रीमतीले पैसा बुझेको खबर गरेपछि मात्र न्यायाधीशले फैसला सुनाएका थिए," बानियाँ भन्छन्, "त्यसका सबै प्रमाणसहित ०७३ सालमा न्याय परिषद्मा उजुरी दिएँ । कारबाही हुनुको सट्टा उल्टै उच्च अदालतमा नियुक्त गरियो ।" ती न्यायाधीशमाथि विस्तृत छानबिनमा जानुपर्ने उजुरी तामेलीमा राखिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै उनी न्यायाधीशको भ्रष्टाचारविरुद्ध अख्तियारमा उजुरी दिने तयारीमा छन् ।

मुद्दाले पुरियो अदालत

सर्वोच्चका मुद्दा फाँटका एकाधबाहेक सबैजसो झ्याल बन्द छन् । कोठाको वरपर स्टिल तथा काठका दराजभित्र र माथि यत्रतत्र मुद्दाका मिसिल भरिभराउ छन् । कर्मचारी कुर्सीमा यताउति घुम्नसमेत सक्ने स्थिति छैन । फाँटले नपुगेर अदालतको बाहिरी ग्यालरीमा स्टिलका दराज लाइनै राखिएका छन् । ती दराजमा पनि मुद्दाका मिसिल छन् । हरेक फाँटमा कर्मचारीको निगरानीका लागि सीसीक्यामेरा जडान गरिएको छ । अनुगमन अधिकारीले क्यामेराले कर्मचारी कुर्सीमा भए-नभएको मात्र देखिन्छ भनेजस्तो मुद्दाको अस्तव्यस्तता समाधानको उपाय खोजेका छैनन् ।

०७२ को भूकम्पपछि अदालत साँघुरो भएको हो । नयाँ भवन पनि बनाइयो । तर त्यसमा न्याय परिषद् सरेपछि समस्या ज्यूँका त्यूँ रहयो । सर्वोच्चका प्रवक्ता भद्रकाली पोखरेलका अनुसार अहिले अर्को भवन निर्माणको प्रस्ताव अघि बढेको छ । सर्वोच्चमा ६ सय ५० कर्मचारी छन् । तीमध्ये ४ सय ५० टेबुलवर्क गर्छन् । यस्तोमा मुद्दाको कार्यबोझ नघटेसम्म फाँटको अस्तव्यस्तता कम हुने देखिँदैन ।

सर्वोच्चको अस्तव्यस्त मुद्दा फाँट

एक दशकअघि अर्थात् आर्थिक वर्ष ०६६/६७ मा सर्वोच्चमा मुद्दाको संख्या १० हजार थियो । तर ०७५/७६ मा त्यो संख्या ३३ हजार ९ सय १४ पुग्यो । न्यायाधीश संख्या भने २५ बाट २१ मा झरेको छ । गत वर्ष १० हजार १ सय ९४ मुद्दा फर्स्योट भए । सर्वोच्चको प्रगति उच्च र जिल्ला अदालतभन्दा आधा कम छ । ४५ हजार ९ सय ७४ मुद्दा रहेका उच्च अदालतले ६७ प्रतिशत र १ लाख ५८ हजार २ सय ५७ मुद्दा रहेका जिल्ला अदालतले ५९ प्रतिशत मुद्दा फर्स्योट गर्दा सर्वोच्च भने ३० प्रतिशतमा सीमित छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्की संघीयता दह्रोसँग स्थापित हुन नसक्दा त्यसको असर न्यायिक संरचनामा पनि परेको बताउँछिन् । भन्छिन्, "उच्च न्यायालयमै धेरै मुद्दा टुंगिने हुनुपर्छ । तर संघीयता दह्रो नहुँदा सबै मुद्दा सर्वोच्च आएर थुप्रिने स्थिति कायमै रहयो ।"

तेस्रो न्यायाधीश सम्मेलनले उच्च अदालतको भूमिकालाई संघीय संरचनासँगै आबद्ध गरी सक्षम र मर्यादित बनाउन उच्च अदालतबाट अन्तिम हुने मुद्दाको हकमा अभिलेख अदालतको मान्यता दिनुपर्ने सुझाएको थियो । त्यसले सम्बन्धित प्रदेश र स्थानीय तहबीचको संवैधानिक एवं कानुनी विवाद र सम्बन्धित प्रदेशसभाबाट बनेको कानुन तथा त्यसअन्तर्गतका स्थानीय तहबाट बनेका कानुन बाझिएको विषयमा निरुपण हुने राय थियो । यसो हुन सके सर्वोच्चमा संवैधानिक इजलासको कार्यबोझ कम हुने, उच्च अदालतको प्रभावकारिता बढ्ने र प्रदेशहरूको उच्च अदालतमाथिको स्वामित्वभाव स्थापित हुने न्यायाधीश बताउँछन् ।

संविधानको धारा १३९ ले प्रत्येक प्रदेशमा एउटा उच्च अदालतको व्यवस्था गरेको छ । उच्च अदालतका सबै इजलासलाई समायोजन गरी हरेक प्रदेशमा एक शक्तिशाली र अधिकारसम्पन्न उच्च अदालत स्थापना गर्नु नै संविधानको मर्म र भावनाबमोजिम हुने सम्मेलनको निष्कर्ष थियो । त्यसो हुन सके

प्रदेशभित्रका समान कानुनी विवादमा न्यायिक निर्णयको एकरूपता कायम गर्न, अदालतको सीमित जनशक्ति र साधन-स्रोतलाई अधिकतम उपयोग गर्न सकिने दाबी गरिएको थियो ।

छोटो कार्यकालमा मुद्दा फर्स्योट घटाउन र न्यायालयभित्रको विकृति अन्त्य गर्न कोसिस गरे पनि पूर्ण सफल हुन नसकिने कार्कीको अनुभव छ । उनको पालामा ११ हजार मुद्दा फर्स्योट भएका थिए । अदालतमा मुद्दा थपिनु न्यायप्रतिको आकांक्षा र अदालतप्रतिको विश्वास भए पनि समयमै न्याय दिन नसक्नु न्यायालयको अक्षमता हुने उनी बताउँछिन् । मुद्दा फर्स्योट बढाउन मीनबहादुर रायमाझी, रामकुमार श्रेष्ठ, कल्याण श्रेष्ठलगायत पूर्वप्रधानन्यायाधीशले विभिन्न योजना ल्याएका थिए । एकै प्रकृतिका मुद्दालाई एउटै इजलासमा राखेर लामो बहस नगरेरै ब्लक सुनुवाइको अभ्यास पनि गरियो । मुद्दा एउटै भए पनि परिस्थितिजन्य व्याख्या फरक हुन सक्ने भन्दै कानुन व्यवसायीले बहसमै जोड दिएपछि त्यो अभ्यास सफल भएन ।

सर्वोच्चका न्यायाधीश विभिन्न समितिको नेतृत्व गर्छन् । ती समितिका बैठकले पनि इजलास प्रभावित भएका उदाहरण छन् । न्यायाधीश हरि फुयाँलले नियुक्तिअघि संघीय संसद्को संसदीय सुनुवाइ समितिसमक्ष आफू *कानुन* पत्रिका प्रकाशन समितिबाहेक अरूमा नबस्ने प्रतिबद्धता जनाउनुपरेको थियो । प्रशासनिक समितिमा न्यायाधीश रहनुपर्ने बाध्यात्मक व्यवस्था छैन । तैपनि न्यायाधीशको रोजाइमा समिति पर्छन् ।

सर्वोच्चमा कार्यबोझ थोपरिनुको अर्को कारण न्याय परिषद्भित्रका विभिन्न दाउपेचले ०६२ र ०६९ सालमा न्यायाधीश नियुक्ति नहुनु पनि हो । लामो समय सर्वोच्च अदालत पाँच न्यायमूर्तिका भरमा चल्नुपरेको थियो । त्यतिबेलै थुप्रिएका मुद्दाको असर अहिलेसम्मै छ ।

०४६ को राजनीतिक परिवर्तनपछि संविधानमा सबैभन्दा धेरै प्रयोग अदालतमै गरियो । ०७० सालपछि अस्थायी न्यायाधीश हटाइयो । अतिरिक्त न्यायाधीशको दरबन्दी ०४७ को संविधानबाटै हटाइएको थियो । संवैधानिक व्यवस्थाले तत्कालीन अतिरिक्त न्यायाधीशत्रय हरगोविन्दसिंह प्रधान, हिरण्येश्वरमान प्रधान र प्रचण्डराज अनिलजस्ता काबिल हटाइए । त्यसअघि सर्वोच्चमा १५ स्थायी, ५ अतिरिक्त र ५ अस्थायी न्यायाधीशको व्यवस्था थियो । अतिरिक्त हटाउन तत्कालीन प्रधानन्यायाधीश

> उच्च न्यायालयमै धेरै मुद्दा टुंगिने हुनुपर्छ । तर संघीयता दह्रो नहुँदा सबै मुद्दा सर्वोच्च आएर थुप्रिने स्थिति कायमै रह्यो ।
>
> – **सुशीला कार्की**, पूर्वप्रधानन्यायाधीश

एवं संविधान मस्यौदा समितिका अध्यक्ष विश्वनाथप्रसाद उपाध्यायको व्यक्तिगत रिसइबीले पनि काम गरेको न्याय क्षेत्रमा चर्चा गरिन्छ ।

राजनीतिक नियुक्तिमा आएका न्यायाधीशमा आत्मविश्वासको कमी हुनु पनि मुद्दा नटुंगिनुको कारण ठान्छन्, पूर्वन्यायाधीश प्रकाश वस्ती । "जिल्ला र उच्च अदालतप्रति पनि सेवाग्राहीको विश्वास छैन । त्यसैले मुद्दा सर्वोच्चतर्फ ओइरिएका छन्," उनी भन्छन्, "कामै गर्ने हो भने अहिलेभन्दा धेरै मुद्दा फर्स्योट हुन सक्छन् । तर धेरैमा मैले आत्मविश्वासको कमी देख्छु । त्यसैले टुंग्याउनुभन्दा अनेक आदेश दिएर आउट हान्ने प्रवृत्ति छ ।"

हरेक दिन तीन सयभन्दा धेरै मुद्दा पेसी चढ्छन् । सर्वोच्चका १० इजलासले त्यसको १० प्रतिशत पनि फैसला गर्दैन । सर्वसाधारणका मुद्दाभन्दा सार्वजनिक सरोकार, मुद्दा दोहोर्‍याई पाऊँ निवेदन, रिटको मात्र सुनुवाइ हुन भ्याउँछन् । अधिकांश मुद्दा हेर्न नभ्याइएको, हेर्दाहेर्दै र स्थगित हुने गरेका छन् । "मुद्दाको पेसी र प्राथमिकता नियमावलीअनुसारै निर्धारण हुन्छ । एक साताअघि नै तय गर्नुपर्ने र पक्ष-विपक्षले दुई-दुई पटकसम्म स्थगित गर्न पाउने व्यवस्थाले धेरै मुद्दा पेसीमा चढाइन्छ" मुख्य रजिस्ट्रार नृपध्वज निरौला भन्छन् । भौतिक रूपमा उपस्थित हुन नसक्नेले पनि जहाँ छ, त्यहीबाट भिडियोबाट बयान वा बहस गर्न सक्ने व्यवस्था मिलाउन अध्ययन भइरहेको उनी बताउँछन् । ■

न्यायालयमै कानुन उल्लंघन

महालेखा परीक्षकको ५६ औँ वार्षिक प्रतिवेदन, ०७५ ले सर्वोच्च अदालतले न्यायाधीशको पारिश्रमिक, सेवा, सर्त र सुविधासम्बन्धी ऐन, ०७४ को दफा ७ (५) को बारम्बार उल्लंघन गरेको औँल्याएको छ । उक्त दफाले प्रधानन्यायाधीशलाई उपलब्ध गराएको सवारी साधनको सुविधा निजको कार्यकाल समाप्त भएको ७ दिनसम्म मात्र पाउने व्यवस्था गरेको छ । सोही ऐनको दफा ७(६) अनुसार अवकाशप्राप्त न्यायाधीश आफैँले खरिद गरी लैजान चाहे सो सवारी साधनको किताबी मूल्य लिई हस्तान्तरण गर्न सकिने उल्लेख छ ।

सर्वोच्चबाट १ चैत ०७४ मा अवकाशप्राप्त प्रधानन्यायाधीश गोपाल पराजुलीले प्रयोग गरेको १ करोड २९ लाख ६० हजार मूल्यको सवारी साधन हालसम्म फिर्ता नभएकामा पनि प्रतिवेदनले प्रश्न उठाएको छ । सवारी साधनको किताबी मूल्य लिई हस्तान्तरणसमेत नभएकाले ऐनको व्यवस्था पालना नभएको महालेखाको टिप्पणी छ । अघिल्लो वर्षको प्रतिवेदन प्रतिवेदन ०७४ मा समेत पूर्वप्रधानन्यायाधीशले लगेका सवारी साधन फिर्ता नभएको बेहोरा उल्लेख भए पनि कार्यान्वयन भएको छैन ।

अदालतले गत वर्ष १० पदाधिकारी र १७ कर्मचारीलाई तलब खर्च शीर्षकबाट वैदेशिक भ्रमणका लागि १ करोड ५ लाख १६ हजार पेस्की दिएको थियो । तर लेखा परीक्षण अवधिसम्म पनि फर्स्योट भए-नभएको र रकमान्तर स्वीकृत नगराई शीर्षक फरक पारी गरेको खर्च नियमसम्मत नभएको महालेखाको टिप्पणी छ । सर्वोच्च र मातहतसमेत ७२ निकायमा गत वर्ष ५ करोड ३० लाख ५६ हजार बेरुजु देखियो । त्यसमध्ये १ करोड ६१ लाख ६३ हजार पेस्की बाँकी रहेको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक समस्याको गहिराइ र निरपेक्ष राज्य

अच्युत वाग्ले

यतिखेर नेपालको अर्थतन्त्रका समस्यामाथि बुद्धिविलास गर्नु सबभन्दा सजिलो काम हो । अर्थतन्त्र समस्याको पहाडले सम्भवतः उठ्नै नसक्ने गरी थिचिइसकेको छ । चरम व्यापार घाटा, ऐतिहासिक घाटामा पुगेको भुक्तानी सन्तुलन, घट्दो विदेशी मुद्रा सञ्चिति, शून्यउन्मुख औद्योगिक उत्पादकत्व, घट्दो वैदेशिक एवं आन्तरिक निजी लगानी, मानव स्रोतको शून्य विकास, सक्रिय उमेरको जनशक्ति पलायन, बढ्दो आर्थिक असमानता, चरम गतिमा भइरहेको पुँजी पलायन, द्रुत गतिमा क्षयीकरण हुँदै गएको सरकारी, गैरसरकारी एवं निजी संस्थाहरूको साख, अप्रभावकारी सार्वजनिक सेवा, विकेन्द्रीकृत भएको कुशासन एवं भ्रष्टाचार, पग्लिँदै गएको राज्यको प्राधिकार, फैलँदो छाया अर्थतन्त्र आदि समस्याको सूची अब अन्तहीनजस्तै लाग्न थालेको छ ।

पूर्णतः गैरजिम्मेवार राजनीतिक नेतृत्वपंक्ति (सरकार र सरकारबाहिरका सबै राजनीतिक शक्ति) यी सबै समीपका जोखिमलाई टुलुटुलु हेरेर मात्रै बसिरहेको छ । सरकारमा बस्नेहरू विकास र निर्माणमा उपलब्धि गरेर होइन, तथ्यांक तोडमोड गरेर प्रगति विवरण प्रचार गर्न उद्यत छन् । आम जनतामा चरम निराशा छ। अब त्यो निराशाबारे गुनासोसमेत हुन छाडेको किन छ भने यही देशमा आफ्ना सन्ततिको र प्रकारान्तरले यो मुलुककै भविष्य बाँकी छ भन्ने विश्वास उनीहरूमा सायदै कतै जिउँदो छ । यस्तो निराशा पाँचतारे होटलमा लन्च-डिनर खाने वा सेमिनारमा हाजिरी जनाउनेमा छैन भन्ने होइन । तर उनीहरू त्यस्तो निराशा अनौपचारिक रूपमा मात्रै व्यक्त गर्छन् । आफ्ना बौद्धिक विचार र अभिव्यक्तिमा त्यो झल्कन दिनु उनीहरूको मर्यादा र शान सुहाउँदो हुँदैन । त्यसैले यति धेरै गम्भीर र व्यापक आयामका समस्याको पहाडमाथि बसेर तिनै समस्याबारे पुरानै गन्थने शैलीमा उही कथा दोहोर्‍याउन गाह्रो हुनुपर्ने कारण छैन ।

'यस्तो चरम निराशाको कुरा पनि गर्ने ? आशावादी हुनुपर्छ' भन्ने तर्क पनि नसुनिने होइन । यस्तो सकारात्मक तर्कको फसलबाट लाभ दोहन गरिरहेको मुलुकको करिब एक प्रतिशत, पुग-नपुग तीन लाख मानिस छन् । प्रधानमन्त्री, मन्त्री वा सांसद भएका राजनीतिकर्मी छन्, जसको सम्पत्ति उनीहरूको वैधानिक कमाइको सयौं गुणा बढी मूल्यको भइसकेको छ । सरकारी ओहोदामा बस्दै पर्याप्त कमाएका र सेवानिवृत्त भएको भोलिपल्टदेखि पेन्सनका साथमा विदेशी नियोगमा कन्सल्टेन्सीको तारतम्य मिलाएका सरकारी एवं नियामक संयन्त्रमा उपल्लो तहमा काम गरेका 'क्षमतावानहरू' छन् । मुलुकको सार्वभौमसत्ता र आर्थिक कूटनीति प्रवर्द्धनका लागि राज्यको ढुकुटीबाट आकर्षक तलबभत्ता बुझेर सन्तति र सम्पत्ति दुवै पलायन गराएका वर्तमान र पूर्वकूटनीतिज्ञहरू छन् । उद्यमबाट भन्दा आयात व्यापारबाट अत्यधिक नाफा आर्जन गरिरहेका व्यापारी छन् । मुलुकका समस्याको प्रतिवेदन बेचेर डलर कमाउने एनजीओकर्मी छन् । म्यानपावर वा शैक्षिक परामर्शका नाममा मानव स्रोत पलायन गराउन सक्रिय दलाल छन् । र, पछिल्लो समय रेमिट्यान्स आयसँगै बढेको घडेरीको माग पूर्ति गर्ने क्रममा दलाली वा धानखेत बिक्रीबाट रातारात अस्वाभाविक आर्जन थपेका नवधनाढ्य छन् ।

उनीहरू निराश हुनुपर्ने कारण छैन । नेपालको लगभग ध्वस्त भएको सार्वजनिक शिक्षा प्रणाली उनीहरूको चिन्ताको विषय होइन किनभने तिनका छोराछोरी उच्च शिक्षा विदेशमै पढ्छन् । त्यसअघिको विद्यालय शिक्षाका लागि महँगा निजी विद्यालय छन् । स्वास्थ्य सेवाका लागि दिल्ली, बैंकक वा सिंगापुरका अस्पताल छन् । नेपालको व्यापार घाटालाई फराकिलो बनाउने प्रमुख आयातमध्येका महँगा गाडी, पेट्रोल र पार्टपुर्जाका मुख्य उपभोक्ता तिनै हुन् । र, यस्तो आयको स्रोत देखाउन वा उचित कर तिर्नुपर्दैन । पैसा कहाँबाट आयो, कसैले सोध्दैन । सबै आयको अघोषित बाँडफाँट नीति बनाउने राजनीतिज्ञ, कार्यान्वयन गर्ने कर्मचारीतन्त्र र नाफाखोर दलालीतन्त्रबीच हुन्छ । त्यसैले कसैले राज्यलाई दोहन गरेर अहिलेको दुरावस्थामा पुर्‍याएबापत दण्डभागी हुनुपर्दैन, परेको छैन । र, यो आशावादिताको गफ नगर्ने र मुलुक प्रगतिउन्मुख छ भन्ने झूट निरन्तर नदोहोर्‍याइरहने हो भने उनीहरूको यो लुटको व्यवसाय निमेषभरमा बन्द हुन्छ । यो आशावादी 'स्कुल अफ थट' को सबभन्दा निराशावादी पक्ष के हो भने अहिलेको व्यापार घाटाका पक्षलाई नेपालले कति दशकमा उल्ट्याउने अपेक्षा गर्न वा योजना ल्याउन सक्ला ? नेपालले कुन उत्पादन औद्योगिक मात्रामा गर्न सक्ला ? अहिलेको युवा बिदेसिने क्रम रोक्न के उपाय गर्न सकिएला भन्ने कुनै पनि प्रश्नको उत्तर उनीहरूसँग छैन ।



पठित वर्गबाट पनि अर्थतन्त्रको अवस्था उल्ट्याउन स्वतन्त्र विचार र मार्गचित्र आउने सम्भावना समाप्त भएको छ ।

त्यस्तो दृष्टिकोण नहुनुको चिन्ता पनि छैन ।

यी विरोधाभासपूर्ण यथार्थको प्रकाशमा मुलुकको अर्थतन्त्रलाई उद्धार गर्ने बाटो कति सहज देखिन्छ ? यो अहिलेको सर्वाधिक निर्णायक प्रश्न हो । एउटा अखबारी छोटो आलेख वा विश्लेषणले यो व्यापक आयामको बहसको दिशालाई संकेत मात्र गर्न सक्छ, न्याय गर्न सक्दैन । यो सीमामा अर्थतन्त्रका मूल समस्यालाई दुई 'क्लस्टर' मा राखेर हेर्ने प्रयास गरिन्छ ।

पहिलो, अर्थतन्त्रका आधारभूत पक्ष : उद्यमशीलता, उत्पादकत्व र रोजगारी सिर्जनालाई अर्थतन्त्रको मुख्य आधार मानिन्छ । यी तीन पक्षको अवस्था कति आशाप्रद वा निराशाजनक छ, त्यसकै आधारमा अर्थतन्त्रको भविष्य आकलन गर्न सकिन्छ । यी तीन वटै पक्षमा नेपालको अवस्था अहिले अत्यन्तै दयनीय रहेको विदितै छ । परम्परागत उत्पादन अभ्यास, कालीगढी र परम्परागत ज्ञान पूर्णतः विस्थापित भएको छ । यसको महत्त्वपूर्ण पक्ष हो, त्यो उद्यमशीलता स्थानीय रूपमा उपलब्ध कच्चा पदार्थ र सीपमा आधारित थियो । अथवा यसको 'ब्याकवार्ड लिंक' अत्यन्तै बलियो थियो । अहिले त्यसरी विस्थापित भएको उद्यमशीलताको स्थानमा नयाँ प्रकृतिको उद्यम, सीप र उत्पादन प्रणाली स्थापित हुन सकेको छैन । जेलाई अचेल उद्यमशीलता भनिएको छ, त्यसमा 'ब्याकवार्ड लिंक' को अवयव छैन । त्यसैले बल्लबल्ल खुलेका, जीवन निर्वाहलाई अलिअलि सघाउने स-साना उद्योग व्यवसाय पनि थोरै अपवादबाहेक राम्ररी फस्टाउनु पहिले नै बन्द हुन्छन् । नवप्रवर्तन (इन्नोभेसन) को गुणस्तरीय शिक्षाले प्रवर्द्धन गर्नुपर्ने हो । तर नेपालको शैक्षिक प्रणाली यति दयनीय भइसकेको छ कि त्यसले सार्थक साक्षर उत्पादन गर्नसमेत अक्षम साबित भएको छ ।

उत्पादकत्व नेपालका सन्दर्भमा परिभाषित नै भएको छैन । परम्परागत प्रविधिमा आधारित उत्पादन औद्योगिक मात्रामा हुने सम्भावना थिएन । आधुनिक विश्व 'भ्यालु चेन' अर्थतन्त्रको अंग कसरी बन्ने ? कुन उत्पादनका लागि नेपालको भरपर्दो 'ब्याकवार्ड लिंक' र तुलनात्मक एवं प्रतिस्पर्धी लाभ उपलब्ध हुने सम्भावना छ ? यी कुनै पक्षमा नीति, राष्ट्रिय दृष्टिकोण, प्राथमिकता र लक्ष्य तय छैन । परिणाम, नेपालको औद्योगिक उत्पादनको अर्थतन्त्रमा योगदानको हिस्सा घटेर चार प्रतिशत हाराहारी आइपुगेको छ । आयात निर्भरता, निर्यात विस्तार र घट्दो राष्ट्रिय उत्पादकत्वलाई सम्बोधन गर्ने कुनै योजना अहिलेसम्म बनेको छैन । यस्तो मार्गचित्रको अभावमा गरिने राजनीतिक गफले कुनै परिणाम नदिनु आश्चर्यको विषय भएन ।

उद्यमशीलता र उत्पादकत्व दुवैको अत्यन्त दयनीय अवस्थामा रोजगारी विस्तार हुने कुनै सम्भावना रहँदैन । त्यसमाथि, मुलुकको शिक्षा प्रणालीले समय तथा श्रमबजारको मागअनुसारको जनशक्ति उत्पादन गर्न नसक्ने र बजारले उत्पादित जनशक्ति खपत नगर्ने 'मिसम्याच' को अवस्थाले सिर्जना गरेको श्रमबजारको विभत्स अवस्था हाम्रोसामु छ । अदक्ष जनशक्ति वैदेशिक रोजगारीमा पलायन हुने र उत्पादकत्व एवं औद्योगिक व्यवस्थापनका लागि आवश्यक उच्च दक्षतायुक्त जनशक्तिको अभावले फैलन नसक्ने दोहोरो मारमा मुलुकको अर्थतन्त्र परेको छ । यो अवस्था उल्ट्याउने भाषण त सुनिन्छन् । तर त्यसका लागि कुनै कार्ययोजना र दूरदृष्टिको खाका बनाउने आवश्यकता राजनीतिक नेतृत्वको तहदेखि नै अनुभूत भएको छैन ।

दोस्रो, संस्थागत सुशासन अभाव आर्थिक उन्नतिको ठूलो चट्टानी बाधा बनेर रहेको छ । भ्रष्टाचार नियन्त्रण, शासकीय जवाफदेहिता र राज्य प्रणालीको चुस्ततालगायत सबै पक्षको अभाव त दीर्घरोग भई नै सकेको छ । अहिले यी पक्षमा सुधार गर्ने बहस मुलुक सञ्चालनको कुनै पनि तहमा हुन छाड्नु थप चिन्ताको विषय हो । मूल कुरा, अहिलेकै सम्पूर्णतः अनधिकृत कमाइले विलासी जीवन बिताइरहेको राजनीतिक नेतृत्व र त्यसका लागि छिद्र देखाएर आफू पनि राज्यका स्रोत दोहन गर्न निरन्तर उद्यत कर्मचारीतन्त्रबाटै यी निर्णायक सुधारको अपेक्षा गर्न सकिएला ? त्यो सम्भावना अत्यन्तै झिनो छ । त्योभन्दा झिनो सम्भावना वैकल्पिक सक्षम नेतृत्व अगाडि ल्याउने वा आउने कुराको छ । राज्य प्रणालीका रूपमा अवलम्बन गरिएको संघीयताको खाकाबाहिरबाट समृद्धिको सपना देख्ने अनौठो अभ्यासको अप्ठ्यारो मुलुकमा महसुस भएको छ ।

सबै दलमा वा तिनको निकटमा पढेलेखेका, कैयौं पीएचडीधारी अर्थशास्त्री र योजनाविद् नभएका होइनन् । प्रायः प्रश्न उठ्ने गरेको छ, तिनीहरू यो मुलुकको दुर्दशा समाप्त पार्न किन योगदान गर्दैनन् ? उनीहरूको योग्यता सदुपयोग हुँदैन । उनीहरूका स्वतन्त्र बौद्धिक र तार्किक प्रस्तावना राजनीतिक नेतृत्वले सुन्दैन । त्यसो भएपछि राजनीतिक नेतृत्वलाई जे कर्णप्रिय लाग्छ, त्यही सुनाउने र चाप्लुसी गरेर निरन्तर कुनै आकर्षक नियुक्ति कुरेर बस्ने भाटगिरी यो वर्गको 'व्यवसाय' भएको छ । त्यसैले यो पठित वर्गबाट पनि अर्थतन्त्रको अवस्था उल्ट्याउन स्वतन्त्र विचार र मार्गचित्र आउने सम्भावना समाप्त भएको छ । राजनीतिक नेतृत्वले राष्ट्रभक्तिलाई चरम राष्ट्रवादको राजनीतिमा अनुवाद गरिदिनु र अध्येता वर्ग चाप्लुसीमा लिप्त हुनु अर्थतन्त्रले बेहोरेका समस्या समाधानका मुख्य बाधक रहेका छन् । ने

ट्वीटर : @DrAchyutWagle

छियाछिया पहाड

जतातत‍ै सडक निर्माण, हेलिकप्टरबाट खाद्यान्न ढुवानी

देवनारायण साह

^ उदयपुर लिम्चुङबुङ क्षेत्रमा डोजरले खनिएको बाटो

माधव घिमिरे/विराटनगर

उदयपुरको दुर्गम लिम्चुङबुङमा सडक प्रशस्तै छन्। ठाउँ-ठाउँमा पहिरो खसेर लामो समयदेखि यातायात साधन सञ्चालन हुन सकेनन्। गाउँमा भएको खाद्यान्न सकियो। अभाव चर्कँदै गएपछि प्रदेश १ सरकारले हेलिकप्टरमार्फत खाद्यान्न र अरू उपभोगका सामान पुर्‍याउने व्यवस्था मिलाउनुपर्‍यो।

प्रदेश सरकारले उदयपुरका लिम्चुङबुङ र ताप्ली गाउँपालिकाका लागि हेलिकप्टरबाट चामल, दाल, तेल, नुनजस्ता दैनिक उपभोग्य खाद्यान्न पठाएपछि सामाजिक सञ्जालमा यस्तो टिप्पणी देखियो, 'डोजरले गाउँभरि सडक खन्ने अनि हेलिकप्टरले खानेकुरा ढुवानी गर्नुपर्ने !' ठट्टामिश्रित टिप्पणी गरियो, 'अरू देशमा भए घनघोर वर्षा भएको पाँच मिनेटैमा पानी गायब हुन्छ, हाम्रोमा पानी परेको पाँच मिनेटमा सडकै गायब हुन्छ !'

डिभिजन सडक कार्यालय लहानका प्रमुख इन्जिनियर विनोदकुमार साह प्राविधिक अध्ययनबिनै जथाभावी सडक खन्ने प्रवृत्तिका कारण यस्तोखाले समस्या आउने गरेको बताउँछन्। भन्छन्, "गाउँ-गाउँमा सडक खन्ने होडबाजी नै चलेको छ तर गुणस्तरतिर कसैको ध्यान पुगेको देखिँदैन।"

भदौ दोस्रो साता खोटाङको खोटेहाङ गाउँपालिका-३ की विमला राई, ४०, टाइफाइडग्रस्त भइन्। पहिरोले बाटो बगाएपछि साना गाडी र एम्बुलेन्स चलेनन्। उनलाई २ लाख रुपैयाँमा हेलिकप्टर चार्टर गरेर उपचारका लागि काठमाडौँ पुर्‍याइयो। यसैगरी मोटरसाइकल दुर्घटनामा गम्भीर घाइते भएका खोटाङकै रावाबेसी गाउँपालिका-६, डुम्रेधापानीका शम्भु पौडेल, ३२, लाई पनि हेलिकप्टरबाटै काठमाडौँ लैजानुपरेको थियो। हङकङ जानुपर्ने दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-९ का हेमराम राई पनि उसैगरी हेलिकप्टरबाट काठमाडौँ उत्रेका थिए।

यो मध्यवर्षामा ताप्लेजुङका मैवाखोला, साँघु, दोभान, मिक्वाखोला, लिवाङ, खोक्लिङ, मेरिङदेनलगायत गाउँ जोड्ने सडक भलबाढी र पहिरोका कारण बेकामे बने। फुङलिङस्थित ट्याक्सी काउन्टरका इन्चार्ज प्रेम लम्वा भन्छन्, "वर्षाका बेला यस्ता सडकमा गाडी कुद्ने अवस्थै हुँदैन, सडक व्यवस्थित र भरपर्दो नहुँदा हरेक वर्ष समस्या झेल्नुपर्ने अवस्था छ।"

मध्यपहाडी लोकमार्गको ताप्लेजुङ, तापेथोक-छिरुवाछेउमा पहिरोले सडक भत्काएपछि समस्या परिरहेको छ। गाउँपालिका अध्यक्ष सरोज एभेङका अनुसार सडक निकै भत्किएकाले गाउँपालिकाले बनाउन सक्ने अवस्था छैन। सडक उत्तर-दक्षिण लोकमार्ग बनाउने आयोजनाको जिम्मा छ।

प्रदेश १ का मुख्य मेची, कोसी र सिद्धिचरण राजमार्गसहित दर्जनौँ सडक क्षतिग्रस्त छन्। संघीय सरकारको आर्थिक सर्वेक्षणअनुसार प्रदेश १ मा १२ हजार १ सय किलोमिटरभन्दा बढी सडक छन्। त्यसमध्ये ९ हजार १ सय ७ किलोमिटर कच्ची अवस्थाका छन्। २ हजार ४ सय ६४ किलोमिटर सडक ग्राभेल छन् भने करिब ५ सय किलोमिटर सडक मात्र कालोपत्र गरिएको छ। स्थानीय तह गठन भएयता सबैजसोको प्राथमिकतामा परेकाले धमाधम सडक बन्ने क्रम वर्षामै पनि जारी छ।

प्रदेश १ सरकारले मुख्यमन्त्री ग्रामीण सडक सुधार कार्यक्रम नै सञ्चालनको घोषणा आर्थिक वर्ष बजेटमार्फत गरे पनि काम सुरु हुन सकेको छैन। कतिपय गाउँपालिकाले सडक खन्नकै लागि एक्साभेटर, डोजरलगायत उपकरण किनेका छन्। डोजरलगायत ठूला उपकरणको अनियन्त्रित प्रयोगले विकासभन्दा विनाश निम्तिरहेको इटालीको पादोभा विश्वविद्यालयमा प्राकृतिक स्रोत व्यवस्थापनमा स्नातकोत्तर गर्दै गरेका प्रकाश थापा बताउँछन्। थापाका अनुसार पानीले सही निकास लिन नसक्नु, बाटो निर्माणमा उचित क्षेत्र छनोट नहुनु र भूसंरक्षणका पद्धतिको सही अवलम्बन नगर्नु यसका थप कारण हुन्। ने

फोहोरबाट फलिफाप

कवाडी सामानलाई नयाँ जीवन दिने चार उद्यमी चेली

गोकर्ण गौतम

दराजमा जिन्सका पुराना कपडाको थाक थियो, लगाउन नमिल्ने । फाल्न पनि सकिरहेकी थिइनन्, पुष्पा स्थापित, २७, ले। बच्चादेखि तन्नेरी हुँदासम्म लगाएका ती जिन्ससँग पुष्पाका याद जोडिएका थिए। मिल्काउनु पनि कसरी ! बबरमहलस्थित किङ्स कलेज एमबीए अध्ययनरत पुष्पाले उद्यमशीलतासम्बन्धी प्रोजेक्ट वर्क बनाउनुपर्ने भयो । धेरै दिन घोत्लिइन् तर मेलोमेसो पाइरहेकी थिइनन् । त्यही बेला उनको आँखा पर्‍यो, दराजका तिनै जिन्समा। त्यसलाई काटकुट पारेर नयाँ डिजाइनका झोला बनाएर 'प्रिजेन्टेसन' दिइन्। फालिएका जिन्सबाट नयाँ ब्याग ! कलेजमा सबैले तारिफ गरे ।

पुराना जिन्सलाई नवीन जीवन दिएपछि पुष्पा भावनात्मक रूपमा अझ नजिक भइन्। त्यसैले यसलाई कलेजको प्रोजेक्ट वर्कमा सीमित गरिनन्, एमबीए सकेपछि उद्यममा बदलिन् । नाम दिएकी छन्, 'अपसाइकल नेपाल' । प्रयोगविहीन भइसकेका जिन्सबाट के-के बनाउन सकिन्छ ? बजार कसरी बिस्तार गर्ने ? यसमै घोत्लिरहेकी हुन्छिन् ।

पुष्पा प्रतिनिधि पात्र हुन्, जसले फालिएका सामानलाई सिर्जनशील र उत्पादनशील कर्ममा बदलिरहेका छन्। राजधानीमा फोहोर व्यवस्थापन कहिल्यै समाधान नहुने समस्या हो । घरमै यत्रतत्र फोहोर फालिएको हुन्छ, सडकको दुर्दशा त पाइलैपिच्छे देखिन्छ । फोहोर सहरको सुन्दरतामा धब्बा मात्र होइन, वातावरणीय प्रदूषणको मूलस्रोत पनि हो । हामीकहाँ अवसर नभएको गुनासो औधी सुनिन्छ, यसमा सत्यता नभएको होइन। तर प्रतिभावान् भनिएको नयाँ पुस्ताले समस्यालाई अवसरमा रूपान्तरण गर्न नसकेको अर्को सत्य हो । बहाना बनाएर विदेश जानेको संख्या त्यत्तिकै छ ।

पुष्पाजस्तै अन्य तीन चेलीचाहिँ फोहोरको समस्यालाई उद्यममा बदलेर मोहोरमा परिणत गर्दै छन् । आफूले कमाएका मात्र छैनन्, अरूलाई रोजगारी पनि दिइरहेका छन् । र, सबभन्दा ठूलो योगदानचाहिँ वातावरणमैत्री समाज निर्माणमा भूमिका खेल्दैछन्। उनीहरू हुन्, पुष्पासहित शक्ति मिलन नेपालकी प्रकृति मैनाली, *खालीसिसीडटकमकी* आयुषी केसी अनि टायर ट्रेजर्सकी ओजस्वी वैद्य । प्रकृति भन्छिन्, "हामीले जहाँ समस्या देख्यौं, त्यसैलाई उद्यममा परिणत गर्नुपर्छ । ताकि त्यसले वातावरण, सशक्तीकरण, रोजगारीजस्ता पक्ष सुधार्न सकारात्मक भूमिका खेलोस् ।"

फोहोरबाट फाइदा उठाइरहेका यी चार चेलीको कथा :

पुष्पा स्थापित | प्रकृति मैनाली | ओजस्वी वैद्य | आयुषी केसी

जिन्सलाई जीवन

कलेजमा प्रोजेक्ट वर्कको तारिफपछि पुष्पाले जिन्सको बहुआयामिक प्रयोगबारे रिसर्च गरिन् । आमा डिजाइनर भएकाले पनि कपडा डिजाइन गर्न, बुन्नमा उनको रुचि र दक्षता थियो । त्यही बेला सामाजिक व्यापार प्रतिस्पर्धा आयोजना भयो, जहाँ रचनात्मक आइडिया भएकाले भाग लिन सक्थे । पुष्पा सहभागी भइन् । त्यहाँ पनि अरूको ध्यानाकर्षित गर्न सफल भइन्, फालिएको जिन्सको उपयोग जो थियो । प्रतिस्पर्धामा एक लाख रुपैयाँ जितिन् । र, त्यही रकमबाट जन्मियो, 'अपसाइकल नेपाल' । त्यतिबेला उनको एमबीएको पढाइ सकिएकै थिएन । यो काम सुरुआतबाटै उनले सँगै पढेका साथी राजन चक्रधरसँग मिलेर गरिरहेकी थिइन् ।

असनमा घर थियो, अन्त भाडा लिनुभन्दा घरमै काम थाल्नु उपयुक्त देखिन् । घरको जिन्स त सकिइहाल्यो, अब कहाँबाट ल्याउने ? चिन्ताले सतायो उनलाई । उनले पुराना जिन्सबाट नयाँ ब्याग र अन्य कपडा बनाउँदैछिन् भन्ने थाहा पाएपछि आफन्त र छिमेकीले आफैँ जिन्स ल्याइदिन थाले । कोही फोन गरेर बोलाउँथे । पुष्पा भन्छिन्, "अलपत्र छाड्नु र फाल्नुभन्दा नयाँ कपडा बन्ने भएपछि उहाँहरू उत्साहित हुनुभयो । मलाई पनि फाइदा भयो ।" सुरुमा जिन्सलाई घरेलु शैलीमा सफा पारेर धोइन्छ । सुकेपछि त्यसको आकार हेरेर के सामान बनाउने हो, निर्क्योल गरिन्छ । खासगरी उनको टिमले हातमा भिर्ने र पछाडि बोक्ने ब्याग, ल्यापटप कभर र कार्ड होल्डर बनाउँछ । उनका अनुसार जिन्समा 'भ्यालु एड्' गरेर थप बलियो बनाइन्छ ।

व्यक्तिगत सम्पर्क त भइहाल्यो, त्यसबाहेक अनलाइनबाट बेच्छिन्, पुष्पाले । ललितपुरस्थित यस्तै उद्यमशील मौलिक सामानको प्रवर्द्धन गर्ने स्टोर 'लिटिल थिङ्स नेपाल' मा उनका ब्याग पाइन्छन् । भन्छिन्, "सुरुमा पुरानो जिन्सबाट बनेको भनेपछि अर्कै नजरले हेरिन्थ्यो, बिकाउनै गाह्रो पर्थ्यो । तर यो बलियो र पर्यामैत्री पनि हुन्छ भन्ने बुझाएपछि माग बढ्न थालेको छ ।" हिजोआज जिन्सबाहेक अन्य पुराना कपडालाई पनि नयाँ जीवन दिन लागिपरेकाले बजार फराकिलो हुने उनको आशा छ । उनका सामानको मूल्य एक सयदेखि २ हजार ५ सय रुपैयाँसम्म छ । पुष्पा मुस्कुराउँछिन्, "अब पढाइ सकियो । अझ दत्तचित्त भएर लाग्दै छु । नयाँ पेसा भएकाले मिहिनेत धेरै गर्नुपर्छ तर यसबाट प्राप्त सन्तुष्टि बेग्लै हुन्छ ।"

कम्पनी : अपसाइकल नेपाल
काम : पुराना जिन्सबाट नयाँ झोला बनाउने
मूल्य : एक सयदेखि २५ सयसम्म
सुरूको लगानी : एक लाख रूपैयाँ
सुरुका कर्मचारी : २
हाल : ४
अवधि : एक वर्ष

तस्बिरहरू : सरोज बैजु

कम्पनी : शक्ति मिलन नेपाल
काम : पुराना बोराबाट नयाँ ब्याग बनाउने
सुरुको लगानी : ३० हजार
सुरुका कर्मचारी : १
हाल : २३ (महिला मात्र)
मुख्य खपत : जर्मनी र अस्ट्रेलिया
अवधि : पाँच वर्ष

सशक्तीकरणको प्रयास

तीन छोरी मात्र थिए, त्यसमाथि आमा निरक्षर । न छोरा थिए, न त कमाइ गर्न सक्ने खुबी । आमाले भोग्नुपरेको विभेद र सास्तीलाई बच्चैबाटै नियालेकी थिइन् प्रकृति मैनाली, ३१, ले । वरपर आमाजस्तै अरू महिला पनि थिए, जो आर्थिक रूपमा आत्मनिर्भर नभएकै कारण परिवारपीडित थिए । धन्न ! प्रकृतिले पढ्न पाइन् । एमबीए गरिन् । कहिल्यै जागिर खान भने मन लागेन । एउटै ध्याउन्न हुन्थ्यो, कमजोर महिलालाई आर्थिक रूपमा सबल बनाउने ।

प्रकृतिकी आमाले सिलाइबुनाइ सिकेकी थिइन्, अन्य महिलामा पनि यो दक्षता देखेकी थिइन् । तर यसलाई उनीहरूले आयको भरपर्दो स्रोत बनाउन सकिरहेका थिएनन् । त्यसैले प्रकृतिलाई लाग्यो, धेरै शारीरिक मिहिनेत नपर्ने भएकाले सिलाइबुनाइ नै उपयुक्त हुन्छ । तर अरूले जस्तै काम गरेर बजारमा टिक्ने अवस्था थिएन । नयाँ के गर्न सकिन्छ भनेर बजार अध्ययन गरिन् । त्यही बेला उनको हातमा पऱ्यो, बोराबाट बनेको झोला । उक्त झोला आकर्षक त थियो नै, सँगै टिकाउ र सस्तो पनि । तर नेपाल होइन, कम्बोडियामा बनेको । प्रकृति सम्झिन्छिन्, “हामीकहाँ घरमा प्रयोग भएर त्यत्तिकै फालिएका बोरा टन्नै हुन्छन्, कति जलाएर नष्ट गरिन्छ तर बोराबाट झोला बनाउन सकियो भने वातावरण प्रदूषणमा कमी हुन्छजस्तो लाग्यो ।”

सुरुमा प्रकृतिले एचआईभी संक्रमित दिदीबहिनीलाई तालिम दिइन् । एचआईभीपीडितकै लागि काम गरिरहेको शक्ति मिलन समाजसँग सहकार्य गरिन् । रोजगारी पाएपछि पीडित महिला पनि खुसी । प्रकृतिको भनाइमा कवाडीबाट बोरा किनेपछि सफा गरेर धोइन्छ अनि त्यसको आकारअनुसार झोला बनाइन्छ । जब बजारमा पुग्छ, देख्नेहरू भन्न थाल्छन्- ‘वाउ ! क्या कुल’, ‘पुरानो बोराबाट पनि ब्याग’ । “तर हामीकहाँ अझ वातावरणीय सचेतना आइसकेको छैन, किन्न गाह्रो मान्छन्,” प्रकृति भन्छिन्, “त्यसैले हामीले नेपालभन्दा विदेश लक्षित गरेर सामान बनाइरहेका छौँ । हामीलाई टिकाएको पनि बाहिरकै बजारले हो ।” उनका अनुसार शक्ति मिलन नेपालको ट्याग भएका झोला जर्मनी, अस्ट्रेलिया, अमेरिका, अस्ट्रियाजस्ता मुलुकमा बढी पुग्छन् । यहाँ १५ सय पर्ने झोलाको मूल्य युरोपमा ४९ युरो हुने गर्छ । जर्मनीमा त उनीहरूको आफ्नै अनलाइन स्टोर छ ।

सुरुमा एउटा कोठा र एउटा मेसिन थियो । अहिले धापासीमा चार वटा फ्ल्याट र १५ वटा मेसिनमा निरन्तर काम हुन्छ । २३ महिलाले रोजगारी पाएका छन् । एक जनाले दैनिक औसत ७ वटा झोला बनाउँछन् । उनीहरूको मासिक आम्दानी १८ हजार रुपैयाँ हुन्छ । त्यसबाहेक सामाजिक सुरक्षा कोषको पनि व्यवस्था छ । बच्चा हुने महिलाका लागि नजिकै शिशु स्याहार केन्द्र खोलेकी छन् । स्कुलबाट फर्किएपछि त्यहीँ गृहकार्य गर्छन् र आमासँगै घर जान्छन् । एकातिर वातावरण स्वच्छ, अर्कातिर महिलाको आर्थिक सशक्तीकरण । प्रकृति खुसी साट्छिन्, “मेरो सपना पूरा हुँदै छ । हामी बजार थप विस्तार गर्न खोज्दै छौँ ताकि अन्य एकल र निम्न आय भएका दिदीबहिनीलाई रोजगारी दिएर सक्षम बनाउन सकियोस् ।”

कम्पनी : *खालीसिसीडटकम*
काम : घरमै पुगेर फोहोर संकलन
सुरुमा जोडिएका खाली सिसी दाइ : १
हाल : २ सय ५०
बाँकी कर्मचारी : १०
सुरूको लगानी : ६० हजार

खालीसिसीडटकम

फोहोरदेखि *फोर्ब्स*सम्म

जागिरे मानसिकताबाट टाढै थिइन्, आयुषी केसी, २८ । प्रतिफलमूलक र चुनौतीपूर्ण काम गर्ने चाह थियो तर सधैँ चाहेजस्तो कहाँ हुन्छ र ! व्यवस्थापनमा स्नातक गरेपछि गोर्खा ब्रुअरीमा जागिर खाइन् । मन रम्दै रमेन । त्यसपछि युएसआईडीमा काम गरिन् । तलब र सुविधा आकर्षक भए पनि आयुषी सन्तुष्ट हुन सकिनन् । उनलाई रुचि थियो, वातावरणसम्बन्धी काम गर्ने । त्यस्तो चाँजोपाँजो मिलेन । आयुषी भन्छिन्, "त्यसपछि ममा वातावरण प्रदूषण रोक्ने र आम्दानी पनि हुने काम आफैँ गर्नुपर्छ भन्ने भावना र आँट पलायो ।"

काठमाडौंमै हुर्किएकी उनलाई बच्चाबाटै 'खाली सिसी, बोतल चाहिए' भन्दै साँघुरामा गल्लीमा साइकल डोऱ्याउँदै हिँड्नेहरू देख्दा अचम्म लाग्थ्यो । तर उनीहरूसँग कहिल्यै कुरा गर्न पाइनन् । बरु अरूले 'भैया, कवाडीवाला' भनेर हेपेको देखिन् । ठूली भएपछि बुझ्दै गइन्, यी 'कवाडीवाला' हरू नहुने हो भने काठमाडौं झन् कति प्रदूषित र कुरूप हुन्थ्यो । तर न उनीहरूको कमाइ राम्रो थियो, न त पेसा सम्मानित । भन्छिन्, "खाली सिसी दाइ र फोहोर व्यवस्थापनबारे केही समय अध्ययन गरेपछि सँगै मिलेरै काम गर्ने निर्णय गरेँ ।" त्यसको प्रतिफल हो, *खालीसिसीडटकम* ।

यो काम सुरु गरेको दुई वर्ष बित्दै छ । आर्थिक नाफा मात्र होइन, अन्तर्राष्ट्रिय ख्यातिसमेत कमाइन्, आयुषीले । सन् २०१८ मा विश्वप्रसिद्ध म्यागजिन *फोर्ब्स*ले सार्वजनिक गरेको एसियाका प्रभावशाली युवाको सूचीमा आयुषी पनि परिन् । *फोर्ब्स*को '३० अन्डर ३०' मा सामाजिक उद्यमशीलता क्याटोगोरीमा उनी अटाएकी हुन् ।

फोहोर व्यवस्थापनमा अरूले पनि हात नहालेका होइनन् । यसलाई सामाजिक सेवा मात्र मानिन्छ । तर आयुषीले चाहिँ पुन: प्रयोग उद्यममै परिणत गरिदिइन्, प्रविधिसँग जोडेर । सुरुआती दिनमा भने उनलाई मुस्किल परेको थियो । फोहोर उठाउँदै हिँडेको भनेर परिवार खुसी थिएन, कतिले मजाक गर्थे । खाली सिसी दाइहरूलाई आफ्नो सन्जालमा जोड्न सकिरहेकी थिइनन् । भन्छिन्, "उहाँहरू सानो घेरामा सीमित हुनुहुन्थ्यो, त्यसैले बुझाउनै गाह्रो भयो । कतिपयले त आफ्नो भाग खोस्न आएकी हो भन्नेसमेत सोचेछन् ।" बल्लतल्ल साइकलबाट फोहोर उठाउँदै हिँड्ने रामसागर यादवलाई मनाइन् । पहिलो महिनामै रामसागरले ८ हजार रुपैयाँ अतिरिक्त कमाइ गरे । त्यसपछि उनले अरूलाई पनि खाली सिसीमा जोड्दै लगे ।

पहिले साइकलवालाले दूतावास, स्कुल-कलेज, अपार्टमेन्टमा छिर्न पाउँदैनथे । तर खाली सिसीबारे आयुषीले बुझाएपछि त्यहाँ उनीहरूको पहुँच पुग्यो । फोन वा अनलाइनमार्फत खबर गरेपछि खाली सिसी दाइहरू घरमै पुगेर संकलन गर्छन्, परेको मूल्य तिर्छन् । उनीहरूले सबै फोहोर उठाउने होइनन् । कागज, फलाम, प्लास्टिक र आल्मुनियम मात्र किन्छन्, जुन पुन: उपयोग गर्न सकियोस् । आयुषीका अनुसार राजधानीमा दैनिक ८ देखि ९ लाख किलो फोहोर फालिन्छ, त्यसमध्ये झन्डै ७० प्रतिशत त कवाडी सामान हुन्छ ।

पहिले हेपिएका खाली सिसी दाइहरूलाई अहिले फोहोर लिन जाँदा 'सर' भनेर सम्बोधन गरिन्छ । सम्मान पाएपछि उनीहरू पनि फुरुंग । बाटोमा कराउँदै होइन, ज्याकेट, परिचयपत्र र नोटप्याडका साथ व्यावसायिक ढंगले फोहोर लिन जान्छन् । मासिक ३० देखि ३५ प्रतिशत आम्दानी बढेको छ । आयुषीका अनुसार राजधानीमा १३ हजार कवाडी संकलक छन्, त्यसमध्ये अढाई सय खाली सिसीमा जोडिइसकेका छन् । कवाडी सामान जता काम लाग्दो हुन्छ, त्यतै लगेर बेच्छन् । त्यसको निश्चित कमिसन *खालीसिसीडटकम*लाई दिनुपर्छ ।

*खालीसिसीडटकम*ले पत्रपत्रिकाबाट पेन्सिल र कलम अनि पुरानो जिन्सबाट ब्याग र थैली बनाउन थालेको छ । भन्छिन्, "खाली सिसी दाइहरूले स्मार्ट फोन नबोक्ने भएकाले हामीसँग जोड्न गाह्रो भएको छ । बिस्तारै उहाँहरूलाई प्रविधिमैत्री बनाएर राजधानीबाहिरका सहरमा सेवा विस्तार गर्दै छौं ।"

टायरको करामत

२ वर्षअघि ग्रिनोभेसन च्यालेन्जमा भेट भयो, ओजस्वी वैद्य, २८ र लुनिभा मानन्धर, २३, को। अपरिचित थिए, आ-आफ्नो उद्यम योजना लिएर च्यालेन्जमा भाग लिएका थिए। दुवैको आधारभूत उद्देश्य समान थियो, वातावरण प्रदूषण रोकथाममा भूमिका खेल्ने उद्यम गर्ने। यही सोचबाट जन्मियो, टायर ट्रेजर्स।

मोटरसाइकल र गाडीमा काम नलाग्ने भएपछि टायर कि वर्कसपमा त्यत्तिकै थन्किन्थे कि आन्दोलनमा जलाइन्थ्यो। वातावरणमा दीर्घकालसम्म असर पर्थ्यो तर कसैलाई वास्तै थिएन। आन्दोलनमा टायर दन्काउनु 'फेसन' बनेको थियो। तर ओजस्वी र लुनिभाले ती फालिएका र जल्ने प्रतीक्षामा रहेका टायरमाथि सम्भावना देखे। टायर बलियो हुन्छ। त्यसलाई नयाँ स्वरूपमा ढालियो भने फर्निचर बनाएर बेच्न सकिन्छ भन्ने सोच यथार्थमा बदल्न उनीहरू लागिपरे। भयो पनि त्यस्तै।

च्यालेन्जमा जितेको १ लाख ५० हजारबाट काम सुरु गरे। टायर कहाँ-कहाँ पाइन्छ भनी सम्पर्क बढाउँदै गए। पुरानो टायरलाई पहिले डिटरजेन्टबाट पखाल्छन्, घाममा सुकाएर रङ लगाइदिन्छन् अनि विभिन्न फर्निचर बनाउँछन्। उनीहरूले खासगरी मुडा, टेबल र गमला बनाउँछन्। ओजस्वी भन्छिन्, "काठमाडौँमा नयाँ सोचका साथ खुलिरहेका होटल र रेस्टुराँमा हाम्रो फर्निचरको माग छ। व्यक्तिगत प्रयोजनका लागि किन्ने पनि उत्तिकै छन्।" टायर भएकाले टिकाउ हुन्छ, यताउता सार्न पनि सहज हुन्छ अनि अन्य फर्निचरभन्दा आकर्षक र पर्यामैत्री पनि। यही कारण हुनुपर्छ, टायर ट्रेजर्सका फर्निचर खोज्नेहरू बाक्लिँदै छन्। टायरबाहेक रक्सीका बोतललाई पनि पुनः प्रयोग गरिरहेका छन्। बोतलभित्र सोलार लाइट जडान गरिन्छ, बाहिर जुटले बेरिन्छ। यसो गर्दा बोतलको रंगअनुसार भिन्न प्रकाश बाहिर निस्कन्छ।

तीन महिनाअगाडि थप अध्ययनका लागि लुनिभा विदेश गएपछि ओजस्वी एक्लैले टायर ट्रेजर्सको कमान्ड सम्हालिरहेकी छन्। उत्पादनसँगै बजार विस्तारमा लागिपरेको उनको भनाइ छ। हाल उनका सामान अनलाइन स्टोर दराजमा पनि पाइन्छन्। राजधानीबाहेक पोखरा, धरान, नेपालगन्जबाट समेत माग आउन थालेको छ। लाइट बोतलको मूल्य ६ सयदेखि ८ सय, टेबलको ६ हजारदेखि १४ हजार र मुडाको २ हजारदेखि ८ हजारसम्म पर्छ। ओजस्वी भन्छिन्, "जागिर वा विदेशको सट्टा सिर्जनशील उद्यममा अधिक सम्भावना छ। अवसर पर्खेर समय खेर फाल्नुको सट्टा आफैँ रोजगारी सिर्जना गर्नुपर्छ।" ने

कम्पनी : टायर ट्रेजर्स
काम : पुराना टायरबाट फर्निचर बनाउने
सुरूको लगानी :
१ लाख ५० हजार रूपैयाँ
सुरूका कर्मचारी : २
हाल : २५
अवधि : दुई वर्ष

nari.ekantipur.com | narimagazine | @narimagazine

निर्जन महादेशमा डुल्दा

बद्री पोखेल

नयाँ-नयाँ ठाउँ रोज्ने, बुझ्ने गर्न थालेको पनि निकै वर्ष भइसकेको छ । नेपालका सबै जिल्ला र विश्वका ४० जति देश पुगेँ । यात्राबाट नयाँ ठाउँको फरक-फरक विषयले आकर्षित हुन्छु । सामाजिक परिवेशभित्र विशेषगरी जनताको आर्थिक अवस्था, रोजगारीको स्थिति र सम्भावनाको सूक्ष्म अध्ययन गर्छु ।

गत डिसेम्बरमा पृथ्वीको दक्षिणी ध्रुवसमेत पर्ने अन्टार्टिकाको यात्रामा थिएँ । त्यो यात्रामा मैले भाषा, भेष, परिवेश, खानपान, हावापानी सबै दृष्टिले फरक अनुभव गरेँ । चौबीसै घन्टा घामको उज्यालो देख्न पाउँदा र १० दिनसम्म पानीमाथि मात्र बस्न परेकामा आश्चर्य र आनन्द लाग्यो । अहिलेसम्म नेपालबाट अन्टार्टिकाको यात्रा कति जनाले गरे भन्ने तथ्यांक थिएन, मसँग । इन्टरनेटमा खोज्दा भारतीय सेनामा काम गर्ने भुवन विश्वकर्मासमेत ३ जनाले कामको दौरानमा यात्रा गरेको जानकारी पाएँ । जानकारी सत्य रहे अन्टार्टिका यात्रा गर्ने चौथो नेपाली म भएँ । दूरी र खर्चको दृष्टिमा अहिलेसम्मकै टाढा तथा महँगो र चुनौतीको दृष्टिले जीवन उत्सर्जनसमेतको सम्भावनालाई आत्मसात् गरेर थालिएको यात्रा हो, यो ।

अन्टार्टिका महादेशमा स्थायी बसोबास छैन र हुँदैन पनि । हिउँ नै हिउँ भएको अन्टार्टिकामा प्रचण्ड गर्मी मौसममा पनि माइनस १० डिग्री सेल्सियस चिसो हुन्छ । त्यहाँ स्थायी रूपमा बस्ने, घर बनाउने, होटल खोल्ने, व्यापार गर्नेजस्ता क्रियाकलाप गर्न पाइँदैन भनिन्छ । तर मान्छे नै नबस्ने महादेशमा प्रतिबन्ध कसले गर्ने ? धेरैलाई जिज्ञासा हुने विषय हो ।

अन्टार्टिकामा लेखक

दक्षिणी ध्रुवको क्षेत्र वरपर रहेको अन्टार्टिका महादेश क्षेत्रफलको हिसाबमा युरोप (१०.१८ मिलियन वर्गकिमि) र अस्ट्रेलिया (७.६९ मिलियन वर्गकिमि) भन्दा ठूलो (१४ मिलियन वर्गकिमि) क्षेत्र भएको यहाँ चिसोकै कारणले मानव बसोबासको सम्भावना न्यून छ । अरू महादेशमा जस्तो देश छैनन् । देश नै नभएपछि राजा, राष्ट्रपति, चान्सलर, गभर्नर, पादरी हुने कुरो भएन । देश नभएपछि शासन व्यवस्था पनि छैन भन्ने लाग्नु स्वाभाविकै हो । तर त्यस्तो होइन, त्यहाँ झन् बढी कानुन लाग्छ । कसैले पनि त्यहाँको नियमबाहिर गएर यात्रा गर्न पाउँदैन ।

करिब ६० वर्ष अगाडिसम्म इन्टरनेसनल जोग्राफिक एयर नामक संस्थाले अन्टार्टिकाको व्यवस्थापन हेर्थ्यो । त्यसताकादेखि नै अन्टार्टिकामा विश्वका विज्ञान र अनुसन्धानमा चमत्कार गर्न प्रसिद्धि पाएका बेलायत, रुस, फ्रान्स, नर्वेलगायत नजिकका देश अर्जेन्टिना, चिली, न्युजिल्यान्डसमेतले वैज्ञानिक अनुसन्धान गर्ने नाममा त्यहाँ गएर केही काम गर्दै आएको दाबी थियो । यद्यपि तिनीहरूले दाबी गरेको क्षेत्र कुल अन्टार्टिकाको भूभागमा ज्यादै न्यून थियो । कालान्तरमा दाबी गर्ने क्रममा तिनै देशबीचमा केही मतभिन्नता बढ्न थाल्यो । प्राकृतिक वातावरण र त्यहाँका जलचर र चराचुरुंगीको बासस्थान खल्बलिन थाल्यो । त्यति मात्र नभएर सैनिक गठबन्धन बढ्न सक्ने अवस्था देखापर्‍यो । वातावरण विनास र सैनिक अभ्यासका गन्ध, संकेत र छिटफुट घटना हुन थाले । यस्तो अवस्था देखिन थालेपछि अमेरिकाका राष्ट्रपति आइजनआवरले सन् १९५९ मा अन्टार्टिकाको भूमिमा दाबी गर्ने ७ वटै देशका उच्च नेतृत्वलाई बोलाएर त्यहाँको प्राकृतिक स्वच्छता नखल्बल्याउने विषयमा एकमत गराउन सन्धिको प्रस्ताव गरे । उक्त छलफलमा ७ देशका अतिरिक्त बेल्जियम, जापान, दक्षिण अफ्रिका, सोभियत युनियन र अमेरिका पनि सामेल भए । छलफलमा बसेका १२ देशले अन्टार्टिकाको भविष्यलाई लिएर १९५९ डिसेम्बर १ का दिन सन्धिमा हस्ताक्षर गरे । उनीहरूले गरेको सन्धि सम्बन्धित देशहरूमा संशोधन भई सन् १९६१ जुन २३ देखि पूर्णतः लागू भयो ।

सन्धिका पक्षधर देश १२ बाट बढेर ५३ पुगिसकेका छन् । त्यो सन्धिले नै अन्टार्टिकाको व्यवस्थापन गरिरहेको छ । सन्धिको सचिवालय सन् २००४ देखि अर्जेन्टिनाको राजधानी ब्युनसआयर्समा छ । दक्षिणी ध्रुवको क्षेत्रभित्र पर्ने अन्टार्टिका महादेश हिमाच्छादित क्षेत्र हो । सुन्तलाकार पृथ्वीको पीँधमा पर्ने यो क्षेत्रले पृथ्वीको अन्य क्षेत्रभन्दा फरक विशेषता बोकेको छ । सधैँ जाडो, सर्वत्र हिउँ, हिमनदी हुनु, पानीमा हिउँका डल्ला देखिनु, स्वच्छ पानी हुनु, मानव बस्ती नहुनु नै अन्टार्टिकाको विशेषता हो । अन्टार्टिकाको सबै हिउँ पग्लिए सबै समुद्रको सतह ६० मिटर (करिब २ सय फिट) अग्लो हुन सक्ने र सामुद्रिक स्वच्छताको ७० प्रतिशत अंश अन्टार्टिक समुद्रबाटै प्राप्त हुने वैज्ञानिक अनुसन्धानको ठहर छ । सोही कारण पनि अन्टार्टिकाको प्रकृति समस्त विश्वकै लागि कति संवेदनशील छ भन्ने स्पष्ट हुन्छ ।

अन्टार्टिका यात्रालाई नेपालको पर्यटन प्रवर्द्धनसँग जोड्न सकिए यसको सार्थकता हुने र राष्ट्रिय उपलब्धिका रूपमा गणना गर्न सकिने लाग्यो ।

अन्टार्टिकालाई हिउँ, जाडो र वैज्ञानिक अनुसन्धानसँग जोड्न सकेजस्तै नेपालमा भएका विश्वका १४ भित्रका ८ हजार मिटरमाथिका ८ वटा हिमाल, अपरिमेय जलस्रोत, वनजंगललाई व्यापारीकरण गरेर फाइदा लिन सकिन्छ । समुद्र सतहदेखि सर्वोच्च उचाइमा रहेका जैविक विविधता, वनस्पति, वन्यजन्तु, हावापानी, वातावरण, मानव बस्ती, संस्कृतिको पार्थक्य र बहुविधा चिनाउने काम गर्नुपर्छ । वैज्ञानिक अनुसन्धानको पर्याप्त सम्भावना उजागर गर्दै अन्टार्टिकाको स्वच्छता, सरसफाइसम्बन्धी नियम नेपालको पदयात्रा र पर्वतारोहणमा पनि लागू गर्न सकिन्छ । ने

जोगी आत्मा

गोकर्ण गौतम
तस्बिर : सरोज बैजु

बनारस हिन्दु विश्वविद्यालयबाट फाइन आर्टमा स्नातकोत्तर गरेर फर्किएको तीन वर्षपछि किरण मानन्धर फ्रान्स गए, सन् १९८३ मा । साथमा थिए, उनका १५ पेन्टिङ । पहिलोपल्ट पेरिस जाँदा फ्रान्सेली भाषा आउँदैनथ्यो । तर त्यहाँ भाषा नजान्नेलाई मान्छे नै नगन्ने रहेछन् । ट्याक्सी चढ्न पैसा हुँदैनथ्यो, त्यसैले पिठ्युँमा पेन्टिङको चाङ बोकेर सहर चहार्थे । न प्रदर्शनीमा राख्ने चाँजोपाँजो मिल्थ्यो, न त कुनै पेन्टिङ बिक्थ्यो नै । हत्तुहैरान भए । तीन महिनाको भिसा छउन्जेल टिक्न मुस्किल पर्ने भयो । निराशाले च्यापेकाले हत्तपत्त निद्रा पर्दैनथ्यो ।

रातको १ बज्दै थियो, किरणको कोठामा एक जोगी छिरे । कुराकानीको सुरूआतमै उनलाई पहिल्यैदेखि चिनजानको मान्छेजस्तै महसुस भएछ । जोगीले चित्र कोर्ने तरिका, पेरिसमा क्यानभास पाइने ठाउँ सबै बताए । उनी जोगीका वचन मन्त्रमुग्ध भएर सुनिरहेका थिए । त्यत्तिकैमा छेवैको साथीले सोधेछ, 'किन एक्लै बोलिरहेको ?' किरण सम्झन्छन्, "साथीले बोलेसँगै त्यहाँ कोही देखिनँ, हाम्रो कुरा त्यहीं रोकियो ।"

भोलिपल्टदेखि उनी जोगीकै 'रोडम्याप' अनुसार हिंडे । अचम्म ! फलिफाप हुंदै गयो । प्रदर्शनीमा आफ्नो पेन्टिङ राख्न त पाए नै, फ्रान्सको संस्कृति मन्त्रालयले गरेको अन्तर्राष्ट्रिय चित्रकला प्रदर्शनीमा प्रथमसमेत भए । सरकारले ९ महिना भिसा थपिदियो, त्यही बसेर पेन्टिङ गरे । उनले बनाएका मास्कका चित्र खुब रूचाइयो । फ्रान्सेली भाषा सिके । कला अनुरागीको सपनाको सहर पेरिसमा पहिलो भ्रमणबाटै किरणले सुनौलो छाप बनाए ।

नेपाल फर्किएपछि पनि बारम्बार त्यही जोगीसँग साक्षात्कार भयो । जब ब्रस र कुची लिन्थे, जोगीको अनुहार आँखामा झल्झली नाच्थ्यो, शरीर र सोचाइमा छुट्टै स्फुर्ति सञ्चार हुन्थ्यो । साढे तीन दशक बित्यो, अझ पनि उस्तै हुन्छ । मानन्धर भन्छन्, "मेरो शरीरमा जोगीको आत्मा छ, त्यसले पेन्टिङ गर्न बल दिन्छ । अरूले नपत्याए पनि मेरा लागि सत्य यही हो ।" दोस्रो जनआन्दोलन सफल भएलगत्तै सूर्योदयदेखि सूर्यास्तसम्म धरहरामा १ सय २८ फिट लामो चित्र बनाए, 'लोकतन्त्र' । बंगलादेशमा बाटोमा सय मिटर लामो क्यानभासमा पेन्टिङ गरे । यी अद्‌भुत कर्म जोगीकै आत्माको देन मान्छन्, किरण ।

चित्रकारले कसैप्रति प्रेम व्यक्त गर्न के गर्ला ? पक्कै रंगको सहारा लिन्छ । किरणले पनि त्यस्तै गरे । जोगीको आत्माप्रति स्नेह अभिव्यक्त गर्दै चित्र बनाए । झम्सिखेलस्थित अगेना रेस्टुराँमा ती चित्रको प्रदर्शनी जारी छ । नाम राखेका छन्, 'आत्मा : द सोल' । ३ असोजसम्म चल्ने प्रदर्शनीमा २० पेन्टिङ छन् । मूल्यचाहिं १ लाखदेखि ५ लाख रूपैयाँसम्म । किरण भन्छन्, "यो प्रदर्शनी जोगीलाई समर्पण गरेको छु । मेरो पेन्टिङको स्रोत र शक्ति त्यही आत्मा हो ।"

पेन्टिङ गरिनँ भने छटपटी हुन्छ, ज्वरो आएझैं हुन्छ । स्वस्थ रहन पनि पेन्टिङ गर्नैपर्ने हुन्छ ।

उनी प्रत्येक दिन घटीमा तीन घन्टा ब्रस र कुचीसँग खेल्छन् । कहिलेकाहीं त लगातार आठ घन्टासम्म । स्टुडियो छिरेपछि बाहिरी दुनियाँ पूरै भुल्छन् । कस्तो पेन्टिङ बनाउने कहिल्यै योजना हुंदैन, आफैं स्वतःस्फूर्त बन्दै जान्छ । आत्माप्रति अगाध विश्वास र श्रद्धा यसरी पोख्छन्, "पेन्टिङ गरिनँ भने छटपटी हुन्छ, ज्वरो आएझैं हुन्छ । स्वस्थ रहन पनि पेन्टिङ गर्नैपर्ने हुन्छ । यो सबै आत्माको शक्तिजस्तो लाग्छ ।"

चित्रकलामा किरणको नाम नेपालमा जति सम्मानित छ, फ्रान्स, जर्मनी, डेनमार्कजस्ता युरोपियन मुलुकमा त्योभन्दा धेरै । युरोपका प्रायः देशमा एकल चित्रकला प्रदर्शन गरिसकेका छन् । नेपालसहित गन्ने हो भने यो संख्या डेढ सय नाघिसकेको छ । तीन दशकअगाडि नै फ्रान्समा उनको एउटै चित्रले ३८ हजार फ्रेन्च फ्र्यांक (नेपाली रूपैयाँ झन्डै ३ लाख ८० हजार) पाएको थियो । सन् १९९८ मा फ्रान्सको प्रतिष्ठित 'सिटिज् इन्टरनेसनल देस आर्टस्' फेलोसिप पाएका थिए । नेपालमै चाहिं उनको पहिलो पेन्टिङ सय रूपैयाँमा बिकेको थियो । ग्राहक थिइन्, मञ्जुश्री थापा । सन् १९८९ मा उनको १५ मिटर लम्बाइ र १२ मिटर चौडाइको पेन्टिङलाई एक विदेशीले १५ लाख रूपैयाँ तिरेका थिए । उनी ललितकला प्रज्ञाप्रतिष्ठानका संस्थापक उपकुलपति पनि हुन् । नेपाली चित्रकलाको गुणात्मक अभिवृद्धि तथा व्यावसायिकीकरणमा अतुलनीय योगदान गरेका यी हस्ती भन्छन्, "उपकुलपतिका रूपमा चार वर्षबाहेक मैले सरकारको नुन खाएको छैन । जे-जति गरें, आफ्नै पेन्टिङ बेचेर कमाएँ ।"

किरण ६२ वर्ष पुगिसके तर सिर्जनशील सक्रियता रत्तिभर घटेको छैन । पेन्टिङ उनका लागि आँसुजस्तै हो । दुःखमा पनि दुई थोपा झर्छ, सुखमा पनि । रंगले भाव व्यक्त गर्छन्, खासगरी उत्तरअभिव्यक्तिवाद (पोस्ट-एक्स्प्रेस्निज्म) शैलीमा । उनका पेन्टिङ जीवन, भोगाइ र अनुभूतिका प्रतिविम्ब हुन्, जसलाई समाजसँग नजिक राख्न खोज्छन् । देश-विदेशका कलाप्रेमी उनका पेन्टिङ संग्रह गर्न मरिहत्ते गर्छन् । तर हिजोआज आफ्नो पेन्टिङले लाखौं मूल्य पाउँदाभन्दा कुनै नयाँ पुस्ताको कलाकार पेन्टिङमा दत्तचित्त भएर लागेको देख्दा सुखानुभूति हुंदो रहेछ । भन्छन्, "राज्यको बेवास्ता निरन्तर छ तर ऊर्जावान् र प्रतिभावान् तन्नेरी कलाकारको आगमनले नेपाली चित्रकलाको भविष्य समृद्ध छ । यसमा मजत्ति खुसी अरू को होला र !" ने

मिगरका घुमन्ते गीत

प्रत्येक कविले चेतन वा अवचेतनमा एउटा स्रष्टा बोकेको हुन्छ, एउटा प्रियजन वा सहकर्मीको प्रवक्ता भई हिँडिरहेको हुन्छ । मेरा अमेरिकी गुरू डेविड रेले महान् कवि विलियम कार्लोस विलियमको काव्य जगत्सित परिचय गराए भने इजरायली कवि रोनी सोमेकले पोलिस कवयित्री सिम्बोस्कासित परिचय गराए । म पनि भ्रमणका क्रममा प्रिय कवि गोपालप्रसाद रिमालको परिचय ठाउँ-ठाउँमा दिइरहेको हुन्छु । *प्रतीक*को पछिल्लो अंकमा फ्रान्सका केही कविको अनुवाद छाप्दा कवि एवं अनुवादक पियर जोरिससित न्युयोर्कमा भेट्ने मौका पाएँ । भेट्नेबित्तिकै जोरिसले प्रसिद्ध अरबी कवि अडोनिसको प्रसंग उप्काए । *अरेबिया (नट सो)* डेजर्टको अन्तर्वार्ता र अंग्रेजी भाषामा अनूदित कविता पढेर म अडोनिसको साहित्य जगत्मा डुबेको थिएँ ।

जहाँ पनि सजिलोसित बोक्न सक्ने र मूल रूपमा नितान्त घुमन्ते स्वरूपको अरबी कविताको उत्पत्ति इस्लाम धर्मभन्दा एक-दुई शताब्दीअघि भएको थियो । सातदेखि दस कविता अर्थात् केही स्तुति (मुअल्लकत) बाट प्रारम्भ भएको अरबी कविता एकनासे लय, छन्द र ढाँचामा रचिएको थियो । यसलाई आठौं शताब्दीमा अल खलिल बिन अहमदले औपचारिक रूपले संहीताकरण गरेर पूर्णता दिए । जोरिसका अनुसार बाह्रौंदेखि बीसौं शताब्दीसम्मको केही समयसम्म यस विधाको कथ्य र ढाँचामा कुनै पनि उल्लेखनीय परिवर्तन भएन । बीसौं शताब्दीमा आएर कवि अडोनिस र उनका समकालीनले यस विधालाई पारम्परिक बन्धनबाट मुक्त गरी अरबी साहित्यमा नौलो सौन्दर्यशास्त्र स्थापना गरे ।

नोबेल पुरस्कारका लागि सदाबहार दाबेदार अडोनिसको जन्म सिरियाको अलविती नामक किसान गाउँमा भएको थियो । गरिब परिवारका भएकाले उनी स्कुल जान सकेका थिएनन् । प्रारम्भिक शिक्षा पिताकै खेतबारीमा प्राप्त गरे । पिता अरबी शास्त्रीय कवि भएकाले उनले पनि कविता लेखन र वाचनमा निपुणता पाएका थिए । सिरियाका तत्कालीन राष्ट्रपति छिमेकी नगरमा आएका बेला अडोनिसले कविता सुनाएर मन जितेका थिए । कवितामा उनले विद्यालय गई पढ्ने इच्छा व्यक्त गरे । राष्ट्रपतिले पछि बालकलाई कार्यालयमा बोलाई छात्रवृत्ति दिए । छात्रवृत्तिकै कारण कलेजसम्म पढ्ने प्रबन्धका साथै विद्यावारिधिसम्म गर्ने मौका मिल्यो । उनले दमास्कस विश्वविद्यालयबाट स्नातक गरे । पछि साहित्यिक पत्रिका *शेर*को सम्पादन गरी विश्व साहित्यका अनुवाद छापेका थिए ।

ग्रीक देवता अडोनिसको उपनाम लिएर हिंडेका अलि अहमद साउइदले राजनीतिक मतभेदका कारण १९५६ देखि बेरूत र १९८५ देखि पेरिस प्रवास रोजे । पेरिसमा बस्दा आफ्ना रचनामा उनले निरन्तर एकेश्वरवादविरूद्ध उभिएर जीवनमा बहुलताको वकालत गरेका छन् । एउटा नास्तिकले मात्र कविता लेख्न सक्छ भन्ने विचार छ, उनको ।

उनका ९५ प्रतिशतभन्दा बढी कवितामा मुख्य वक्ता स्त्री नै हुन्छन् । स्त्रीलाई पुरुषको हाडबाट थुतिएको भन्ने विश्वास रहेकाले इसाई, इस्लाम र यहुदी धर्ममा पुरुष बहुलताको विरोध छ । फ्रान्सेली कवि मल्लार्मेबाट प्रभावित अडोनिसले आफ्नो किताब *मिगरका घुमन्ते गीत*मा छन्दरहित लामो गद्य कविता लेखी अरबी कविताको पुनर्लेखन गरेका छन् । उनले यसमा ईश्वरको परिभाषा नै बदलिदिएका छन् र चर्चित व्यक्तित्वको स्तुतिगान गरेका छन् । यसमा रक्सी र केटाहरू मन पराउने अबु नुवास, नास्तिक रहस्यवादी सुफी कवि हलाज (कट्टरपन्थीबाट जिउँदै चितामा जलाइएको), इरानी मूलका आठौं शताब्दीका कवि बसिर इब्न बर्ड (स्वतन्त्र विचारका कारण कोर्रा हिर्काएर मारिएका) र समकालीन राजनीतिक सिरियन स्प्रिङको विरूद्ध लेखिएका रचना समाविष्ट छन् । वर्तमान अझै गार्दको तर्ज शैलीले अरब कविताको पुनः लेखनको प्रयास मात्र नभई त्यसको शैली र कथ्यलाई भित्रदेखि पुनर्जीवित गरी नौलो अध्याय प्रारम्भ गरेको छ । अडोनिसको संसारमा नारीको शरीरमाथि इतिहास च्यातिएको छ । अरबी नारीले मात्र अरब संसारमा स्वतन्त्रता दिलाउन सक्छन् भन्ने अडोनिसको विश्वास छ ।

■ **अनुवाद : युयुत्सु आरडी शर्मा**

अडोनिसका तीन कविता

एक्काइसौँ शताब्दीका लागि एउटा ऐना

एउटा शिशुको अनुहार बेरिएको एउटा कात्रो

एउटा किताब
एउटा गाईको आँतबीचमा बसेर लेखिएको

एउटा जनावर फिलिंगो बोकेर हिँडिरहेको

एउटा ढुंगो
सास फेरिरहेको एउटा बहुला मानिसको फोक्सोमा

यति नै हो नि
यही नै हो बीसौँ शताब्दी ।

प्रथम शताब्दी

कवि, ढुंगे ओढारहरूबाट निस्केर आऊ
मुसा, सालामन्दर र जूनकिरीसित बाहिर आऊ
र साक्षी बन्नू ती कविहरूको जो बेनाम पितृभूमिमा बसेका छन्
पितृभूमि जुन सुन्निएको छ लासहरूले

ती कविहरूलाई, जसले घाँसका लागि कविता पढ्ने गरेको छ



बाहिर आउनु र साक्षी हुनु कविताका लागि
पानसहरूपछि आउनेछ पखेटाहरूको गहिरो रसातल
समुद्रपछि, एउटा अपभ्रंट मृत्यु

उन्मत्तको पर्दापछाडि प्रेमासक्त अस्वीकृति–
मानिस, हामीलाई एउटा भविष्यवाणी गरिदिनुस् ।

अर्बाद, भ्रमहरूकी राजकुमारी

कविताले आफ्ना प्राचीन पानाहरू
बाल्छ, यसको ध्वस्त परेको
नालीबेलीलाई घोडा हिर्काउने कोर्राले
हान्छ ।
भोलिको कविता इन्कारको राष्ट्र
हो । ओहो ! मृत्युका शब्दहरू !
ओहो ! किरियाको कुमारीत्व !
भविष्यको कविताले बाल्यकालको
परेलीले आफूलाई लेख्नेछ ।
यो रुन्छ र प्रार्थना गर्छ, स्तनको
देवत्वका लागि ।



कसका लागि एउटा अशक्त
आगोले काखीको आकारलाई प्रज्वलित गर्छ ? कसका लागि यी मसी र नोस्टाल्जियाका वर्षे अन्त्येष्टिहरू ? कसका लागि शब्दका घाउहरूले यस स्त्रीको शुद्धीकरण गरेको ? ओहो, समुद्री सिपीहरूको टापु ! नग्नताको द्वीप ! पुरुषले पाल्तु बनाउँछ छातीको लोखर्केलाई, खोल्छ पाठेघरको दुर्ग, एउटा अनुहारविहीन देउता, पृथ्वीको ताज ।

अर्बाद, सिरियाको एउटा नगर

पुस्तक

साझा कथामाला

राजकुमार बानियाँ

छोरीका लागि किताब खोज्दाखोज्दै आफैँ बालसाहित्यमा होमिइन्, आन्विका गिरी । राजकुमारका तिलस्मी कथा अनि भूतप्रेतका रहस्यकथा उनलाई सुनाउन मन लाग्दैनथ्यो । नेपालीमै लेखिएका बालसाहित्यले मन भरिँदैनथ्यो । लेखकले अब कोसित गुनासो गर्नु ! अनि आफैँ पाँच बालपुस्तक लेखिन् । उनको पछिल्लो सचित्र बालकथा-शृंखला हो, *आमाले सक्नुहुन्छ* ।

अलिकति कथा त नामले नै बताइसक्यो । तर यो पुस्तक आमालाई महिमामण्डित गर्न मात्रै लेखिएको होइन, यसले सिंगो नारी-सामर्थ्यकै कथा भन्न खोजेको छ । सप्त कथामाला *आमाले सक्नुहुन्छ*की माधवी पाठकलाई तराई-मधेसको ग्राम्य सेरोफेरो डुलाउँछे । उसको घरमा आमा, बाबा, दाजु र भाइ छन् । तरकारी खेती पनि छ । तर उसको टकराव भने एकाघरको दाजुसँगै छ । बालमनोविज्ञानमा आधारित कथाका शीर्षकले नै धेरै कुरा बताउँछन् । आन्विका कथामा बांगोटिंगो बाटो लिन चाहन्नन् ।

माधवीले आमालाई एकल नायक बनाएकी छे । उसकी आमासँग हरेक समस्या छुमन्तर हुन्छन् । एउटा कापी दिदी र भाइलाई आधाआधा बाँडेर सिलाउनेदेखि हरियो साइकल चलाउनेसम्म । साइकल महिला सशक्तीकरणको बलियो विम्ब हो । आमाले साइकल चलाएपछि भान्सामा तरकारी थुप्रन छाड्यो । बजारमा सजिलै लैजान सकियो । घरव्यवहार राम्ररी चल्यो ।

आमाको साइकल सिकाइ रोचक छ । अरूले देखे के भन्लान् भन्ने सोचेर राती सबै सुतेका बेला आँगनमा साइकल निकालिन्छन् । आन्विका 'ड्राइभिङ सिट' मा महिलालाई देख्न चाहने अभियानी भएकाले कथामा त्यसो गर्नु अनौठो भएन । तर माधवीका बाबुले साइकल चलाउन नसकेको बनाउनाले उनलाई आख्यानको लाइसेन्स नै चाहियो । लैंगिक रूपमा आमाभन्दा बाबु बलियो भन्ने भ्रम तोड्ने उनको अधिकतम प्रयत्न छ ।

हुरीले घरको छाना उडाएपछि आमाकै अक्किलले सेतो जस्ता जोरजाम भएको छ । रश्मीको रजस्वलापछि माधवीलाई लुक्नु नपर्ने विशेष व्यवस्था गरिदिएकी छन् । त्यसैले आमालाई 'पाप धुने साबुन' भनिएको छ । आमाको महानतासामु सबै नतमस्तक छन् । रंगीन टीभीका निम्ति बाल समूहको भद्र भोक हडतालको कुनै असर छैन । बरू आमाको दोकान खुलेर क्यालकुलेटर चलाएको चामत्कारिक दृश्यसँगै कथा टुंगिएको छ । तर यो हाम्रा बालबालिका ठूलासामु पददलित भएको दृष्टान्त हो । बालकथामा कम्तीमा लेखकले बालबालिकाकै विजय देखाइदिए हुने । आमाको जयले माधवीको बाल वकालतमा प्रश्न उठ्छ । यद्यपि विजय महिलाको पोल्टामै छ ।

हाम्रो सामाजिक संरचना पक्कै नारीमैत्री छैन । महिलाको सकारात्मक ऊर्जा र उत्साहलाई बुझ्दैन । माधवी कहिलेकाहीं दाजु प्रकाशसँग अलि पूर्वाग्रही लाग्छे । माधवीलाई पासै नदिई फुटबल खेल्छ, प्रकाश । सामूहिकताको मर्म नबुझ्दाको परिणाम द्वन्द्व हुन्छ । माधवी 'बेस्ट प्लेयर' बनेपछि दाजु सहअस्तित्व स्वीकार्छ र मानसिक युद्धविराम हुन्छ ।

आमाका मात्र होइन, माधवीका कदम अनौठा लाग्छन् । यथार्थका घरबीच आन्विकाले एउटा आदर्श घर सिर्जेकी छन् । त्यहाँ मायालाग्दा पात्र छन्, बाबु भान्सा विभागमा सिपालु छन् । छोरीको चुल्हो बाटिदिन्छन् । महिलालाई अघि बढाइरहेका छन्, सहयोगीका रूपमा । छोराछोरी दुवैलाई सानैदेखि घरव्यवहारमा सहभागी गराउनुपर्छ भन्ने मान्यतामा समाजको खिसिट्युरी र व्यंग्यवाण उनले पचाएकै छन् ।



आमाले सक्नुहुन्छ
लेखक : **आन्विका गिरी**
प्रकाशक : **साङ्ग्रिला बुक्स**
पृष्ठ : **१५८**
मूल्य : **२७५ रुपैयाँ**

सातै कथा जोड्दा उपन्यासजस्तो देखिन्छ । कथाको सिलसिला कतै भंग भएको छैन । कथा पढेपछि पाठक 'जजमेन्टल' मात्र होइन, 'जेन्डर सेन्सेटिभ' पनि हुन सक्छन् । गडी, गोजिया, दाउनी, मौगिया, गुल्टीमुल्टी, ढोक्सो आदि तराईका ग्राम्य शब्दको सूची बनाएर अर्थ राख्न पाए सबैतिरका पाठक लाभान्वित हुन सक्थे ।

लाग्छ, आन्विकाको लेखन सचेत बौद्धिक हस्तक्षेप हो । कथामा बालसुलभ खेल, मनोरञ्जनभन्दा पनि लैंगिक उछिनपाछिनले रोचकता घटाएको पनि छ । र, आन्विकाले छोरीको पालाको होइन, आफ्नै पालाको कथा लेखेजस्तो छ । सहरकै परिवेशका बालबालिकाले यसलाई कति बुझ्लान् ? कथाले कहेजस्तो गाउँघर कहाँ पाइएला ? नेपाली भाषा नै पढ्न अल्छी मान्ने पुस्तालाई कति खुराक देला ? यद्यपि बालकथामा उनको मौलिकतासहितको जाँगर प्रशंसनीय छ ।

पात्रहरूको चरित्र निर्माणमा मात्र नभएर भाषा, पात्र, प्रस्तुतिमा पनि आन्विका संवेदनशील देखिन्छिन् । कुलदीप जंगबहादुर गुरूङका चित्रले कथा जीवन्त बनेका छन् । स्वतन्त्र बालसाहित्य भए पनि यसलाई विद्यालय तहको पाठ्यक्रममै समावेश गर्न सकिन्छ । तर 'आखिर चिसो शरद् सकिएर वसन्त ऋतु पनि आयो' जस्ता झुक्याउने वाक्य झिकेर । यो पुस्तक बालबालिकाका साथै अभिभावक र शिक्षकका लागि पनि साझा मार्गदर्शक बन्न सक्छ । ने

तीन किताब

विनोद सिजापति | विश्लेषक



सहनशील नै सफल

कुनै बेला टोनी ब्लेयरभन्दा उनकी श्रीमती चेरी ब्लेयर लोकप्रिय थिइन् । पहिलो पटक चुनाव लड्दा दुई जनाबीच सहमति भएछ- जित्नेले राजनीति गर्ने र हार्नेले घर सम्हाल्ने । चेरीले हारिन् । टोनी राजनीतिमा होमिए । उनले पुराना साथी र मजदुर संगठनका तेजिला मानिसको सहयोगमा राजनीति हाँके । उनका यस्तै रोचक यात्रालाई समेटिएको छ, **ब्लेयर**मा । विभिन्न भागमा प्रकाशित यो जीवनीशृंखला तयार पार्दा हजारौं वृत्तचित्र र सयौं अन्तवार्ताको सहयोग लिइएको दाबी एन्थोनी सेल्डनको छ । ब्लेयरको जन्मदेखि प्रधानमन्त्रीसम्मको यात्रालाई रोचक शैलीमा चित्रण गरिएको किताबबाट युवा नेतृत्वले दुई पाठ लिन सक्छ । एक, मुलुकको समृद्धियात्रामा व्यक्तिभन्दा रणनीति नै प्रमुख कारक हुँदो रहेछ । दुई, एकै व्यक्तिले लामो समयसम्म सत्ता ओगट्नु हुँदैन । पुरानो परिपाटीबाट राजनीतिको रथ अघि नबढ्ने देखेपछि ब्लेयरले नयाँ पुस्ताको जोस र दृष्टिलाई राजनीतिको मूल प्रवाहमा निर्णायक बनाए । गोर्डन ब्राउनसँग नेतृत्व हस्तान्तरण गर्ने सहमति भएपछि तार्किक र स्पष्ट वक्ता ब्लेयर लेबर पार्टीको प्रमुख हुँदै प्रधानमन्त्री भए । तीन कार्यकाल प्रधानमन्त्री भएका लोकप्रिय ब्लेयरको दोस्रो कार्यकालदेखि ब्राउनसँग सम्बन्ध बिग्रियो । सहमति कार्यान्वयन नभए पनि ब्लेयरले पूर्ण अधिकारसहित ब्राउनलाई अर्थमन्त्री बनाए । अब्बल अर्थशास्त्री तथा इतिहासविद् ब्राउनले बेलायतको अर्थतन्त्र सुधारिदिए भने ब्लेयरले फेरि मुलुकको बागडोर लिए ।

कम्युनिस्ट व्यवस्था होस् या लोकतान्त्रिक- जसले आफ्नो कुरा लागू गराउन सक्छ, उसलाई शक्तिशाली नेता मानिन्छ । आर्ची ब्राउनको **द मिथ अफ द स्ट्रङ लिडर**मा संसारका नेतृत्वका प्रकार र प्रभावबारे चर्चा गरिएको छ । ब्राउनका अनुसार नेता तीन प्रकारका छन्- लोकतान्त्रिक, फासीवादी र कम्युनिस्ट या सैन्य अधिनायकवादी । लोकतान्त्रिक नेतृत्व बदल्नु सामान्य कुरा भइहाल्यो । संसद्को सर्वोच्चता र सरकारबाहिरको दबाबका कारण त्यस्ता नेतृत्वलाई मनमौजी हुने छूट हुँदैन । मुसोलिनी, हिटलर, इदी अमीनजस्ता आफूलाई केन्द्रमा राखेर शासन गर्न खोज्ने फासीवादीहरूको चरित्रमाथिको विश्वव्यापी आलोचना हुने गरेको छ । उनीहरूसँग एक प्रकारको प्रणाली हुन्छ नै । जस्तो, हिटलर र मुसोलिनीका आ-आफ्ना पार्टी थिए । सैन्य अधिनायकवादी बाटोबाट सत्ता कब्जा गर्नेहरूसँग कुनै वैधानिक बाटो नभएकाले रोक्न मुस्किल हुन्छ ।

कम्युनिस्ट नेताले पनि पार्टीमा अरूलाई पेलेर नेतृत्व हत्याउने अभ्यास गरेका हुन्छन् । लेनिन, स्टालिन र माओलाई बलशाली नेता नै मानिन्छ तर उनीहरूले पनि मुलुकलाई कहाँ पुऱ्याए त ? बहुदलपछिका अदूरदर्शी नेतृत्वका कारण नेपालमा पनि ठूल्ठूला गल्ती भएका छन् । ब्राउनको ध्यान शक्तिशालीभन्दा सफल नेतृत्वमा देखिन्छ । सक्षम व्यक्तिलाई अधिकार हस्तान्तरण गर्न सक्ने आँटसहितको सहनशील र ग्रहणशील नेता नै सफल रहने उनको धारणा छ । दोस्रो विश्वयुद्धमा फ्र्यांकलिन रूजवेल्ट बितेपछि दोस्रो वरीयताका ह्यारी एस ट्रुम्यान अमेरिकी राष्ट्रपति भए । कमजोर नेतृत्व भनिएका ट्रुम्यानका कामलाई ब्राउनले प्रशंसा गरेका छन् । उनले अमेरिकामा उदार मूल्य-मान्यतालाई उचाइमा पुऱ्याएको मानिन्छ । हामीलाई पनि जनताका आवश्यताअनुरूपको प्रणालीको खाँचो छ न कि नेताको । लोकतान्त्रिक नेतृत्व नै सफल हुने निचोड किताबको छ ।

फ्रान्सेली मानवशास्त्री जेरार्ड टफिनले लामो समय नेपाल बसेर लेखेको पुस्तक हो, **इम्याजिनेसन एन्ड रियालिटिजः नेपाल बिटविन पास्ट एन्ड प्रेजेन्ट** । यस किताबले नेपालको इतिहास, सामाजिक संरचना र मानवीय व्यवहारबारे प्रस्ट पारेको छ । हाम्रो चाहना, धरातलीय यथार्थ, संस्कृति आदिलाई तिलाञ्जली दिएर कल्पनाको संसारमा मात्रै डुब्दा नेपालले भोगेको सकसलाई जेरार्डले सिलसिलाबद्ध व्याख्या गरेका छन् ।

भूकम्पीय विनास र यहाँ चलेका अनुमान/छलफल बिर्सेर अजंगका भवनप्रतिको हाम्रो मोहलाई लेखकले उल्लेख गरेका छन् । ०७२ को भूकम्पपछि पनि रातो स्टिकर हटाएर तला थप्ने हर्कत चलिरहेकै छ । जनताको जीउधनको रक्षार्थ काम गर्नुको सट्टा भ्युटावरको अग्लाइमा सरकारले आफ्नो अहं प्रदर्शन गरिरहेको छ । मानव स्वास्थ्य र प्राकृतिक वैभवलाई मिचेर राज्यले अदूरदर्शिता मात्रै उदांगो पारेजस्तो लाग्छ । आधुनिकीकरणमा फाल हान्दा हाम्रा सांस्कृतिक धरातललाई बेवास्ता गरिनु हुन्न भन्ने मूल आशय लेखकको देखिन्छ ।

जब राजनीतिले विगतको प्रणाली र आजको सामाजिक संरचनाबीचको मानवीय सम्बन्धलाई बुझ्न सक्दैन, तब समस्या जन्मन्छन् । हाम्रो संस्कार र प्रणालीमा रहेका सकारात्मक पक्षलाई चिन्न सकेनौं भने भविष्यको बाटो अन्योलपूर्ण रहने अवधारणा जेरार्डको छ । नेवार समुदायसँग घुलमिल भएरै त्यस समुदायका अन्तरकुन्तर खोतलेका उनको लेखनीमा मानवशास्त्रका सैद्धान्तिक कसी मिहीन रूपमा आइहाल्छ । पुस्तकमा इतिहास र राजनीतिको अन्तरसम्बन्धलाई तथ्य र परिणामका आधारमा सूक्ष्म विश्लेषण गर्दै हाम्रा परिकल्पनामा रहेका कमजोरीसमेत छर्लंग पारिएको छ ।

■ प्रस्तुति : गुरुङ सुशान्त



इतिहाससँग रङ संवाद

आफूलाई २८ वसन्तको लक्का जवान ठान्छन्, चित्रकार हरिप्रसाद शर्मा, ८२, । नसोचून् पनि किन ? प्रदर्शनी हुने अघिल्लो दिन पनि क्यानभासमा चित्र कोरिरहेका थिए । मल्लकालीन राजा प्रताप मल्ल मस्तमौला मुडमा मोहनचोकमा केटीहरूसँग होली खेलिरहेको चित्र छ, नेपाल कला परिषद्मा जारी प्रदर्शनीमा । पेन्टिङको छेउमा लेखिएको छ, वर्क इन प्रोग्रेस ।

कलाकार हरिप्रसादले ६ वर्षको उमेरमै रङसँग संवाद गर्न थाले । अरू जात्रा, रमाइलो, प्रकृतिको आनन्दमा घोत्लिँदा उनी भने कसले के लगायो, तिनका आकृति, भावभंगी र नापनक्सा हेर्न व्यस्त रहन्थे । धेरैले रूख हेर्छन्, रूखका चरा हेर्छन् तर उनी भने रूखको रङ हेर्थे । त्यसको 'कम्पोजिसन' मा ध्यान दिन्थे ।

रूद्रीपाठ गर्ने पण्डितको छोराले चित्र बनाउन थाल्यो भनेर बाले पीर नगरेका होइनन् । तर काठमाडौंको लगनटोलमा हुर्किएका उनलाई नेवारी संस्कृति, परम्परा, रहनसहन, चाडपर्व, जात्रा, नाचगान, गीतसंगीतले कलाकार बनायो । ११ वर्षको छँदा बाले जीवनरत्न शाक्यकहाँ पठाए । कालिदास श्रेष्ठ र चन्द्रमान मास्केबाट चित्रकलाका व्यावहारिक ज्ञान सिके । ००७ देखि ५ वर्ष जुद्धकला पाठशालामा फाइन आर्ट पढे । उनलाई नपढेको कलाकार भन्लान् भन्ने साह्रो पीर लाग्थ्यो । कलेज जानुपर्छ भन्ने सोचले २५ वर्षको उमेरमा एसएलसी गरे । घरेलु तथा साना उद्योग, राष्ट्रिय संग्रहालय र नेपाल एयरलाइन्समा डिजाइनरका रूपमा काम गरे । ३२ वर्ष सरकारी जागिरपछि अवकाश लिए ।

उनले इतिहासका विषयमा चित्र कोरेका छन् । विवादित विषयमा बनाउँदा इतिहासकारलाई सोध्छन्, किताब पढ्छन् । शिलापत्र, ताम्रपत्रलाई आधार मान्छन् । हरिप्रसादले ०३० मा प्रथम चित्रकला प्रदर्शनी गरेका थिए भने ०५९ दोस्रो पटक गरेका थिए । प्रदर्शनीमा उनले नेवारी संस्कृति र परम्परामा आधारित चित्र, अरनिकोको चीन यात्रा, पृथ्वीनारायण शाहको १८२५ सालको इन्द्रजात्राको दिन काठमाडौं विजयलगायत ४५ वटा चित्र छन् । भन्छन्, "मैले ३ भाग अध्ययन र अनुसन्धानबाट जे

सफलता होइन, जीवन ठूलो

फिल्म :*छिछोरे*
★★★☆☆

छोराले चिकित्सा अध्ययनका लागि प्रवेश परीक्षा दिएका छन् । बाबु रक्सीको बोतल छोराका अगाडि राखेर भन्छन्, 'तिम्रो नाम निस्केपछि सँगै पिउनुपर्छ ।' कदाचित नाम ननिस्के के गर्ने, त्यो भने बताउँदैनन् । छोरा फेल हुन्छन् । मानसिक दबाब थेग्न सक्दैनन् । घरको छानाबाट हाम फालेर आत्महत्या प्रयास गर्छन् । नितेश तिवारी निर्देशित फिल्म *छिछोरे*का मुख्य पात्र बाबुले बल्ल चाल पाउँछन्, कम्तीमा फेल हुँदाको पनि विकल्प राखेको भए छोराले मर्ने कठोर निर्णय गर्दैनथ्यो । दिमागमा गम्भीर चोट लागेको छोरालाई नयाँ जीवन दिन बाबुले के-के गर्छन् ? फिल्म यही सवाल वरपर घुमेको छ । बाबु अनिरूद्ध बनेका छन्, सुशान्तसिंह राजपुत । छोरा राघवचाहिं मोहम्मद समद ।

*छिछोरे*मा नितेशले संवदेनशील विषयलाई विश्वसनीय र मनोरञ्जनात्मक ढंगले व्यक्त गरेका छन् । किशोर-किशोरीमा पढाइको बोझ, होस्टेल जीवन र सम्बन्धविच्छेदका विविध रूपरेखालाई पटकथामा बुनिएको छ ।

छोराको उपचारमै खटिरहेका बेला अनिरूद्धका कलेज पढ्दाका साथी अस्पताल आइपुग्छन्, सेक्सा (वरूण शर्मा), डेरेक (ताहिर राज), एसिड (नवीन पोलिसेट्टी) आदि । उनीहरूसँगै पढेकी राघवकी आमा माया (श्रद्धा कपुर) अस्पतालमै हुन्छिन् । तर अनिरूद्धसँग उनको सम्बन्धविच्छेद भएको हुन्छ । होस्टेल 'लुजर्स' का रूपमा चिनिने अनिरूद्धको समूहको दाग हटाएको र अन्य रमाइला पल राघवलाई सुनाउँछन्, जसले 'थेरापी' झैं काम गर्छ ।

*छिछोरे*मा एकसाथ सन् नब्बेको दशक र अहिलेको समयलाई देखाइन्छ । मुख्य कलाकार सबैका दुई हुलिया छन् । नितेशले

फेला पर्‍यो, त्यही बनाएको छु । एक भाग कल्पनशीलता आधारित छ ।”

इतिहासका विषयमा चित्र बनाउन सहज पक्कै छैन । शनिबारपिच्छे अर्थशास्त्रका प्राध्यापक छोरा विष्णुप्रसादको मोटरसाइकल पछाडि बसेर काठमाडौं, पाटन, भक्तपुर, ठिमी, हरिसिद्धि, चापागाउँ, चोक र वहाल चहार्दै, फोटा खिच्दै, मानिससँग कुराकानी गर्दै फर्किएको उनी सम्झन्छन् । उनी अध्ययन, अनुसन्धानदेखि क्यानभासमा चित्र कोर्दासम्मको पूरै प्रक्रियालाई रमाइलो मान्छन् । भन्छन्, “चित्र बनाउन बस्दा लाग्छ, म दर्शक हुँ । ती पात्र र वस्तु आफैं त्यहाँ आएर बस्छन्, मैले ब्रसले चलाउने मात्र हो ।”

०५२ मा पत्नी राधादेवीको देहान्तपछि घरमै राधाकुटी आर्ट ग्यालरी बनाएका हरिप्रसादको पृथ्वीनारायण शाहले दिव्योपदेश दिइरहेको चित्र अद्भुत लाग्छ । नुवाकोटको दरबारमा अन्तिम समय भाइभारदारलाई दिएको सन्देश लियोनार्दो दा भिन्चीले जिसस क्राइस्टको अन्तिम भोजको दृश्य कैद गरेको द लास्ट सपरजस्तै चमत्कारी छ । उनलाई शासनसत्ता र नागरिकले पृथ्वीनारायणलाई अपहेलना गरेको मन पर्दैन । प्रश्न गर्छन्, “उनले उतिबेला एकीकरण नगरेको भए नेपाल कहाँ हुन्थ्यो ?”

■ सुनिता लोहनी

सुन्दर शैलीमा ‘फ्ल्यासब्याक’ खोतल्दै लगेका छन् । अनिरूद्धको समूहको विगत मनस्थिति र आजको मनोविज्ञानमार्फत उमेरसँग आउने परिवर्तन अनुभूत हुन्छ । खासमा उनीहरूले आफ्ना अनेक गल्तीमा स्वीकारोक्ति गरिरहेका हुन्छन् । यसले जीवनबाट हरेश खाएर मृत्युको बाटो रोजेका राघवलाई हौसला दिन्छ । जीवनमा सफलता ठूलो कुरो नभई जीवन नै ठूलो हो भन्ने बोध गराउनु फिल्मको सशक्त पाटो हो ।

छिछोरे कालजयी होइन तर सूत्र र बजारू मसलाबाट आतंकित बलिउडमा यसको उपस्थिति सकारात्मक मान्नुपर्छ । कम्तीमा फिल्म हेरिसकेपछि दर्शकमा सवाल पैदा गर्छ, खासगरी हाम्रो शैक्षिक प्रणालीको सम्बन्धमा ।

■ गोकर्ण गौतम

८ प्रश्न | दिनेश खड्कालाई

‘स्याउ नबिके दसैं मानिंदैन’

‘कस्टमरदेखि कृषक’ सम्म अभियानमा छन्, ‘एप्पल गार्डेन इन जुम्ला’ का दिनेश खड्का, २४ । उनले ७ वर्षदेखि जुम्लाका बगानबाट ल्याएर काठमाडौंबासीलाई स्याउ खुवाइरहेका छन् ।

जुम्लाको स्याउ काठमाडौं ल्याउने योजना कसरी बन्यो ?

०६९ सालमा गाउँका अग्रज स्याउ लिएर काठमाडौं आउने भए र मलाई पनि काम गर भने । म आफ्नै बगानको ५०-६० कार्टुन स्याउ लिएर आएँ । तर ढुवानी यति महँगो भयो कि जुम्लामा ३५-४० रूपैयाँ प्रतिकिलोमा किनेको स्याउ काठमाडौंमा नबिकेपछि कालीमाटीमा किलोको २५ रूपैयाँमा बेचेर फर्कियौं ।

घाटा भएपछि यो काम छाड्न मन लागेन ?

एकपल्ट सफल नहुँदैमा हार खाने मेरो बानी छैन । साथीहरूले त भनेका थिए, छाडौं । तर मैले मानिनँ । यो कामबाट स्थापित हुन्छु भन्ने अठोट लिइसकेको थिएँ ।

पढाइ र व्यापार सँगसँगै लैजान गाह्रो भएन ?

स्याउको व्यापार भदौदेखि कात्तिकसम्म मात्र हो । बाँकी समय पढ्ने । बीबीएसको अन्तिम परीक्षा दिएर बसेको छु । सुरु-सुरुमा त काठमाडौंमा पढ्न सकेन र स्याउ बेच्यो पनि भने ।

पहिले र अहिले जुम्ली स्याउको बजारमा के फरक छ ?

पहिले राम्रा-नराम्रा सबै एकै ठाउँ बेच्थ्यौं । अहिले ग्रेडिङ गरेर बेच्छौं । जुम्लादेखि यहाँसम्म ल्याउन पहिलेभन्दा बाटो सुधार भएको छ । काठमाडौं मात्र होइन, बाहिर पनि अर्गानिक सामानको मूल्य बुझ्ने बढेका छन् ।

अर्गानिक भनेर प्रमाणित चिह्न छैन त ?

जुम्लाको स्याउ शतप्रतिशत अर्गानिक हो । कृषि कार्यालयले सामान पास गराउँदा अर्गानिक उत्पादनको पत्र दिन्छ ।

परीक्षण पनि गर्छ ?

केमिकल हालेको थाहा पाए त बाली नै नष्ट गरिदिन्छ । खेतीमा बेलाबेला अनुगमन हुन्छ ।

जुम्लाको सबै स्याउले बजार पाएको छ ?

मलाई अहिले पनि थुप्रै किसान स्याउ किनिदिनुपर्‍यो भनेर फोन गर्छन् । चन्दननाथ नगरपालिकाकी एक बूढीआमैले रूँदै स्याउ नबिकेर दसैं मान्न पाइएन भनेपछि ३५ हजारको स्याउ उठाइदिएँ । स्याउ नबिकेर दसैं मान्न नपाउने थुप्रै छन् ।

बजार नपाउनुको कारण ?

व्यक्तिगत पहलले पुग्दैन । सरकारले किसानका स्याउ किनिदिने व्यवस्था हुनुपर्छ । कम्तीमा सिजनभरि स्याउ आयात रोकिदिए सहज हुन्छ । भारतमा यस्तो अभ्यास छ ।

■ मनबहादुर बस्नेत



पूर्वमा स्रष्टा जमघट

पर्यटनका लागि साहित्य

इलाम साहित्य महोत्सव २०७६

इलाम चियाका लागि मात्रै होइन, साहित्यको रसास्वादनका लागि पनि प्रसिद्ध छ । उदाहरणका हो, इलाम साहित्य महोत्सव । ३ र ४ असोजमा हुने कार्यक्रममा साहित्य, संगीत, संस्कृति, राजनीति, आख्यान, सिनेमा तथा पर्यटनबारे चर्चा हुनेछ । काव्यिक मन बोकेर आउनेछिन्, कवि मोमिला जोशी, गौतम बुद्ध सभाहलमा । मानकमाथि प्रश्नको सामना गर्नेछन्, राजन मुकारूङ, मिश्र वैजयन्ती र उज्ज्वल प्रसाईले । यस्तै, सीमा आभास, कृष्ण धरावासी, सञ्जीव उप्रेती, प्रदीप गिरिलगायतका वक्ता हुनेछन्, छलफलमा ।

कार्यक्रममा 'अ' मा अल्फेको इलामबारे विशेष बहस हुनेछ । इलाममा अकबरे, अदुवा, अलैंची, अम्लिसो र ओलन गरी ५ 'अ' को खेती, उत्पादन र निर्यात अधिक छ । तर यसबारे बाहिरी जगत्ले उति चासो दिएजस्तो लाग्दैन । यस्तै, 'किन बिक्न छाड्यो ?' शीर्षकमा आख्यानबारे विमर्श गरिँदै छ । विश्वप्रकाश शर्मा र योगेश भट्टराई 'गणतन्त्र कसबाट खतरा ?' बारे बोल्दै छन् । गीतको दुःखमा गीत-संगीतबारे चर्चा हुंदै छ भने 'सिनेमा र सन्देश' मा नायिका स्वस्तिमा खड्का गफिनेछिन् । काव्य साँझमा दमदार प्रस्तुति दिनेछन्, स्रस्टाहरूले । पहाडी जिल्ला इलाममा साहित्यको रसास्वादन गर्न नजाने ?

फूलबुट्टे सन्ध्या

यतिबेला फूलको सिजन होइन तर फूलप्रेमीलाई बगैँचामा नभएर केही छैन ? हैन भने, हेर्नुस् त फूलबुट्टे सर्ट र कलेजी रङको प्यान्टमा सजिएकी मोडल सन्ध्या केसीलाई । वसन्तको बहारझैं लाग्ने हल्का नीलो सर्टमा उनी फूलझैं सुन्दर देखिन्छिन् ।



सिद्धार्थ अमालगम

कलाको पर्यायवाची बनेको छ, बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरी । ग्यालरीको ग्राउन्ड फ्लोरमा धार्मिक आस्था बोकेका र ल्यान्डस्केप चित्र क्रमबद्ध मिलाएर राखिएको छ । यस्तै, नारी हकका कुरा, अमूर्त चित्र, ०७२ को भूकम्पको सम्झनामा कुँदिएका सिर्जना राखिएका छन् । यस वर्ष प्रिन्टमेकिङ, मूर्ति, न्यु मिडिया र पेन्टिङ प्रदर्शनीमा छन् ।

ग्यालरीमा करिब ५० कलाकारका १ सयभन्दा बढी सिर्जना राखिएका छन्, अमालगम शीर्षकमा । प्रवेशद्वारको देब्रेपट्टि नै भेटिन्छन्, प्रिन्टमेकिङमा अग्रज कलाकार उमाशंकर साहको चित्र । इचिङ माध्यममा बनेको तस्बिरमा काल्पनिक उपत्यका छ । उपत्यकाका ३ वटै सहरको मिश्रण एकै ठाउँमा । नेपाली कलाको अध्ययन र प्रवर्द्धनमा दशकौं बिताइसकेकी क्युरेटर संगीता थापा भन्छिन्, "साहका चित्रमा सधैं घाट हुन्छ । मन्दिर र घर, सबै कोठामा बत्ती बल्छ । तर पूरै सहर सुनसान । कस्तो अनौठो शान्ति ?"

क्युरेटर थापा र कलाकार शशीकला तिवारीले संयुक्त रूपमा ०४३ मा स्थापना गरेका थिए, सिद्धार्थ ग्यालरी । अंग्रेजी महिनाको 'सेप्टेम्बर कलेक्सन' भन्दै कलाकारका सिर्जना प्रदर्शन सुरू गर्दै आएकामा पछि मनसुन कलेक्सनमा परिणत भयो । यसबीच थुप्रै ग्यालरी जन्मे । मनसुन कलेक्सन अरूले पनि गर्न थालेपछि थापाले अमालगम शीर्षकमा प्रत्येक वर्ष प्रदर्शनी गर्न थालिन् । थापाका अनुसार अमालगममा अग्रजदेखि नवकलाकार सबैलाई एउटै प्लेटफर्म दिएर तिनका कला दर्शकसामु प्रस्तुत गर्नु हो । भन्छिन्, "थुप्रै कलाकारले पेन्टिङ प्रदर्शनीका लागि स्पेस माग्छन् । सबैलाई सिंगो स्पेस दिन सक्दैनौं । त्यही कारण वर्षमा एकपल्ट भए पनि सबै कलाकारलाई समावेश गर्छौं ।"

७ वर्षदेखि प्रदर्शनी भइरहेको अमालगमको एउटा अर्थ हुन्छ, टुक्रा जुन जोड्दा पूर्ण बन्छ । अग्रज कलाकार गोपाल कलाप्रेमीदेखि नवकलाकार मीन थापासम्मका चित्रले सजिएको प्रदर्शनी साँच्चै पूर्ण लाग्छ । २२ भदौबाट सुरु प्रदर्शनी १ असोजमा बन्द भई १४ असोजदेखि १२ कात्तिकसम्म पुनः चल्नेछ ।

किम्फको सर्ट फिल्म

चलचित्र हेर्न कसलाई मन पर्दैन ? यदि बनाउन पनि सिपालु हुनुहुन्छ भने अवसर आएको छ । काठमाडौं अन्तर्राष्ट्रिय पर्वतारोहण चलचित्र महोत्सव (किम्फ) ले सर्ट फिल्म प्रतियोगिताका लागि आह्वान गरेको छ ।

परिवर्तित नेपाल शीर्षकमा देखाइने सर्ट फिल्म ३ मिनेटको हुनेछ । नेपालको यात्रा, ०४६ को

प्रजातन्त्र, दशक लामो माओवादी द्वन्द्व, संक्रमणकालीन नेपाल र गणतन्त्रमा प्रवेशजस्ता विषयमा फिल्ममेकरको दृष्टिकोण प्रस्तुत गर्न किम्फले भनेको छ । १९ भदौबाट २९ कात्तिकसम्म प्रतियोगिताका लागि भिडियो पठाउन सकिनेछ । छनोट भएका भिडियोलाई किम्फको सत्रौं संस्करण डिसेम्बरमा देखाइनेछ । उक्त प्रतियोगितामा पहिलो, दोस्रो तथा तेस्रो हुनेले क्रमशः ४० हजार, ३० हजार र २० हजार रूपैयाँ पाउनेछन् ।

महेश प्रधान

याला ब्रन्च

पर्यटकीय हब ठमेल खानापारखीमा उत्तिकै प्रख्यात छ । ठमेलमा यस्ता थुप्रै रेस्टुराँ तथा क्याफे छन्, जहाँ खाना तथा खाजा खान सक्नुहुन्छ, अरूलाई खुवाउन सक्नुहुन्छ । क्वाँबालमा रहेको याला क्याफेमा याला स्पेसल ग्रिल्ड चिकेन, एग बेनेडिट, फिस फिलेट, याला ब्रन्च प्रसिद्ध छ । स्वदेशी र विदेशी पाहुना धाइरहने याला क्याफेमा तपाईं पनि जाने कि ?

नोटबुक

विप्लव भट्टराई

श्रापको ध्वाँस

मंसिर ०७५ मा पश्चिम बंगालको राजधानी कोलकाता घुम्ने लक्ष्य थियो, कालीमन्दिर दर्शन । हिन्दु धर्मावलम्बीले श्रद्धासाथ पुज्ने मन्दिर पुग्दा भने त्यहाँको वातावरणले मन अमिलो भयो । किनभने मन्दिर दर्शन गर्न बाहिरबाटै सेटिङ मिलाउनेहरूले डोऱ्याएरै भित्र पुऱ्याउने अनि दर्शनको नाममा नानाभाँती भन्दै रकम असुल्दा रहेछन् ।

पाँचथरका पत्रकार गिरिराज बाँस्कोटासँगै हामी मन्दिर दर्शनका क्रममा केही रकम जबर्जस्ती बुझाउन बाध्य भयौं । तर कालिको मूर्तिलाई साक्षी राखेर श्राप पाइने र जीवनमा धोका हुने बताएर ५ सयदेखि २ हजार भारू असुल्ने उनीहरूको नियत थाहा पाएपछि अचम्मित भयौं । बेलुकी साल्टलेक स्टेडियम बसाइका क्रममा अरू साथीहरूले पनि ठगीका घटना सुनाए ।

जुनसुकै समय भीडभाड हुने हुग्ली नदी तीरको कालिमन्दिरको व्यथा त्यहां पुग्ने सबैको उस्तै हुंदो रहेछ । 'भित्र भीआईपी दर्शन चलिरहेको छ । छिटो दर्शनका लागि थोरै खर्च गरे पुग्छ' भन्दै आसेपासेले लाइन मिलाएपछि टाढाबाट आएका तीर्थालु फन्दामा पर्दा रहेछन् ।

भीख माग्ने पेसा

दुई साताअघि बिहारको तीर्थस्थल गया पुग्दा उस्तै प्रवृत्ति देखियो । पितृ उद्धारका लागि भन्दै बर्सेनि हजारौं नेपाली पुग्ने लक्ष्मीनारायण मन्दिर परिसर नपुग्दै उही हर्कत देखियो । मूर्ति दर्शन तीर्थालुको इच्छाको विषय भए पनि त्यहाँका पण्डाले जबर्जस्ती पैसा चढाउन लगाउँदा रहेछन् । नजिकैको अर्को मन्दिरमा त बच्चादेखि तन्नेरी अनि पाकासम्म सबै भिखारी । पाखुरा बजाएर कचौरी ठटाउँदै पैसा मागेको देख्दा लाग्यो, 'काशीका कावा' भन्ने ठीकै रहेछ। यद्यपि यो काशी भने थिएन ।

हामी गयाकै अर्को धार्मिक स्थल बोधगयातर्फ हान्नियौं । बुद्धले ज्ञान प्राप्त गरेको बोधी वृक्षसहित अशोक स्तम्भ, विभिन्न देशले बनाएका भव्य बौद्ध मूर्ति र विहारले सजिएको यो स्थानमा पनि आगन्तुकलाई फोटो बेच्नेदेखि गाइडसम्मले सताउंदा रहेछन् ।

फोटो किन्न ३ दर्जनजतिले एक नेपाली महिलालाई घेर्दा उनी झन्डै बेहोस देखिइन् । ती महिलाले प्रतिवादस्वरूप भनिन्, "मैले लैजाने एउटा फोटो हो तर किन यति धेरैले घेरेको ?"

ठगीका शृंखला

बोधगयामा ठगका अनेक फन्डा रहेछन् । केही वर्षअघि दिल्लीबाट फर्किने क्रममा हाम्रो रूट पटना, सहर्सा, पूर्णिया हुंदै विराटनगर छिर्ने थियो । पूर्णियामा रेलबाट उत्रिएर जोगबनीको बस चढ्न हतार भएका बेला हामीमाथि गज्जब नाटक रचियो । पैदल हिंडिरहेका बेला बीच बजारमा एक व्यक्ति औंठी चोरेर भागिरहेका थिए । करिब ५० मिटरपछि दौडिंदै आएका अर्को व्यक्तिले भने, "मेरो हातको औंठी चोरेर त्यो मान्छे भागिरहेको छ, समाउन सघाउनुपऱ्यो ।"

हामी छक्क पऱ्यौं । उनी प्रस्ट नेपाली भाषा बोल्थे । केही बेरमै अर्को व्यक्तिले हामीलाई भने, "मसँग १ तोलाको सुनको औंठी छ, किन्ने हो ?" हामीले लख काट्यौं, पक्कै पनि यो व्यक्ति चोर हो । सुरुमा १० हजार भारू भनेको औंठी मूल्य घट्दै ५ सयमा दिन सहमत भयो । पुलिस स्टेसन पुगेर सामग्री किन्छौं भनेपछि मात्र ऊ साइड लाग्यो । सुन चोर्ने, खेद्ने र पछि हामीलाई बिक्री गर्ने एउटै समूह भएको लख काट्न कठिन भएन । त्यही दिन बिहान सहर्सास्थित घुरन मास्टरको घरमा बास बसेर रेलवे स्टेसन जाने क्रममा रिक्सामै छुटेको ब्याग स्टेसनसम्मै आएर दिने रिक्सावालाको गुन पनि हामीसँग ताजै थियो ।

बनारस पनि उस्तै

बनारसस्थित रेलवे स्टेसनबाट निस्कनेबित्तिकै अटोमा चढ्न र होटल पुऱ्याउने भन्दै आएको ताँतीले अनिंदो ज्यानमा झन आलस्य थप्यो । बनारसको उदेकलाग्दो ट्राफिक झन्झट अनि गल्ली । रामनगरस्थित म्युजियम घुमघामपछि काशी हिन्दु विश्वविद्यालय र त्यसकै परिसरमा रहेको विश्वनाथ मन्दिर दर्शन गर्ने योजना बुनेका थियौं ।

रामनगरबाट गंगा तर्दै त्यता जाने क्रममा अटोवालाको अर्को दादागिरी सहनुपऱ्यो । ड्राइभरको गल्तीले बाटो भुलिए पनि थप रकमको माग गरेकाले हामी सँगै रहेका बनारसकै वासिन्दा सुरेन्द्र त्रिपाठी जंगिए, "टाढा-टाढाबाट आएकालाई सानोतिनो कुरामा झमेला दिने गरेकाले पवित्र काशीलाई बदनाम बनाउँदै छौ ।"

बनारस क्षेत्रका मठमन्दिर दर्शन गरे मोक्ष पाइने विश्वासमा बर्सेनि हजारौं नेपाली त्यहां पुग्ने गर्छन् । गंगा किनारको रमाइलो साट्न भन्दै त्यहाँ पुगेका हामीलाई डुंगावालाको बार्गेनिङले हतोत्साही बनायो । आधा घन्टा घुमेको २ हजार ८ सय भारू मागियो । तर बेलुकीको गंगा आरती हेर्न क्रममा डुंगा चढेर जाँदा भारू १२ सय मात्र तिऱ्यौं । ने

Mahindra
Rise.

धेरैलाई अफरले लोभ्याउँछ
तर Scorpio Pik Up रोज्नेले

अफरभन्दा बढी बचाउँछ

झन् धेरै फिचर, झन् धेरै फाइदा पाउँछ

2x पावर
- 2.2 mHawk engine with 140 BHP power
- 320 NM Torque
- 6 forward + 1 reverse gear transmission
- Microhybrid Tech

यो सेगमेन्टमै सबैभन्दा सुरक्षित
- Dual Airbags
- ABS
- Control lock with remote control and alarm
- ISOFIX Anchors for child safety

यो सेगमेन्टमै सबैभन्दा आरामदायी र स्टाईलिश
- Air Conditioning
- Power Window
- Driver Information Display
- Hydraulic Bonnet Struts
- Bluetooth Connectivity
- Projector Headlamps
- Rear Demister
- Fog Lamps

*शर्तहरू लागू हुनेछन्

From the makers of SCORPIO
THE NEXT GENERATION
Mahindra
PIKUP
रु. ३७,६०,०००*/- बाट शुरु

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330
Naxal Showroom: 01-4415368, 9801305300, Naxal Bhagwati Bahal Showroom: 9851241085
Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259
Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners: NLG, सगरमाथा इन्स्योरेन्स क. लि. Sagarmatha Insurance Company Ltd., VIP
Genuine Mahindra Four Wheelers Spare Parts, Mahindra MAXIMILE Genuine Lubricants, Mahindra Genuine Accessories

Url: mahindrapikupnepal.com **Email:** marketing@agnigroup.com.np
Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell)
www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU & SILICON
घाम-पानी छेक्छ,
१० वर्ष टिक्छ
Since 1760
Lewis Berger
Paint your imagination
का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८
XP ADVANCED
Since 1760
Lewis Berger
Paint your imagination
WEATHERCOAT
LONG LIFE
EXTERIOR EMULSION WITH PU
PU & SILICON TECHNOLOGY
REPELS HEAVY RAIN
10 YEAR WARRANTY
चर्को घामबाट बचाउँछ
मुसलधारे वर्षाबाट जोगाउँछ
१० वर्ष वारेन्टी